# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क २० पूर्णाङ्क ६९ | २०७४ मंसिर ४ गते सोमबार | Monday, November 20, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## प्रचण्डलाई पुत्रशोक



काठमाडौं । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'लाई पुत्रशोक परेको छ । प्रचण्डका एकमात्र छोरा प्रकाश दाहालको आकस्मिक हृदयघातका कारण आइतबार विहान निधन भएको छ ।

पशुपति आर्यघाटमा आइतबारै साँझ प्रकाशको अन्त्येष्टि गरिएको छ । माओवादी केन्द्रका अध्यक्ष समेत रहेका बुवा पुष्पकमल दाहालले प्रकाशको पार्थिव शरीरमा दागबत्ती दिएका थिए । प्रकाशलाई ...बाँकी ७ पेजमा

# देजमोको भण्डाफोर अभियान तीव्र

● वर्गदृष्टि संवाददाता





देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरुले देशैभर प्रतिक्रियावादी व्यवस्था, सत्ता र संविधानका विरुद्धको भण्डाफोर अभियानलाई तीव्र पारेर लगेका छन् ।

निर्वाचनको मिति नजिकिदै जाँदा देजमोका उम्मेदवारहरु सम्भव भएका ठाउँमा ठूल्ठूला सभाहरुको आयोजना गर्ने, कोणसभा, टोलसभा, जनभेटघाट, घरदैलोलगायतका कार्यक्रमहरुको आयोजना गर्दै भण्डाफोर र चुनावी प्रचार अभियानलाई तीव्र रुपमा अगाडि बढाएका छन् ।

**निर्वाचन क्षेत्रमा चुनावी कार्यालयको स्थापना**

हामीलाई प्राप्त जानकारी अनुसार काठमाडौं उपत्यकालगायत सबै ७ वटै प्रदेशअन्तर्गतका जिल्लामा निर्वाचन क्षेत्रस्तरीय चुनावी कार्यालयहरु स्थापना गरिएका छन् । मोर्चाले लिएको उद्देश्यनुरुप निर्वाचनको कामलाई व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गर्न यस्तो कार्यालयको स्थापना गरिएको छ । कार्यालय स्थापना गरेपछि जनसम्बन्ध र जनपरिचालन प्रभावकारी बनेको देजमोका उम्मेदवार हरुले बताउने गरेका छन् ।

कतिपय जिल्लामा पार्टी कार्यालयसमेत नभएको अवस्थाममा निर्वाचनको उपयोगको दौरान स्थापना गरिएका चुनावी कार्यालयले जनतामा क्रान्तिकारी माओवादी र देजमोलाई स्थापित गरेको र पार्टी तथा मोर्चाका बारेमा जनताको भ्रम चिर्दै भण्डाफोर अभियानलाई व्यवस्थित बनाउन सहज भएको मोर्चाका नेताहरुले बताएका छन् ।

**निर्वाचन परिचालन समिति र विभिन्न उपसमितिहरुको निर्माण**

चुनावी माहौललाई देजमोका उम्मेदवारहरुको पक्षमा पार्न विभिन्न जिल्लाको स्थिति अनुसार निर्वाचन परिचालन समितिहरु निर्माण गरिएका छन् । यसरी निर्माण गरिएको परिचालन समिति अन्तर्गत रहने गरी आवश्यकता अनुसार विभिन्न उपसमितिहरु निर्माण गरिएका छन् । प्राप्त जानकारी अनुसार आर्थिक, प्रचार प्रसार, स्वयम्सेवकलगायतका उपसमितिहरु निर्माण गरिएका छन् ।

जिल्ला तथा निर्वाचन क्षेत्र स्तरीय देजमोका बैठकबाट यस्ता समितिहरु निर्माण गरेर जनपरिचालनलाई तीव्र बनाइएको छ । यसरी निर्माण गरिएका समितिहरुले केन्द्रीत र विकेन्द्रीत रुपमा पर्चा तथा घोषणा पत्र बाँड्ने, पम्प्लेटिङ तथा पोष्टरिङ गर्ने, तुल, व्यानर झुण्डयाउनेलगायतका कार्यहरु गर्ने, जनभेटघाट, घरदैलो, कोणसभा, तथा टोलसभाका कार्यक्रमहरुलाई व्यवस्थित पार्ने कार्यहरु गरिएको छ ।

**व्यापकरुपमा भण्डाफोर सभाहरुको आयोजना**

पछिल्लो हप्ता देजमोले व्यापक रुपमा भण्डाफोरसभाहरुको आयोजना गरिएको छ । सिरहाको सुकीपुर, सर्लाहीको बसतपुर, दोलखाको दक्षिणी क्षेत्रमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलको प्रमुख आतिथ्यतामा चुनावी तथा भण्डाफोरसभाहरु सम्पन्न भएका छन् ।

त्यसैगरी भोजपुर सदरमुकाम भोजपुरमा १ नं. प्रदेशका देजमो संयोजक नगेन्द्र राईको प्रमुख आतिथ्यतामा सभा सम्पन्न भएको छ भने यता दोलखामै ३ नं. प्रदेशका संयोजक पवनमान श्रेष्ठको प्रमुख आतिथ्यतामा जिल्लाको उत्तरी क्षेत्र सिंगटीमा सभा सम्पन्न भएको छ ।

उता रुपन्देहीमा क्रान्तिकारी माओवादीका ५ नं. प्रदेश संयोजक प्रेम सुवेदीको प्रमुख आतिथ्यतामा जिल्लाको चुनावी भेला सम्पन्न भएको छ भने बाग्लुङको बुर्तिवाङमा क्रान्तिकारी माओवादीका केन्द्रीय सल्लाहकार समितिका संयोजक तथा देजमोको तर्फबाट प्रतिनिधिसभा सदस्यका लागि समानुपातिकतर्फका उम्मदेवार प्रा.डा. ओम गुरुङको प्रमुख आतिथ्यतामा चुनावी सभा सम्पन्न भएको छ ।

जिल्लामा सामना साँस्कृतिक परिवारका कलाकारहरुले समेत चुनावी प्रचार तथा भण्डाफोर सभामा महत्वपूर्ण ...बाँकी ७ पेजमा

## थपलियाको गिरफ्तारीको संयुक्त भर्त्सना

ककाठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध लेखक, पत्रकार, कवि तथा साहित्यकारहरुले शनिबार एक संयुक्त वक्तव्यमार्फत् प्रगतिशील लेखक संघका उपाध्यक्षसमेत रहेका मार्क्सवादी लेखक तथा साहित्यकार खेल थपलियाको गिरफ्तारीको घोर भर्त्सना गर्दै थपलियाको अविलम्ब रिहाईका लागि माग गरेका छन् । यसरी थपलियाको रिहाइको माग गर्नेहरुमा अखिल नेपाल जनसाँस्कतिक महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवाली, नेपाल प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदिशचन्द्र भण्डारी, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, हिरामणि दुःखी, प्रा.डा. ताराकान्त पाण्डे, प्रा.डा. गोपिन्द्र पौडेल, प्रा.डा. नन्दीस अधिकारी, कवि तथा साहित्यकार मित्रलाल पंगेनी, कवि अनिल श्रेष्ठ, मोदनाथ मरहठ्ठा, परशुराम कोइराला, देवेन्द्र लम्साल, गौरी दाहाल, डा.सुकुम शर्मा, प्रा.डा. विश्वनाथ भण्डारी, छायादत्त न्यौपाने, मनोहर लामिछाने, डा. विदुर वस्ती, प्रा.डा. भवानी पाण्डे, विष्णु न्यौपाने, रामचन्द्र हुमागाइँ, विजयराज आचार्य, प्रभात सापकोटालगायत रहेका छन् ।

थपलिया नेत्रविक्रम चन्द'विप्लव' सम्बद्ध जनसाँस्कृतिक संघको महासचिव तथा जनपाटी अनलाइनको सम्पादक हुनुहुन्छ ।

मार्क्सवादी लेखक तथा साहित्यकारको रुपमा परिचित खेम थपलियालाई जिल्ला प्रशासनको आदेश भन्दै बागबजार स्थित प्रगतिशील लेखक सङ्घको कार्यालय परिसरबाट शुक्रकार प्रहरीले पक्राउ गरेको ...बाँकी ७ पेजमा

## देजमोका उम्मेदवारलाई विजयी गराउन किसानहरुलाई अनुरोध

● वर्गदृष्टि संवाददाता

चितवन । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसान संघ (क्रान्तिकारी)ले एक वक्तव्य जारी गरी जनविरोधी प्रतिक्रियावादी संसदीय व्यवस्था अन्तर्गत हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको क्रान्तिकारी उपयोग गर्दै दलाल नोकरशाही तथा सामन्तवादको भण्डाफोर गर्दै नयाँ जनवादी क्रान्तिको तयारीको लागि जनाधारा तयार गर्ने तथा संगठन विस्तार गर्ने उद्देश्यले देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको तर्फबाट प्रत्यक्ष तथा समानुपातिक तर्फ उम्मेदवार बनेका व्यक्तिहरुलाई विजयी गराउन आम श्रमजीवी किसानहरुमा हार्दिक अनुरोध गरिएको छ ।



देजमोको चुनाव चिन्ह

अनेकिसंघ (क्रान्तिकारी)का केन्द्रीय संयोजक भूमिश्वर कँडेलले उक्त वक्तव्य जारी गर्दै यस्तो अनुरोध गर्नुभएको हो ।

कँडेलले वक्तव्यमा भन्नुभएको छ, "जबसम्म नयाँ जनवादी व्यवस्था आउँदैन, तवसम्म देश स्वतन्त्र र आत्मनिर्भर हुँदैन ।"

नेपाल प्राकृतिक स्रोत र साधनले सम्पन्न भई वीरतापूर्ण इतिहासले भरिएको छ भन्दै नेपाली किसानहरु कठोर परिश्रम, त्याग र तपस्या गर्नबाट कहिल्यै पछि नपरेको वक्तव्यमा उल्लेख गरिएको छ । वक्तव्यमा मुलुक अहिले अर्धसामन्ती, अर्ध औपनिवेशिक तथा नवऔपनिवेशि अवस्थामा रहेकोले नयाँ जनवादी क्रान्तिर्फत् जनताको नयाँ जनवादी व्यवस्था स्थापना नगरेसम्म किसानवर्गको आर्थिकलगायतका कुनै पनि समस्याको वास्तविक समाधान नहुने जिकिर गरिएको छ ।

## 'हामीले खोजेको जनगणतन्त्र हो'



सिरहा । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले सिरहाको सुखीपुरमा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै मंगलबार मोर्चाका अध्यक्ष सीपी गजुरेलले आफूहरुले खोजेको जनगणतन्त्र भएको बताउनु भएको छ ।

चुनावी सभालाई सम्बोधन गर्दै भन्नुभयो,"अहिलेको कथित लोकतान्त्रिक गणतन्त्र यो देशका नोकरशाही तथा दलाल संसदवादी पुँजीपतिवर्गले कब्जा गरेको छ । यो तथाकथित लोकतान्त्रिक गणतन्त्र गुण्डा नाइके, तस्कर, भ्रष्टाचारी, माफिया, विदेशी दलाल, नवधनाढ्य, सम्भ्रान्त वर्गको लागि मात्र भयो, जनताको लागि हुन सकेन । त्यसैले हामीले खोजेको जनताको गणतन्त्र हो, जनगणतन्त्र हो ।'

अध्यक्ष गजुरेलले अहिले संसदवादी दलहरु जनतालाई खरिद गर्न लागिरहेको उल्लेख गर्दै एमाले- मोकेको कथित वाम र कांग्रेस-राप्रपालगयतको कथित लोकतान्त्रिक गठन्धन प्रतिक्रियावादी भएकोले यी दुवै गठबन्धन जनविरोधी र राष्ट्रविरोधी रहेको दावी गर्नुभयो । सरकार पनि जनविरोधी र राष्ट्रघाती रहेको चर्चा गर्दै अध्यक्ष गजुरेलले भन्नुभयो,"अरु देशमा नायकहरुले देश चलाउछन्, नेपालमा खलनायकहरुले देश चलाइरहेका छन् ।'

मुलुकका समग्र स्रोत साधनहरुलाएई अधिकतम उपयोग गरेर समृद्ध बनाउनुको सट्टा विदेशीहरुलाई कौडीको भाउमा बेच्ने काम गरिरहेको उल्लेख गर्दै उहाँले देश र जनताको रक्षाका लागि मुलुकमा नयाँ जनवादी क्रान्ति गर्नु अनिवार्य रहेको बताउनु भयो । संसदीय व्यवस्था, सत्ता र संविधानलाई फालेर मुलुकमा जनताको गणतन्त्र स्थापना नगरेसम्म गरिखाने जनताको ...बाँकी ८ पेजमा

## मुगाबे सत्ताच्यूत




एजेन्सी । विगत ३२ वर्षदेखि सत्ता चलाउँदै आएका जिम्बावेका अपदस्थ राष्ट्रपति मुगाबेको राजीनामाका लागि दबाब दिन राजधानी हरारेमा विशाल जनप्रदर्शन भएको छ । प्रदर्शनकारीले ३२ वर्षे मुगाबे युगको अन्य भएको भन्दै उत्सव समेत मनाएका छन् ।

प्रदर्शनकारीले उनीहरूले मुगाबेलाई बर्खास्त गर्न सेनाले खेलेको भूमिकाको समर्थन गर्दै उनीहरूलाई अंकमाल तथा जयजयकार गरेका छन् । एक प्रदर्शनकारीले जिम्बावेमा 'नयाँ कुराको सुरुवात' भएको जनाए । प्रदर्शनलाई सरकारी सेना तथा ...बाँकी ७ पेजमा

## संसदीय निर्वाचन र देशको भविष्य

दोस्रो संविधान सभाद्वारा पुरानै संसदीय बहुदलीय व्यवस्थाको आंशिक सुधारसहित पुनःस्थापना भएको छ । यसै व्यवस्थाअन्तर्गत स्थानीय निर्वाचन भइसकेको छ र अहिले प्रतिनिधि तथा प्रदेश सभाहरुको निर्वाचन हुन गैरहेको छ । यो वेला सकारात्मक र नकारात्मक दुबै दृष्टिले चुनावी माहोल तातिएको छ । ठीक यसै प्रसङ्गमा संसदीय व्यवस्था, निर्वाचन र देशको भविष्यबारे हाम्रा सामु कतिपय गंभीर प्रश्नहरु उपस्थित भइरहेका छन् ।

सबैभन्दा पहिलो कुरा त निर्वाचनमा थ्रेसहोल्डको व्यवस्था गरिएको छ । यसले साना र उदीयमान नयाँ पार्टीहरुको अस्तित्वका लागि जटिल समस्या पैदा गरिदिएको छ । अनावश्यक रुपमा धेरै पार्टीहरु बन्ने प्रक्रियामा यसले छेकबार लगाएको छ र यसलाई सकारात्मक पनि भन्न

***वर्तमान संसदीय व्यवस्थाको दार्शनिक आधार बहुलवाद हो भने राजनीतिक आधार बहुदलीय व्यवस्था । यदि यो कुरा साँचो हो भने थ्रेसहोल्डको व्यवस्था तथा गठबन्धनको प्रक्रियाले सत्ता र संसदमा प्रभावशाली पार्टी केवल दुई वा बढीमा तीनसम्म बन्न सक्लान् ।***



● मोहन वैद्य 'किरण'

सकिएला, तर को आवश्यक र को अनावश्यक भनेर कुन मापडण्डका आधारमा निर्धारण गर्ने ? यो पनि एउटा समस्या नै हो ।

अहिले देशमा कतिपय राजनीतिक दलहरु मिलेर दुई ओटा गठबन्धन पनि बनिसकेका छन् "लोकतान्त्रिक" गठबन्धन र "वाम" गठबन्धन । यी दुई गठबन्धनको बेग्लै स्वतन्त्र पहिचान र औचित्यबारे पनि अनेकौं प्रश्न उठ्न थालिसकेका छन् । वर्तमान सत्ता, व्यवस्था तथा संविधान, खुलाबजार अर्थतन्त्र, नव-उदारवाद- यी सबै दुवै गठबन्धनका लागि स्वीकार्य छन् । साथै, यी दुवैले साम्राज्यवादी तथा विस्तारवादी प्रभुहरुलाई रिझाउन पनि कुनै कसर बाँकी राखेका छैनन् । अनि यी गठबन्धनका बिच तात्विक अन्तर के रह्यो त ?

वर्तमान संसदीय व्यवस्थाको दार्शनिक आधार बहुलवाद हो भने राजनीतिक आधार बहुदलीय व्यवस्था । यदि यो कुरा साँचो हो भने थ्रेसहोल्डको व्यवस्था तथा गठबन्धनको प्रक्रियाले सत्ता र संसदमा प्रभावशाली पार्टी केवल दुई वा बढीमा तीनसम्म बन्न सक्लान् । अनि यस स्थितिमा बहुलवाद र बहुदलीय व्यवस्थाको औचित्य कसरी कायम रहन सक्तछ ? यो एउटा गंभीर सैद्धान्तिक प्रश्न हो ।

संसदीय व्यवस्थाको चुनावी राजनीतिबारे सबैलाई थाहा भएकै कुरा के हो भने सत्ता र पैसा यस राजनीतिका दुई अनिवार्य तत्व हुन् । अहिले सत्ताको दुरुपयोग र ...बाँकी ७ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# ध्रुवीकृत नेपाली राजनीति

काठमाडौं । नेपाली राजनीति तीनवटा मोर्चामा ध्रुवीकृत हुँदै गएको छ । एमाले-माकेको बाम मोर्चा, कांग्रेस-राप्रपालगायतको लोकतान्त्रिक मोर्चा र क्रान्तिकारी माओवादी नेतृत्वको देशभक्त जनगणतान्त्रिक मोर्चामा राजनीतिक ध्रुवीकरण तीव्रत्तर बनिरहेको छ । एमाले नेतृत्वको वाम मोर्चा र कांग्रेस नेतृत्वको लोकतान्त्रिक मोर्चा संसदीय व्यवस्थालाई सुदृढ गराउन चाहन्छन् भने क्रान्तिकारी माओवादीको नेतृत्वमा रहेको देशभक्त जनगणतान्त्रिक मोर्चा संसदीय व्यवस्था, सत्ता र संविधानलाई फालेर जनताको नयाँ जनवादी राज्यव्यवस्था स्थापना गराउन चाहन्छ । यसरी हेर्दा मुलुकमा अब मूलतः दुईवटा मोर्चामा राजनीति ध्रुवीकृत हुँदै जाने देखिन्छ । संसदीय मोर्चा र क्रान्तिकारी मोर्चा ।

आगामी दिनमा मुलुकको राजनीति मूलतः दुई ध्रुव अर्थात् संसदीय मोर्चा र क्रान्तिकारी मोर्चामा नै ध्रुवीकृत हुने देखिन्छ । एमाले र कांग्रेस नेतृत्वका मोर्चाहरु मिलेर वा आलोपालो अहिलेकै मौजुदा संसदीय व्यवस्थाको सत्तामा गएर शासन गर्ने सोचमा रहेका छन् भने क्रान्तिकारी माओवादी नेतृत्वको देशभ्क जनगणतान्त्रिक मोर्चा भने अहिलेको संसदीय व्यवस्था र नवउदारवादी अर्थतन्त्रका विरुद्ध नयाँ जनवादी राज्यव्यवस्थाको स्थापना गर्न चाहन्छ र त्यसका लागि नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको छ । अहिलेको निर्वाचनको उपयोग यही प्रतिक्रियावादी राज्यव्यवस्था, सत्ता, संविधान र संसदवादी राजनीतिक पार्टीहरुको भण्डाफोर गर्ने र क्रान्तिको लागि गाउँ गाउँमा सांगठानिक आधार निर्माण गर्ने, आमूल परिवर्तनका पक्षधर जनसमुदायलाई संगठित गर्ने उद्देश्यमा आधारित रहेर गरिरहेको छ ।

चौतर्फी रुपमा प्रतिक्रियावादी, संशोधनवादी तथा अवसरवादीहरुको बोलवाला रहेको, पार्टी तथा मोर्चाको सांगठानिक तथा आर्थिक आधार कमजोर रहेको वर्तमान अवस्थाको प्रतिकूलतालाई चिर्दै देजमोले प्रमुख भनिएका संसदवादी पार्टीहरुकै हाराहारीमा उम्मेदवारी दिएर धेरैले सोचे र आँकलन गरेभन्दा व्यापक र हस्तक्षेपपूर्ण रुपमा उम्मेदवारी दिएको छ । निर्वाचन उपयोगलाई संघर्षको नयाँ मोर्चा बताउँदै आएको देजमोले निर्वाचन उपयोगलाई साँच्चै संघर्षमय बनाएको छ । निर्वाचनको मिति नजिकिदै जाँदा देशैभर भण्डाफोर सभा, कोणसभा, टोलसभा, जनभेटघाट, पर्चा, पप्लेटिङ, वालपेन्टिङ तथा व्यानरिङलगायतका चुनाव प्रचारका कार्यहरु युद्धगतिमा भइरहेका छन् । सीमित स्रोधसाधनका बीचबाट असीमित कार्यहरु गर्नुपर्ने आवश्यकताका बीच सोचे र अपेक्षा गरेभन्दा राम्रा कार्यक्रमहरु देशैभर भइरहेका छन् । यसले साँच्चै पार्टी र मोर्चाको सिंगो पंक्तिलाई गतिशील, सिर्जनशील र संघर्षशील बनाएको छ भने आम जनताबीचमा मोर्चाका स्थानीयदेखि केन्द्रीय नेतृत्वलाई पनि स्थापित गरेको छ ।

मोर्चाको नीति र नेतृत्व स्थापित गराउँदै जनसंगठनहरु निर्माणमा राम्रा अवसरहरु निर्वाचन उपयोगको नीतिले प्रदान गरेको छ । त्यो अवसरलाई सही रुपमा समातेर अगाडि बढ्न स्थानीयदेखि केन्द्रीय नेतृत्वसम्मले तदारुकता देखाउन जरुरी छ । प्रतिक्रियावादी तथा संसदवादी पार्टीका उम्मेदवार तथा प्रतिनिधिहरुले राष्ट्रियता, जनतन्त्र र जनजीवीकाको क्षेत्रमा देखिएका विकराल समस्याहरु समाधान गर्ने होइन, अझ बढाएर लैजाने निश्चित छ । उनीहरुका जनविरोधी तथा राष्ट्रविरोधी कर्तुतहरुलाई जनतामाझ जति धेरै उदाङ्गो पार्न सक्यो, त्यति नै धरै क्रान्तिकारी पार्टी तथा मोर्चाको पक्षमा जनाधार निर्माण हुन्छ । तत् ठाउँमा जनताको बीचमा रहेर साँच्चै बैकल्पिक शक्तिको भूमिका निर्वाह गर्न क्रान्तिकारी माओवादी र मोर्चाको सिंगो पंक्तिले भौतिक र मानसिक रुपमा आफूलाई तयार पार्न जरुरी छ । जनताकै बीचमा रहेर मात्र नयाँ जनवादी क्रान्तिको तयारीलाई घनिभूत पार्न सकिन्छ । वस्तुगत परिस्थिति यति अनुकूल बनिरहेको छ कि क्रान्तिकारी शक्तिले पहल लिन मात्रै सक्नु पऱ्यो, क्रान्तिकारी माओवादी र देजमोको भविष्य उज्ज्वल छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# नियन्त्रित संसदवाद र हाम्रो कार्यदिशा


● परि थाप ●

संयुक्त अधिराज्य (बेलायत)लाई संसद र संसदीय व्यवस्थाको जन्मस्थानका रुपमा लिने गरिन्छ किनभने त्यहाँ राजनीतिक पार्टीहरु भन्दा पहिल्यै संसद र संसदीय व्यवस्था अस्तित्व थियो । यद्यपि अहिलेको जस्तो आकस्मिक निर्वाचन मार्फत संसदको गठन नभएर निश्चित सामन्तहरु सांसद वा संसदका सदस्य बन्दथे र तिनीहरुका नेता राजा हुने गर्दथे । कालान्तरमा आकस्मिक वा आमनिर्वाचनको प्रचलन शुरु भए पछि मात्र राजनीतिक पार्टीहरु अस्तित्वमा आएका हुन र त्यहाँ कन्जरभेटिभ (अनुदारवादी), लेबोर (श्रमिक) एवं उदारवादी गरी मुख्य तीन धारमा राजनीतिक पार्टीहरु रहेका छन् । बेलायतको संसदीय व्यवस्था १३ औं शताब्दीमा शुरु भएको थियो र अहिले सम्म आउँदा करिब ८०० वर्गा पुरानो भैसकेको छ । त्यहाँ प्रचलन र परम्पराहरुलाई नै कानुन निर्माणको आधार बनाइने हुनाले लिखित संविधान समेत छैन ।

नेपालमा संसदीय व्यवस्थाको इतिहास अत्यन्तै छोटो र खण्डित रहेको छ । नेपालमा पहिलो संसदीय निर्वाचन वि.संस २०१५ सालको फाल्गुण ७ गते भएको थिाये । उक्त विनर्वाचनमा नेपाली काँग्रेसले दुई तिहाई स्थानमा जित हासिल गरेको थियो । जम्मा १०९ स्थान मध्ये ७५ स्थान नेकाले जितेको थियो । नेपाल कम्युनिस्ट पार्टीले ४ स्थानमा विजय प्राप्त गरेको थियो । सो निर्वाचन पछि विपी कोइरालाको नेतृत्वमा बनेको नेकाको सरकारलाई विरव दुई वर्षको समयावधी पुग्दा नपुग्दै तत्कालिन राजन महेन्द्रले विघटन गरी निरंकुश निर्दली पंचायती व्यवस्था लागु गरेका थिए ।

पाकिस्तानका तत्कालिन प्रधानमन्त्री जुल्फीकर अलि भुट्टोलाई सैंनिक तानाशाह मोहम्मद जीया उल हकले वि.सं. २०३५ चैत्र २२ गते फाँसी दिएर हत्या गरे पछि त्यसको विरोधमा नेपालमा विद्यार्थीहरुले विरोध प्रदर्शन गरेका थिए । त्यो विरोध प्रदर्शनमा तत्कालिन पञ्चायती शासकहरुले निर्मम दमन गरे छि उक्त विरोध प्रदर्शनले ब्यापक जनआन्दोलनको रुपमा विकास गरेको थियो । परिणाम स्वरुप राजा विरेन्द्रले सुधारिएको जनमत संग्रह नै घोषणा गर्नु परेको थियो । तर जनमत संग्रहमा केही लाख मतान्तरले बहुदलीय शासन व्यवस्थाको पक्ष पराजित हुनु पुग्यो ।

पछि वि.सं. २०४६ सालम काँग्रेस र कम्युनिस्टहरु मिलेर पञ्चायती व्यवस्थाको विरुद्ध संचालन भएको संयुक्त जनआन्दोलनको परिणामस्वरुपम राज वीरेन्द्रले पञ्चायती व्यवस्थाको अन्त्य भएर बहुदलीय व्यवस्थाको घोषण २०४६ चैत्र २६ गते गर्न बाध्य भएका थिए । त्यसपछि संयुक्त अधिराज्य (बेलायत)को नक्कल गर्दै राजा सहितको संसदीय व्यवस्था (किङ इन पार्लियामेन्ट) को लागु गरियो । त्यति मात्र होइन, तत्कालिन संविधानमा संसदीय बहुदलीय व्यवस्थालाई अपरिवर्तनीय समेत घोषणा गरियो । नेपाली काँग्रेस भित्रको अन्तरद्वन्द र राज ज्ञानेन्द्रको सत्ताकांक्षाको कारण त्यतिखेरको संसदीय व्यवस्थाको पनि अन्त्य हुन पुग्यो । उक्त घटनामा मुख्य कारकको भूमिका वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले २०५८ साल जेठ महिनाको ७ गते संसदको विघटन गर्न राजाको सिफारिस गरेर खेलेका थिए । अहिले आएर काँग्रेस, एमाले र माकेको मिलोमतोमा जारी गरिएको कथित उत्कृष्ट संविधान मार्फत परिमार्जित संसदीय व्यवस्था लागू गरी त्यसको व्यवहारिक कार्यान्वयनका लागि निर्वाचनहरुको खेती गरिरहेका छन् ।

देशमा धर्मनिरपेक्षता, गणतन्त्र, संघीयता र समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था हासिल गर्नका लागि विगतमा संचालन भएका आन्दोलन र संघर्षहरुमा न्यायप्रेमी एवं परिवर्तनकामी नेपाली जनसमुदायले आफ्नो असिम त्याग र योगदान पुऱ्याएका छन् । देशको राजनीतिमा आएका उक्त परिवर्तनहरु पश्चात यहाँका उत्पीडित वर्ग, जाति, लिङ्ग, क्षेत्र एवं समुदायहरुले राज्यको नीति निर्माण गर्ने, निर्णय लिने र निर्णय कार्यान्वयन गर्ने निकाय र अंगहरु मा आफ्नो समानुपातिक समावेशी प्रतिनिधित्वको संवैधानिक व्यवस्थाको प्रत्याभूति खोजेका थिए । त्यो उनीहरुको नैसर्गिक अधिकार नै थियो र हो ।

अहिले काँग्रेस, एमाले र माकेहरुले कथित उत्कृष्ट संविधानको कार्यान्वयनका नाममा संघीय एवं प्रादेशिक निर्वाचनहरुको नाटक मञ्चन गरिरहेका छ र उक्त नाटकमा मुख्य पात्रका रुपमा आफुहरुलाई मात्र प्रस्तुत गर्न चाँजोपाँजो मिलाएका छन् । आफुहरुलाई त्यस प्रकारको अवसर जुटाउनका लागि उनीहरुले निर्वाचन कानुन मार्फत मत सीमा (थ्रेसहोल्ड)को व्यवस्था गरेका छ । जसअनुसार संघीय निर्वाचन वा प्रतिनिधि सभा तर्फ प्रतिनिधित्व गर्नका लागि समग्र मतको ३ प्रतिशत मत प्राप्त गर्नु पर्ने र प्रादेशिक निर्वाचन वा प्रदेश सभा तर्फ कुल मतको १.५ प्रतिशत मत प्राप्त गर्नु पर्ने प्रावधान राखिएको छ । त्यसका अतिरिक्त कथित राष्ट्रिय पार्टीको मान्यता प्राप्त गर्न प्रत्यक्ष निर्वाचन तर्फ अनिवार्य एक स्थान जित्नु पर्ने प्रावधान राखिएको छ ।

यसप्रकारको प्रावधानले उनीहरुले भनेको कथित लोकतन्त्रको थप खिल्ली उडाएको छ र त्यसको नक्कली र खोक्रोपनलाई अझै उजागर गराएको छ । किनभने यो व्यवस्था अनुसा सिमित पार्टीहरु मात्र कथित राष्ट्रिय पार्टी कहलिने अवस्था हुने छ, परिणाम स्वरुप अन्य पार्टीहरुले प्राप्त गरेका मतहरु निरर्थक भै खेर जाने छन् अथवा जनताले प्रदान गरेका ति मतहरु संसदमा प्रतिनिधिविहिन हुनेछन् । परिणामस्वरुप राज्य व्यवस्थामा काँग्रेस, एमाले र माके जस्ता प्रतिक्रियावादी एवं दक्षिणपन्थी संशोधनवादी शक्ति तत्वहरुको हालीमुहाली चल्ने छ । साथै राष्ट्रघात, जनघात, भ्रष्टाचार, नातावाद र कृपावादको दायरा अझ फराकिलो भएर जाने छ । सारांशमा भन्नु पर्दा यो नियन्त्रित संसदवाद (कन्ट्रोल्ड पार्लियामेन्टरीज्म) हो र यसको कार्यान्वयन र सुदृढीकरण लागी काँग्रेस, एमाले र माकेहरु जोरजुलुमका सथा लागि परेका छन् ।

यसप्रकारको नियन्त्रित संसदवादहरु लागु गरेर उनीहरुले देशभक्त एवं जनगणतन्त्र पक्षधर शक्ति र पक्षलाई संसदमा प्रतिनिधित्व गर्नबाट बञ्चित तुल्याउन चाहन्छन् र संसद भित्रबाटै नै हुने उनीहरुको देश र जनता विरोधी नीति र कार्यको विरोध एवं भण्डाफोर माथि छेकवार लगाउन चाहन्छन् । उनीहरुको मुख्य ध्येय यही नै थियो र हो । यसका विरुद्धको संघर्षलाई हामीले अथक र निरन्तर रुपमा कायम राख्नु पर्दछ र त्यसको अर्को विकल्प छैन ।

यस सन्दर्भमा अर्को रोच र महत्वपूर्ण पक्ष पनि रहेको छ । त्यो के हो भने मत सीमा (थ्रेसहोल्ड)को प्रावधान मार्फत नियन्त्रित संसदवाद हावी गराउने क्रमममा काँग्रस, एमाले रमाके जस्ता प्रतिक्रियावादी एवं दक्षिणपन्थी संशोधनवादी तत्वहरु समेत अप्ठ्यारोमा पर्न गएको छ । त्यसले गर्दा एमाले माके ले कथित वाम गठबन्धन निर्माण गरेर निर्वाचन पश्चात पार्टी एकता समेत गर्ने घोषणा गरेका छ भने नेकाले राप्रपा जस्ता प्रतिगामी तत्वहरुलाई काखी च्यापेर कथित लोकतान्त्रिक गठबन्धन निर्माण गरको हौवा पिटेको छ । त्यति मात्र हौयन नेकाले त एमाले-माके विच भएको गठबन्धन कम्युनिस्टहरुको गठबन्धन भएकाले उनीहरुले निर्वाचनमा बहुमत जीत हासिल गरेर सरकार निर्माण गरेमा देशमा कम्युनिष्ट अधिनायकवाद आउने हल्ला समेत मच्चाएको छ ।

वास्तवमा काँग्रेस, एमाले र माके जस्ता तत्वहरु एउटै ड्याङका मुला जस्ता हुन । एमाले र माके ऐतिहासिक परिघटनामा कारणले गर्दा मात्र आफ्ना पार्टीको नम "कम्युनिस्ट" राख्न बाध्य भएका हुन । उनीहरुले सच्चा कम्युनिस्ट सिद्धान्त, आचार, विचार र व्यवहारलाई तिलाञ्जली दिइसकेका छ । त्यसैले काँग्रेस, एमाले र माकेहरुले उनीहरु स्वयंको मिलोमतोमा मिहिनतपुर्वक ल्याएका नियन्त्रित संसदवादलाई सुदृढ तुल्याउनउ, फलाउने, फुलाउने र आलोपालो सत्ताको चास्नीमा डुबेर आफ्ना निहित स्वार्थ सिद्ध गर्ने लक्ष्य स्पष्ट एवं छर्लङ्ग छ ।

यहाँनेर अर्को रोचक पक्षको पनि चर्चा गर्न आवश्यक छ । संसदीय सत्तालाई आफ्नो पकडमा राख्नका लागि नेका, एमाले र माकेहरु सम्पूर्ण हत्कण्डा सहित उत्रेका छन् । जसजरी र जे गरेर पनि निर्वाचनमा जित हात पार्ने उनीहरुको मूलमन्त्र बनेको छ । त्यसका लागि उनीहरुले सबै क्षेत्रमा दलाल माफिया, विचौलिया र तस्करहरुबाट सरसहयोग लिने र उपयोग गर्नमा कुनै कसर बाँकी राखेका छैनन् । त्यति मात्र होइन विभिन्न स्वार्थ समुहका नाइके र गुण्डा नाइकेहरुलाई समेत ठुलो मात्रामा धनराशी निलएर निर्वाचनमा उम्मेदवार नै बनाएका छन । यसबाट प्रष्ट हुन्छ कि नेपालको राष्ट्रिय राजनीतिको भविष्य थप भ्रष्ट र नैतिक पतनको दिशामा अग्रसर हुँदैछ । त्यसको परिणाम स्वरुप काँग्रेसले झ्याली पिटेजस्तो कम्युनिस्ट अधिनायकवाद होइन कि बरु विकृत संसदीय बुर्जुवा अधिनायकवाद कायम हुनेछ ।

देशको वर्तमान खराब र जटिल राजनीतिक अवस्थामा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायतका क्रान्तिकारी एवं प्रगतिशील शक्ति र संगठनहरुले नेका, एमाले र माके जस्ता प्रतिक्रियावादी एवं दक्षिणपंथी संशोधनवादी तत्वहरुको ब्यापक भण्डाफोर गर्दै देश र जनतामा हितमा, पक्षमा सही एवं स्पष्ट नीति, कार्यक्रम तय गरी जनताका माझमा जानुको विकल्प छैन । हाम्रो पार्टीले वर्तमान संविधान र संसदीय व्यवस्थालाई अस्विकार गर्दछ र त्यसको स्थानमा जनगणतन्त्रात्मक राज्य व्यवस्था कायम गर्न चाहन्छ । वर्तमान राज्य सत्ता प्रतिक्रियावादी राज्य सत्ता हो र त्यो शोषक एवं उत्पीडक वर्गको पक्षमा रहेको सत्ता हो । हामीले स्थापना गर्न चाहेको जनगणतन्त्रात्मक राज्य सत्ता बहुसंख्यक शोषित पीडित वर्ग र जनसमुदायको सत्ता हो । बहुसंख्यक जनताको उन्मुक्ति र हितको पक्षमा हुने त्यस्तो राज्य सत्ताको प्राप्ति र स्थापनाकालिन नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर वैज्ञानिक समाजवादी व्यवस्थाको बाटोमा अगाडि बढ्नु पर्ने अपरिहार्य छ ।

देशमा जनगणतन्त्र स्थापन गर्ने संघर्षको बाटो सहज र सजिलो हुने छैन । त्यसकारण देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको गठन त्यस प्रकारको ध्येय र उद्देश्य प्राप्तीमा समान विचार राख्ने र सहकार्य गर्न सकिने सम्पूर्ण शक्ति, पार्टी र संगठनहरुलाई एकजुट बनाएर एकसाथ अगाडि बढ्ने छ र बढ्नु पर्दछ । अहिले प्रतिक्रियावादी, दक्षिणपन्थी र संशोधनवादीहरुको शक्ति र सत्ता बलियो जस्तो देखिएता पनि त्यो क्षणिक र अस्थायी मात्र हो । क्रान्तिकारी र परिवर्तनकामी शक्तिहरु आम शोषित, पिडित वर्ग र जनताको सत्ता स्थापनाकालिन उच्च मनोवल र दृढताकासाथ अथक रुपले अगाडि बढ्नु पर्दछ ।

# नेपालको सन्दर्भमा जनताको जनवाद-२


● कृष्णदास श्रेष्ठ ●

उक्त घोषणा-पत्र 'मजदुरवर्गको पार्टी', कम्युनिष्ट पार्टीले जनताको जनवादी क्रान्तिको नेतृत्वको जिम्मेवारी आफूले वहन गर्ने कुराको गंभीर घोषणा थियो । त्यसमा जनताको जनवादी दृष्टिविन्दु आधारभूत रूपमा व्यक्त भयो, जुन कुरा नेपाली कम्युनिष्ट तथा जनवादी आन्दोलनहरूको लागि एउटा ठूलो उपलब्धि थियो । तर त्यो उपलब्धिलाई जोगाएर अघि बढाउने काम पार्टीबाट हुन सकेन । आफ्नो घोषणालाई यथार्थतामा परिणत गर्नेतर्फ त्यसले आफूलाई बढाउन सकेन । मनमोहन-रायमाझी डफ्फाबाट पार्टी केन्द्रीय नेतृत्व हत्याएपछि नियोजित ढंगबाट पार्टीलाई नौलो जनवादी क्रान्तिकारी बाटोबाट हटाएर पुँजीवादी सुधारवादी बाटोतर्फ बढाउने काम भयो ।

मुलुकमा पुँजीवादी जनवादी आन्दोलनमा नेतृत्वको लागि दावा गरेर आएका दुईवटा वर्गहरू रहेका छन्- मजदुरवर्ग र राष्ट्रिय पूँजीपति वर्ग । साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा औपनिवेशिक तथा अर्ध-औपनिवेशिक मुलुकहरूमा पूँजीवादी-जनवादी क्रान्तिलाई पूर्ण विजयसम्म नेतृत्व गर्न पुँजीपतिवर्ग एकदमै अयोग्य तथा असक्षम रहेको ऐतिहासिक अनुभव र हाम्रो आफ्नै मुलुकमा उदार पुँजीवादी पार्टीहरूको वास्तविक आचरण तथा व्यवहारको आधारमा उपर्युक्त घोषणा-पत्रले ती पार्टीहरूको अयोग्यता अक्षमता र सम्झौतापरस्ततालाई स्पष्ट रूपमा देखायो । तत्कालीन विद्यमान 'नेपाली राष्ट्रिय कांग्रेस (रेग्मीगुट र कोइराला गुट) र तथाकथित प्रजातान्त्रिक कांग्रेस'का क्रियाकलापलाई इंगीत गर्दै त्यसमा भनिएको थियो- 'उदयमान मध्यमवर्गको सानोतहको प्रतिनिधित्व गर्ने रेग्मी र खुद आफै सामन्ती मालिक रहेका असंन्तुष्ट राणाहरू श्रमजीवी जनताको शोषणलाई खत्तम पार्नुमा विलकुल चासो राख्दैनन् । उनीहरू विद्यमान सत्तासित सम्झौता गर्न चाहन्छन् र जनताको रगत चुस्नमा उचित हिस्सा प्राप्त गर्नमात्र उत्सुक छन्......उनीहरू सँधैभरि आम जनताको क्रान्तिकारी शक्ति र अग्रसरतालाई रोक्न भगिरथ कोशिस गर्दछन् । तर जब जनअसन्तोषले सारा छेकबारलाई भत्काउन लागेको हुन्छ अनि यी बाग्बहुल वीरहरू अहानिकारक सत्याग्रह संघर्ष चर्काउँछन् र सो संघर्षले आम क्रान्तिकारी चरित्र लिन थाल्ने वित्तिकै उनीहरू संघर्षरत जनताको पिठ पछाडिसंघर्षलाई फिर्ता लिन्छन् र महाराणासित गर्हित सम्झौता गर्दछन् ।' अगाडि भनिएको छ 'कम्युनिष्टहरू श्रमजीवी जनताको संघर्षका सबभन्दा सम्झौताहीन समर्थक हुन्छ, त्यसैले स्वभावतः ती गद्दारहरू कम्यनिष्टको विरुद्ध आफ्नो मुख्य हमलालाई केन्द्रीत पार्छन् । शोषित जनताप्रतिको विश्वासघात र शोषकवर्गहरूप्रतिको अधिनस्थतालाई लुकाउन उनीहरूले 'तेस्रो बाटो' को झुटो नारा उठाएका छन् । ....... तेस्रो बाटोको नारा प्रतिक्रियावादसितको गठबन्धन र विश्वासघाती अनुहारलाई लुकाउन प्रयोग गरिएको राजनीतिक छद्मभेष हो । नेहहरूको तेस्रोबाटो यसको एउटा घिनलाग्दो प्रमाण हो ।'

उदारपुँजीपति वर्गको वर्ग-चरित्रको सम्बन्धमा व्यक्त गरिएको उपर्युक्त कथन आधारभूत रूपमा सही थियो । पछि राजनीतिक रंगमञ्चमा घटेका घटनाहरूले उक्त कथनको सत्यलाई अरु स्पष्ट तथा अकाट्य रूपमा पुष्टि गरे । ००७ सालको राणाशाही-विरोधी क्रान्तिकाले जब जन-चरित्र तथा जन-व्यापकता धारण गऱ्यो । त्यसको नेतृत्व गर्ने कांग्रेसी नेताहरूले जनक्रान्तिकारी लहरदेखि भयभीत भएर घृणित दिल्ली सम्झौता (राजा, राणा, कांग्रेस सम्झौता) गरी त्यसप्रति विश्वासघात गरे । त्यस्तै, २०४६ सालमा पंचायत नामको राजतन्त्रात्मक निरंकुशताको विरुद्ध चलेको ऐतिहासिक जनआन्दोलनले जब जन-क्रान्तिकारी चरित्र लियो, तब त्यसको नेतृत्व गर्ने कांग्रेसी तथा अवरवादी नेताहरूले क्रान्तिकारी लहरदेखि भयभीत भएर सामन्ती अधिनायकवादीहरूसित सम्झौता गरे (उक्त सम्झौतामा संयुक्त बाममोर्चाका नेताहरूको पनि सहभागिता रहेको तथ्य स्मरणीय छ) । उक्त तथ्यहरूले कुन कुरालाई स्पष्टसित देखाएका छन् भने हाम्रो मुलुकमा उदार राजतन्त्रवादी पुँजीपतिवर्ग क्रान्तिको नेतृत्व गर्न विलकूल अयोग्य तथा अक्षम छ । उदारपंन्थी शक्तिहरूको सम्बन्धमा लेनिनले धेरै पहिले लेख्नु भएको कुरालाई हाम्रो मुलुकको उदार पुँजीपतिवर्गको व्यवहारले पनि ठीक सावित गरेको छ । उहाँले लेख्नु भएको थियो 'राजतन्त्रबाट सहुलियतहरू माग्नु, त्यसलाई क्रान्ति गर्ने (क्रान्ति गर्ने भन्ने कुरा उदारपंथीहरू आफैललाई घृणाजनकर भयानक लाग्नेकुरा हो) धम्की दिनु, निरन्तररूपले मुक्तिसंघर्षप्रति धोका दिएर शत्रुको पक्षमा लाग्नु- उदार, संवैधानिक-जनवादी पार्टीको अनिवार्य भाग्य, त्यसको वर्ग-स्वरूपले गर्दा अनिवार्य बनेको भाग्य त्यस्तो छ ।'

बाँकी ८ पेजमा

# निर्वाचन उपयोगबारे यसो भन्छन् क्रान्तिकारी माओवादीका केन्द्रीय नेताहरु

*(नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल प्रदेश र प्रतिनिधिसभाको निर्वाचनको क्रान्तिकारी उपयोगको नीति अनुसार चुनावी मैदानमा छ । मोर्चाका उम्मेदवारहरुलाई सबै हिसाबले सघाउने र समर्थन गर्ने नेकपा (क्रान्तिकारी माओवादी)को नीति रहेको छ । मंसिर १० मा हुने पहिलो चरण र २१ मंसिरमा हुने दोस्रो चरणको निर्वाचनका लागि पार्टीका केन्द्रीय सदस्यहरु समेत मोर्चाको तर्फबाट "मुठ्ठी" चिन्ह लिएर संसदवादी दलका नेताहरुसँग चुनावी प्रतिस्पर्धामा उत्रिनु भएको छ । यहाँ हामीले पहिलो चरणमा उम्मेदवारी दिनुभएका पार्टीका केन्द्रीय सदस्यहरुसँग आफ्नो निर्वाचन क्षेत्रको चुनावी स्थिति, चुनौती र सम्भवानाका विषयमा केन्द्रीत रहेर संक्षिप्त कुराकानी गरेका छौं । कुराकानीको आधारमा तयार पारिएको सामग्रीलाई यहाँ प्रस्तुत गरेका छौं । - सम्पादक)*

## हामी नै वैकल्पिक राजनीतिक शक्ति भएका छौं



**कुमार शाह**
**रोल्पाबाट**
**प्रतिनिधिसभाको उम्मेदवार**

रोल्पामा आठवटा पार्टीहरु चुनावी मैदानमा छन् । चुनावी प्रतिस्पर्धामा वाम मोर्चा, लोकतान्त्रिक मोर्चा र देशभक्त जनगणतान्त्रिक मोर्चाका उम्मेदवारहरु छन् । रोल्पाली जनताले आमरुपमा एउटा वाम, एउटा लोकतान्त्रिक र अर्को जनपक्षीय मोर्चा छ, त्यसमा पनि वैकल्पिक शक्ति र जनताको मोर्चाको रुपमा देजमो, नेपाललाई लिइरहेका छन् । यो अझ स्थापित हुने क्रममा रहेको छ । अभियानको दौरानमा हिजो जनयुद्धका सम्बन्धहरु पुनर्ताजगी भएका छन्, नयाँ भइकन पनि मोर्चासित जनसम्बन्ध अझ प्रगाढ बन्दै गइरहेको स्थिति छ । माके कहिले काँग्रेससित मिल्न जाने, कहिले एमालेसँग, यसले गर्दा यी तिनवटै दलहरुको राजनैतिक रंग यहाँ हराएको जस्तै भएको छ । जनतामा जुन जोगी आएपनि कानै चिरेका भन्ने छाप अझ गाढिएको छ । त्यसैले पनि यहाँका जनताहरुको ध्यान, रुची र सहभागिता यो चुनावमा खासै रहेको छैन । जनतामा क्रान्तिकारी माओवादी पार्टी र देजमो, नेपालप्रति बढी आशावादी देखिएका छन् ।

गणतन्त्र आइसकेपछि काँग्रेसले विपीको पालामा राजतन्त्रसँग जोडिएको राष्ट्रियतालाई निरन्तरता दिएको छ कि नयाँ दृष्टिकोण ल्याएको छ, त्यो स्पष्ट छैन । लोकतान्त्रिक भन्ने काँग्रेसको गठबन्धन राजतन्त्र पुनर्स्थापना भन्ने राप्रपासँग छ, यो कस्तो प्रकारको लोकतान्त्रिक गठबन्धन हो ? प्राकृतिक श्रोत साधनहरु जुन पहिले आफ्नो पालामा बेचिएका थिए, ती फिर्ता ल्याउन काँग्रेसले पहल गर्ने कि नगर्ने ? एमाले र माके वीचको गठबन्धन आधार केपी ओली प्रधानमन्त्री, प्रचण्ड राष्ट्रपति र एक मधेस एक प्रदेशलाई पारित गर्ने शर्तमा भारतीय डिजाइनअन्तर्गत भएको देखिन्छ, न कि यी पार्टीहरुको बुद्धि, विवेकले भएको देखिन्छ । यसरी बाहिरी शक्तिहरुको प्रायोजनमा बनेको गठबन्धन के कसरी अगाडि जाने भन्ने कुरा गठबन्धनकारीहरु नै स्पष्ट हुने भएनन् । यो गठबन्धन भनेको चीन विरुद्ध लड्न भारतले उच्चस्तरीय कुटनैतिक खेलको परिणाम मात्रै हो । यी कुराहरु जनतामाझ झन स्पष्ट बन्दै गइरहेका छन् । माके पार्टी दिनप्रतिदिन झन झन रंग बदल्दै, स्वादविहिन हुँदै अस्तित्वविहिन हुँदै विलिन हुने अवस्थामा पुग्दैछ ।

काँग्रेस विपीको समाजवादमा हिडेन । एमालेले बहुदलीय जनवाद बेची खायो । तत्कालिन माओवादीले ल्याएको एक्ककाइसौं शताब्दीको जनवाद पनि रद्दीको टोकरीमा मिल्क्याइयो । यसरी उनीहरुले अगाडि सारेका सैद्धान्तिक सपनाहरु असफल भएको अवस्थामा फेरि पनि सपना देख्नुपर्छ, जनपक्षीय समस्याहरु जहाँको त्यहीँ छन्, त्यसबाट मुक्त हुन, बेचिएका प्राकृतिक श्रोत साधनहरु फिर्ता लिन, विदेशीएका युवाहरुको रगत पसिनामा साटिएका पैसामा गगनचुम्बी महल खडा गरी मोजमस्ती गर्ने, एकातिर लोकतन्त्र, प्रजातन्त्रको कुरा गर्ने ठुला दल नामधारीहरुले अर्कोतिर राजनैतिक दलहरुलाई नै समाप्त पार्ने किसिमको चुनाव चिन्ह नदिने, एउटा सिट जित्नै पर्ने, थ्रेसहोल्ड राख्ने, आफ्नो अनुकुल मात्रै नीति नियम बनाउने लगायत गलत चीजहरुको भण्डाफोर गर्नैपर्छ, लोकतान्त्रिक, प्रजातान्त्रिक प्रक्रियाबाट टाढिँदै गएको कुरा जनतामा अझ ब्यापक ढंगले पुर्‍याउनै पर्छ । आफ्ना निहीत स्वार्थ पूरा गर्न उनीहरु अहिले देशलाई दुईदलीय व्यवस्थामा लगेर फासिवादको अभ्यास गर्न खोजिरहेका छन् । त्यसको व्यापक भण्डाफोर गर्नैपर्दछ । निर्वाचनको उपयोगको नीतिसहित नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्ने सांगठानिक आधार तयार पार्ने उद्देश्य लिएर जनताबीचमा जाँदै गर्दा जनताले हामीप्रति निकै ठूलो आशा र अपेक्षाका साथ हेरिरहेको अनुभूति भइरहेको छ । त्यसमा खह्रो रुपमा उत्रने प्रयास जारी राखेका छौं । उत्पीडित, शोषित, सिमान्तकृतहरु जनसमुदायका लागि हामी नै वैकल्पिक राजनीतिक शक्ति भएका छौं ।

## उनीहरुले जनतालाई भेडाबाख्राजस्तै किनबेचको साधन बनाउँदै छन्



**लक्ष्मी मुडभरी**
**नुवाकोट–२ बाट**
**प्रतिनिधिसभाको उम्मेदवार**

नुवाकोट-२ मा वाम र लोकतान्त्रिक गठबन्धन बीचकै रस्साकस्सी छ । तर नैतिक हिसाबले क्रान्तिकारी माओवादी, देजमो, नेपालप्रति आम जनताको सेन्टिमेन्ट रहेको छ । गठबन्धनकारीहरुले अहिले जवर्जस्त रुपमा फैलाइएको भ्रम, ह्विमका वीचबाट जनताहरुलाई स्पष्ट पारिनु आवश्यक छ ।

वामगठबन्धनकारीहरुले साम्यवादी व्यवस्था ल्याउँदै छौं भन्ने देखि लोकतान्त्रिक गठबन्धनकारीहरुले विकासे भ्रमहरुको जवर्जस्त रुपमा फैलाएका छन् । तर हामी जहाँ जहाँ पुगेका छौं, त्यहाँ जनताहरुमा त्यस्ता भ्रमहरुलाई चिरदिने र गठबन्धनकारीहरुको वास्तविकता बताइदिए पछि हाम्रो पार्टी, मोर्चाप्रति सकारात्मक भएका छन् ।

योसंगै हाम्रो राम्रो सांगठनिक आधारहरु पनि तयार हुँदै गइरहेको स्थिति छ । घोषणा पत्र, पर्चा, कोण सभा, अन्तर्क्रिया आदि कार्यक्रमहरु पछि जनतामा दह्रोसित स्थापित के भएको छ भने संसदवादी दलहरुको विरुद्धमा प्रतिवाद गर्ने, सशक्त आवाज उठाउने एक मात्र शक्ति भनेको देजमो, नेपाल तथा क्रान्तिकारी माओवादी रहेको छ, साथै उहाँहरुको आशा र सुभेच्छा पनि यही छ कि यो शक्ति राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरुलाई सशक्त रुपमा उठाउने नेतृत्वकारी शक्ति बनोस् ।

त्यसकारण राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरुलाई सदनदेखि सडकसम्म उठाउनको लागि देजमो, नेपाललाई जिताउनु पर्ने, स्थापित गराउनु पर्ने र अगाडि बढाउनु पर्ने आवश्यक छ । आफुलाई ठुला दल भन्नेहरुले जनतालाई भेडा बाख्रा सरी नीच व्यवहार गरी पैसा, लोभलालच, प्रलोभनमा फँसाएर किनबेच गर्ने, जनतालाई ताँवाबाट भुङ्गोमा, भुङ्गोबाट तावामा पार्ने अवस्थामा राखिराखेका छन् र यसैलाई उनीहरु निरन्तरता दिन खोजीरहेका छन्, यस्तो स्थितिबाट जनतालाई मुक्त गराउने सोच, दृष्टिकोण मात्र देजमो, नेपाल र क्रान्तिकारी माओवादीसँग छ, यसर्थ जनताले दलाल नोकरशाही तत्वहरुको राज्यव्यवस्था आउनबाट रोक्न र नयाँ मुक्ति आन्दोलनको शुरुवात, संगठित गर्नको लागि, राजनैतिक दलहरुको हेयको व्यवहार विरुद्ध खवरदारी गर्न देजमो, नेपाललाई जिताउन आवश्यक छ ।

## बाग्लुङमा देजमोको निर्णायक मत छ

वाग्लुङको यो निर्वाचन २ नं क्षेत्रमा वाम गठबन्धन र काँग्रेस वीचमा नै मुख्य प्रतिस्पर्धामा रहेका छन् भने देजमो, नेपाल निर्णायक मतमा रहेको छ । १६ दिनसम्मको चुनावी अभियान सकिँदासम्म देजमोले ब्यापक जनसमर्थन पाएको छ । जनता देजमो प्रति आशावादी देखिएका छन् ।

अभियानका दौरानमा प्रत्येक प्रत्येक गाउँ गाउँ जानेक्रममा जनताहरुमा मोहन वैद्य किरण नेतृत्वको माओवादी सही छ, यसले मात्रै क्रान्ति गर्ने विश्वास रहेको पायौं । अहिलेको संविधान जनमुखी छैन, आम शोषित, पिडित जनताको पक्षमा छैन । यो संविधान केही समय पछि नै खारेज हुनेवाला छ ।

त्यसैले आमशोषित उत्पीडित जनताको पक्षमा रहेका हाम्रो पार्टी, मोर्चालाई रोज्नलाई अनुरोध गरेका छौं । प्रतिगामी, प्रतिक्रियावादी, दक्षिणपन्थी अवसरवादीहरुको पुरानै भ्रष्टाचारी, फुस्रा आश्वासन र भ्रम दिने पार्टीहरुको विकल्पको रुपमा देजमोलाई अवसर दिन जनतामा आव्हान गरेका छौं ।



**निल पुन मगर**
**बाग्लुङ–२**
**प्रतिनिधिसभाको उम्मेदवार**

## देश र जनताको मुक्तिका निम्ति देजमो



**डिल्लीराम बोहरा**
**भोजपुर–१**
**प्रतिनिधिसभाको उम्मेदवार**

वाम गठबन्धनका एमाले र माके, लोकतान्त्रिक गठबन्धनका काँग्रेस, राप्रपा र संघीय समाजवादी र हाम्रो देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल भोजपुरको चुनावी मैदानमा छन् । चुनावी प्रतिस्पर्धामा नयाँ भएर पनि देजमोले राम्रै स्थान बनाएर अगाडि बढिरहेको स्थिति छ । यही दौरानमा प्रतिक्रियावादी राज्यसत्तालाई नै सहयोग हुने गरी एउटा वामको नाममा वाम गठबन्धन बनाएर अगाडी आएको छ, वास्तवमा ती न त कम्युनिष्ट हुन न त वाम नै । यिनीहरु विरुद्ध भण्डाफोर तथा त्यहाँभित्र रहेका सच्चा कम्युनिष्ट र वामहरु क्रान्तिकारी कार्यदिशा र पार्टीतिर ध्रुवीकृत हुन आव्हान गर्दै अगाडि बढी रहेका छौं । आफुलाई ठुला दल भन्नेहरुले नै २०४६ सालदेखि राज्यमा हाली मुहाली गर्दै आएका छन्, देशका उद्योगधन्दाहरु बन्द गराएर युवाहरुलाई विदेशीन बाध्य पारेका छन्, देशको प्राकृति श्रोत साधनहरु विदेशीलाई सुम्पिए दिएका छन् । जनताका आधारभूत आवश्यकताहरु गाँस, बास, शिक्षा, स्वास्थ्य, रोजगारीका समस्याहरुलाई समाधान भन्दा पनि अझ जटिल बनाउँदै लगिरहेको अवस्थामा अवको वैकल्पिक शक्तिको रुपमा देजमोलाई चुन्नु र उभ्याइनु पर्छ, जनताको मुक्ति र देशको मुक्ति यसैबाट मात्र सम्भव छ ।

## उनीहरुले जिते देशै भारतमा विलय गराउन सक्छन्



**नारायण अधिकारी**
**गोरखा–२**
**प्रतिनिधिसभाको उम्मेदवार**

गोरखा जिल्लामा निर्वाचन क्षेत्र नं. १ बाट प्रतिनिधिसभाका उम्मेदवार राम नेपाली र २ ख) का प्रदेशसभाका उम्मेदवार छविलाल घलेसहित आ-आफ्नो टोली बनाएर चुनावी प्रचार प्रसारमा लागिरहेका छौं । बाम गठबन्धन र कांग्रेस-नयाँ शक्तिको गठबन्धनले चुनावलाई धेरै विकृत बनाएको छ ।


नारायणकाजी श्रेष्ठ र बाबुराम भट्टराई जस्ता लेण्डुप दोर्जेहरुहरुले वैदेशिक ईशारामा चलेर देशलाई खतरामा पारिरहेका छन् । प्रतिक्रियावादी र संशोधनवादीहरुसँग लड्न चुनौति रहेता पनि जनताका बीचमा घरदैलो, कोणसभा, प्रचार प्रसार गर्दै पार्टीका विचारहरु पुर्‍यारहेका छौं । पूर्व प्रधानमन्त्री समेत रहेका बाबुराम भट्टराईले भारतसँग गरेको राष्ट्रघाती बिप्पा सम्झौता, नारायणकाजी श्रेष्ठ र उनको पार्टीले गरेको वर्गीय, राष्ट्रिय आत्मसमर्पणको भण्डाफोर गर्दै अगाडि बढिरहेका छौं । जनतामा क्रान्तिप्रति विश्वास पुनः जागृत हुँदै गइरहेको छ । क्रान्तिलाई निरन्तरता दिन, क्रान्तिको झण्डा बोकिरहेको वैद्य माओवादी, देजमो अझै रहेको जनताले महसुस गरेको पाइरहेका छौं । जनतालाई पैसामा खरिद गर्ने, मोटरसाइकल देखि ट्र्याक्टरसम्म खरिड गरिदिने प्रलोभन देखाएर जनतालाई दुष्प्रभावित बनाउने प्रतिक्रियावादी र संशोधनवादी दलहरुको विहारी चुनावी शैलीको भण्डाफोर अझ बढी गर्नुपर्ने देखिएको छ ।

यसको विरुद्ध जनतालाई नै राज्यसत्तामा पुर्‍याउने अभियान देजमोले चलाइरहेको छ, जनतालाई प्रशिक्षित गर्दै गइरहेका छौं । चुनाव पछि बाम गठबन्धन, लोकतान्त्रिक गठबन्धन भन्ने दलहरु ठग पार्टी रहेछन् भन्ने कुरा हाम्रो अभियानले अझै बुझ्न सहयोग गर्नेछ । चुनाव उपयोगको कुरा कार्यनीतिक मात्र भएकोले अहिले जनताका बीचमा पार्टी, मोर्चाका एजेण्डाहरुलाई स्थापित गराउने कार्यक्रमहरुलाई व्यवस्थित गर्दै गइरहेका छौं ।

यहाँका ठुला पार्टी भनाउँदाहरुले देश बेचिरहेका छन्, चुनावपछि फेरि पनि यी पार्टीहरुकै हातमा देश गयो भने देशै नरहने खतरा हुनसक्छ, भारतमा नै विलय गराउन सक्छन् । त्यसैले सबैभन्दा पहिले देश बचाउने काम गरौं । बाँकी रहेको क्रान्तिको अभिभारा पुरा गर्न, राष्ट्रिय स्वाधीनताको आन्दोलन बाँकी नै छ, वर्गीय शोषणको अन्त्य बाँकी छ, जनताको अधिकार स्थापित गराउन बाँकी छ । तसर्थ यी काम पुरा गर्न हामीलाई जिताउन जरुरी छ ।

भोट दिनु नदिनु जनताको आफ्नो अधिकारको कुरा हो त्यसमा हामीले जवर्जस्ती गर्ने कुरा भएन । तर जनतालाई के आव्हान गरिएको छ भने देशलाई कस्तो अवस्थामा पुर्‍याउने भन्ने विषयमा जनता सचेत, सजग बन्नै पर्दछ, विवेक प्रयोग गर्नै पर्छ । हामीले संसदवादीहरुले जस्तो जनतालाई विकासका फोस्रा आश्वासन, भ्रम दिएका छैनौं । राज्य व्यवस्था बदल्न, जनताको अधिकार सुनिश्चित गर्न हाम्रो पार्टी र मोर्चा क्रान्ति, आन्दोलन र परिवर्तनका निम्ति प्रतिबद्ध छ । हामीले जनतालाई धोका दिने छैनौं, जनताको मतले हामीले जितेमा हाम्रो जित विद्रोहमार्फत् राज्यव्यवस्था बदल्न नै सदुपयोग हुनेछ ।

## जनताको न्यानो माया, साथ, समर्थन पाइरहेका छौं



**पूर्णबहादुर खड्का**
**दोखला–१**
**प्रदेशसभाको उम्मेदवार**

वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनले आफ्नो साम, दाम, दण्ड, भेद सबै हत्कण्डा प्रयोग गरी, भ्रम फैलाई चुनाव आफ्नो पक्षमा पार्न लागिपरेका छन् । यस खालको संसदीय चुनावमा हाम्रो भर्खरै आएको देजमो, नेपालको सामु चुनौति थुप्रै नै छन् तर पनि आन्दोलनको निरन्तरता र इमान्दारिताले जनतामा अत्यन्तै सकारात्मक प्रभाव रहेको छ ।

जहाँ पुगे पनि जनताको न्यानो माया, साथ र समर्थन हामीले प्राप्त गरीरहेका छौं । संसदीय दलहरुको विभिन्न घेराबन्दीलाई प्रतिरोध गर्दै जनताले स्वतन्त्र ढंगले मत खसाल्ने स्थितिमा हाम्रो मोर्चा, पार्टीले अत्यन्तै राम्रो गर्ने, जीत हुनेमा दुईमत नहोला तर अहिलेको स्थितिमा संसदीय दलहरुको घेरावन्दी तोडिहाल्न सक्ने स्थिति बनिसकेको छैन । तर पनि आशावादीकासाथ हामी अगाडि बढिरहेका छौं ।

संसदवादी दलहरु विचार, सिद्धान्त, जनपक्षीय कार्यक्रमहरुको आधारमा भन्दा पनि पैसा, शक्ति, पहुँचको आधारमा चुनावी माहोल आफ्नो पक्षमा पार्न उद्दत छन् भने हामी विचार, राजनीति, सिद्धान्तका आधारमा जनतालाई सुस्पष्ट पार्दै गोलबन्द गर्दै अगाडि बढिरहेका छौं । हामी जनतालाई भ्रष्टाचार मुक्त समाजको ग्यारेन्टीसहित सुशासन भएको समाज निर्माण यी संसदवादी दलहरुबाट सम्भव नहुने कुरा स्पष्ट पार्दै देजमो, नेपाल तथा क्रान्तिकारी माओवादी रोज्न आव्हान गर्दै गइरहेका छौं ।


समाजका विकृति, विसंगतिहरु, बेरोजगारका समस्याहरु, जनजीवनका समस्याहरु चुलिएको छ, जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्न नयाँ आएको भनिएको व्यवस्था पनि असफल भएको छ, आंशिक रुपमा सफल भएको भनिएका धर्म निरपेक्ष, गणतन्त्र, संघीयताले जनताका समस्या समाधान भएका छैन । यी सबैका कारण क्रान्ति, आन्दोलन प्रति गद्दारी, धोका नै हो ।

क्रान्तिलाई निरन्तरता, आन्दोलनलाई पुनः उठाउने भनेको क्रान्तिकारी माओवादी हो, देजमो, नेपाल हो । सेटब्याक खाएको क्रान्तिलाई सम्पन्न गर्ने शक्ति यही हो भन्दै जनतासँग एकाकार भई जाने हो । क्रान्तिका लागि धेरै कुर्नु पर्ने देखिन्न । जनता अझै आशावादी भई क्रान्तिकारी माओवादी र देजमो, नेपाल तर्फ नै हेरेर बसेका छन् ।

## जनघात र राष्ट्रघात रोक्न "मुठ्ठी" मा मतदान आवश्यक

रामेछापमा अरु राजनैतिक दलहरुसँग देजमो प्रतिस्पर्धी नै रहेको छ । देजमोलाई जनताले वैकल्पिक शक्तिको रुपमा लिइरहेका छन् । वाम, लोकतान्त्रिक गठबन्धनका दुष्प्रचार, भ्रमहरुका वीचमा पनि जनताहरुमा देजमो पुगेसँगै आफ्नो हितैषीको रुपमा लिने, क्रान्तिकारी कित्तामा ध्रुवीकृत हुने र देजमोमै आफ्नो मतदान गर्ने प्रतिवद्धता जनताले जाहेर गरेका छन् ।

चुनाव उपयोग गरिरहँदा नयाँ जनवादी क्रान्तिको आधार तयार गर्ने, क्रान्तिकारीहरुलाई गोलबन्द गर्ने, जनताहरुलाई गोलबन्द गर्ने काम अत्यन्तै तिव्र गतिमा अगाडि बढिरहेको छ । क्रान्तिकारीहरुलाई थप उर्जा र संगठित हुने अवसर प्रदान गरिरहेको छ । नेपालको राज्य व्यवस्थामा रहेका सामन्ती वर्ग, दलाल नोकरशाही पुँजीपतिहरुको अन्त्यको लागि देजमोको निर्वाचन चिन्ह "मुठ्ठी" मै मतदान गरेर मात्र सम्भव छ । देशमा ब्याप्त भ्रष्टाचारलाई उन्मुलन गर्न, संसदबाट गरिएका राष्ट्रघात, जनघातहरुलाई रोक्न पनि देजमोभन्दा अर्को विकल्प छैन ।



**गणेशबहादुर खड्गी 'गगन'**
**रामेछापबाट**
**प्रतिनिधिसभाको उम्मेदवार**

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# यस्तो छ देशभक्त जनगणतान्त्रिक मोर्चा १ नं. प्रदेशको घोषणा–पत्र

विराटनगर । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको १ नं. प्रदेश कमिटिले आफ्नो चुनावी घोषणा पत्र जारी गरेको छ । हामीलाई प्राप्त घोषणा पत्रको पूर्णपाठ यस्तो रहेको छ ः

**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल**
**प्रदेश नं. १ को चुनावी घोषणा–पत्र**

प्रदेश नं.१ नेपालको सवै भन्दा पूर्वी भागमा रहेको प्रदेश हो । यसको पूर्वमा भारतको सिक्किम र दार्जिलिङ्ग तथा पश्चिममा प्रदेश नं. २ र ३, उत्तरमा चीनको तिव्वत, दक्षिणमा भारतको विहार रहेको छ । प्रदेश नं.१ मा निम्न जिल्लाहरु रहेका छन् ः- ताप्लेजुङ्ग, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ्ग, सोलुखुम्वु, ओखलढुंगा, उदयपुर, झापा, मोरङ्ग र सुनसरी रहेका छन् । भने १ महानगरपालिका, २ उप-महानगरपालिका, ४६ नगरपालिका र ८८ गाउपालिका रहेका छन् ।

यस प्रदेशमा संसारकै अग्लो हिमाल सगरमाथा लगायत मकालु, कुम्भकर्ण, गणेश हिमाल जस्ता दर्जनौ हिम शृङ्खलाहरु रहेका छन् भने दक्षिण एसिया कै होचो भाग केचना रहेको ले जैविक विविधताको अनुपम संगम स्थलको रुपमा रहेको छ । जीव, जन्तु वनस्पतिका धेरै जाति प्रजातिहरु यहाँ पाइन्छन् । त्यसैले सगरमाथा राष्ट्रिय निकुञ्ज, कञ्चनजंघा संरक्षण क्षेत्र, मकालु, वरुण, राष्ट्रिय निकुञ्ज, कोशी टप्पु संरक्षण क्षेत्रहरु रहेका छन् त्यस्तै विभिन्न धार्मिक स्थलहरु वुढासुव्वा, पाथीभरा, वराहक्षेत्र हलेसी आदि र ऐतिहासिक ठाउँहरुमा हतुवागढी, उदयपुरगढी, मझुवागढी, चौदण्डीगढी रहेका छन् । साथै देशकै पुरानो औद्योगिक शहर विराटनगर पनि यहि प्रदेशमा पर्दछ । यस्तै तमोर, अरुण, दुधकोशी जस्ता ठुला हिमनदी रहेका छन् भने हजारौं ठूला साना नदीहरु रहेका छन् । एक नं. प्रदेशको क्षेत्रफल २५९०५ बर्ग किमि, जनसंख्याः४५,३४,९४३ कुल मतदाता २९,९३,६६९, मानव विकास सूचांक ः ०.५० गरिबीको रेखामुनिका जनसंख्या ः १८.४१% रणनैतिक सडक सञ्जाल ः २,२४७.६३ कि.मी. वयस्क साक्षरता दर ः ६४.६०% प्रति व्यक्ति आय (पिपिपी) ः १२११ (अमेरिकी डलर) रहेको छ।

भौगोलिक, जैविक, प्राकृतिक विविधता जस्तै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक विविधता रहेको छ । हरेक समुदायको पहिचान र सभ्यता आगमन र उद्गम विविध भएकोले नै नेपाल वहुलजाती, भाषा, धर्म, संस्कृति, अखण्ड र अबिभाज्य नेपालको सम्पतिका रुपमा आत्मसात गर्दै आन्तरिक राष्ट्रियताको संगम स्थलको रुपमा रहेको छ।

## २. श्रद्धाञ्जली र सम्मान :

सम्पूर्ण न्यायप्रेमी तथा परिवर्तनकामी जनसमुदाय,

जनताले राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता, सामाजिक न्याय र सङ्घीय जनगणतन्त्रको स्थापनाका लागि जनयुद्ध, जनविद्रोह, ऐतिहासिक जनआन्दोलन तथा विभिन्न वर्ग समुदायले गरेको वलिदानी पूर्ण संघर्षका क्रममा शहीद हुनुभएका महान् शहीदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछौं । साथै वेपत्ता योद्धाहरु, घाइते अपाङ्गहरु प्रति देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल यस घडीमा संघर्षको गौरवमय इतिहासको स्मरण गर्दै उच्च सम्मान व्यक्त गर्दछ ।

## ३. पृष्ठभूमिः

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू !

मुलुकमा विद्यमान रहेको अर्धसामन्ती,अर्धऔपनिवेशीक/नवऔपनिवेसिक आर्थिक, सामाजिक अवस्थावाट मुक्त गरी जनवादी राज्य व्यवस्था स्थापना गर्नकालागि निरंकुश शासन विरुद्ध आम जनताले विगत सात दशक देखि निरन्तर सशस्त्र जनक्रान्ति, शान्तिपूर्ण जनआन्दोलन, जनयुद्ध संचालन गरे । आन्दोलनको उपलव्धीस्वरुप राणा शासन, पञ्चायती व्यवस्था,राजतन्त्रात्मक वहुदलीय व्यवस्थाको अन्त्य भयो र लोकतान्त्रिक गणतन्त्रको स्थापना भए पनि जनतन्त्र, जनजीविका, राष्ट्रियताको पक्षमा यो व्यवस्था र यसको नेतृत्व रहेको छैन । नेतृत्वले यथास्थितिवादी तथा प्रतिक्रियावादी शक्तिहरु संग सम्झौता गरी मुलुक प्रतिगमनको दिशामा गएको छ ।

देशको भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको दृढतापूर्वक रक्षा गर्न, राज्यको शासकीय स्वरुप, राज्यको पुनरसंरचना, नयाँ जनवादी संघीय गणतन्त्र स्थापना गर्न, यथास्थितिवादी तथा प्रतिक्रियावादी शक्तिहरुसंग निरन्तर संघर्ष गरी परास्त गर्न, समानता, भातृत्वको आधारमा आन्तरिक राष्ट्रिय एकताको निमार्ण गर्न, धार्मिक, सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राख्न साथै आर्थिक, सामाजिक, रुपान्तरणको निमित प्रतिक्रियावादी अवसरवादी तत्वहरुको भण्डाफोर गर्न निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने नीतिको आधारमा सहभागी भएका छौं । अतः सम्पर्ण देशभक्त, वामपन्थी, प्रगतिशील आम जनसमुदायलाई मुठ्ठी चिन्हमा मतदान गरी देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारलाई विजयी गराउन अनुरोध गर्दछौ ।

## ४. राज्यको संघीय संरचना सम्बन्धी धारणाः

संघीयताको सिद्धान्त र भावना विपरित देश संघीयतामा गएको छ । संविधानतः विशेष, संरक्षित र स्वायत्त क्षेत्रहरु छुट्टयाउनु पर्नेमा त्यसको पूर्णतयाः बेवास्ता गरी आफुले निमार्ण गरेको संविधानको आफैंले उल्लंघन गरिएको छ । पहिचान र सामर्थ्यको आधारमा राज्यको संघीय संरचना बनाउनु पर्ने वस्तुगत आवश्यकतालाई पूर्णतया वेवस्ता गरिएको छ । विभिन्न जातिय सघनतालाई पुरै छिन्न भिन्न पारी उत्पीडित जातिहरुलाई अल्पसंख्यकमा पार्ने काम भएको छ । संघीय संरचना आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृति सहित जातीय, क्षेत्रीय स्वायतता तथा उत्पीडित जातीय पहिचान सहितको संघीयता लागु गर्न निरन्तर संघर्ष गरिने छ । अन्तरिम संविधानको मर्म र भावना विपरित सेना तैनाथ गरेर संविधानसभाको निर्वाचन गरि संविधान जारी गरिएको संविधानलाई देजमो नेपालले संविधानका आंसिक उपलव्धीहरु गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी र समानुपतिक प्रतिनिधित्व वाहेक अन्य प्रतिगामी नै रहेकाले अस्वीकार र विरोध गर्दछ ।

## ५. आन्तरिक राष्ट्रियता सम्वन्धी प्रतिवद्धता :

आन्तरिक राष्ट्रियता सम्बन्धी नीति नियम तर्जुमा गर्न उत्पिडित जातिको पहिचान र सार्मथ्यको आधारमा मुलुकको संघिय संरचना गर्ने विशेष क्षेत्र, संरक्षित क्षेत्र र स्वायत्त क्षेत्रहरुको निर्धारण र विकास गर्ने । दिगो विकासको मार्गचित्र वनाई कार्य गर्ने गराउने, आन्तरिक राष्ट्रियता सम्बन्धी विवादका विषयलाई आयोग गठन गरि हल गर्ने । संघ, प्रदेश र स्थानीय तहले साझा विषयगत विवाद हल गर्न स्पष्ट दोहोरो अर्थ नलाग्ने कानुन वनाउने । प्रदेशको भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको दृढतापूर्वक रक्षा गर्ने । यस प्रदेश संग जोडिएको अन्तराष्ट्रिय सिमालाई नियामन गर्नको लागी केन्द्रीय सरकार संग समन्वय गरिने छ ।

## ६.विकास निमार्ण समवन्धमा :

एक्काइसौं शताव्दीको समयमा आइपुग्दा सम्म पनि नेपाल एक अल्पविकसित र गरिब देशका रूपमा रहेको छ । आज सम्म राज्य र सत्ताको नेतृत्व सम्हालेका शासकहरू राष्ट्रघात, जनघात, भ्रष्टाचार, नातावाद र कृपावादमा लिप्त भएर निहित स्वार्थ सिद्धिमा लागिपरेका छन् । देश र जनताको सर्वतोमुखी र बहुआयामिक विकासलाई अगाडि बढाउनका निम्ति कृषि, सेवा, उर्जा र उद्योगलाई विशेष प्राथमिकता दिईने छ । जनताको चाहना र सहभागीतामा जनताले अनुभुति गर्न सक्नेगरि आर्थिक नीति, सुशासन सम्वन्धी नीति एक विशेष खाका ९द्यगिभ एचष्लत० तयार पारिने छ । उक्त खाका अनुसार देशको समग्र प्राकृतिक स्रोत र मानवीय संसाधनलाई योजनाबद्ध ढंगले अधिकतम रूपमा प्रयोग गरी एक विकसित र सम्बृद्ध प्रदेशको निर्माण गरिनेछ ।

## ७. अर्थतन्त्र सम्बन्धी नीतिः

समग्र मुलुक दलाल पूजिको प्रभावले राष्ट्रियपूजि मणासन्न अवस्थामा पुगेको छ । यस अवस्थावाट मुक्त गरि राष्ट्रियपूजि र राष्ट्रिय पूजिपति वर्गको परिचालन, संरक्षण र सर्म्वधन गर्दै आत्मनिर्भर स्वाधिन अर्थतन्त्रको विकास गरिने छ ।

गुरु योजना वा मेगा प्रोजेक्ट संचालन गर्न प्रदेश स्तरिय लगानी वोर्ड गठन गरिने छ ।

ऋण पत्र डिवेन्चर र शेयर सम्बन्धी प्रष्ट कानुनी व्यवस्था गरी दीर्घकालसम्म लाभान्वित हुने योजनामा जनतालाई सहभागी गराईने छ भने वैदेसिक सहयोगलाई क्रमिक रुपमा घटाउदै लगिने छ ।

वित्तीय अनुशासनलाई कडाई पूर्वक कायम राखि भ्रष्टचारको अन्त गरिने छ । राजस्व संकलनमा हुने चुहावट र भ्रष्टाचारलाई नियन्त्रण गरिनेछ ।

दलाल तथा नोकरशाही पूँजीवादलाई उन्मूलन गरिनेछ र राष्ट्रिय पुँजीपति वर्गका हकहित तथा अधिकारकोलागी नीति वनाईने छ ।

राष्ट्रिय, आत्मनिर्भर र स्वाधीन अर्थतन्त्रको विकास गर्ने नीति विपरीत भारतसँग गरिएको द्विपक्षीय लगानीप्रवर्धन तथा संरक्षण सम्बन्धी सम्झौता ९द्यक्षएएब० खारेज गर्न केन्द्र सरकार संग माग राखिनेछ ।

दुई पक्षिय र वहुपक्षिय दातावाट प्राप्त हुने आर्थिक अनुदान एवं ऋण सहयोगलाई देश र जनताको हितमा प्रयोग गर्ने सुनिश्चितता गरिनेछ ।

आगामी दुई दशक भित्र प्रदेशको अर्थतन्त्र विकास गरी प्रदेशलाई अल्पविकसितबाटविकासोन्मुख हुँदै विकशित प्रदेशको श्रेणीमा पुऱ्याइनेछ ।

साधारण खर्च भन्दा बढी विकास बजेट साथै मानव विकास संसाधनमा भन्दा ज्यादा बजेट भौतिक पूर्वाधार विकासमा विनियोजन गरिनेछ ।

## ८. कर प्रणली सम्वन्धी नीति :

प्रदेशको आर्थिक विकास, समृद्धिको लक्ष हासिल गर्न दिर्घकालिन राजस्व नीति निमार्ण गरि एक राष्ट्र एक कर नीति लागू गर्न केन्द्र सरकार संग समन्वय गरिने छ ।

कर प्रणालीमा नीतिगत एवम् कानुनी सुधार, प्रक्रियागत एवम् प्रशासनिक सुधार, संस्थागत सुदृढीकरण गर्न अत्याधुनिक सूचना प्रविधिको उपयोग गर्दै करदाताको कर परिपालना लागत र कर प्रशासन लागत कम हुनेगरी कर प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

प्रदेश विभिन्न कार्यालयहरुबाट मासिक रुपमा असुली हुने राजश्वको लक्ष्यलाई वैज्ञानिक र व्यवहारिक बनाउन लागि मासिक रुपमा असुल हुने राजश्वको पनि प्रक्षेपण गरिनेछ ।

निर्यात मुलक वस्तु उत्पादन गर्ने साना उद्योगी तथा व्यवसायीहरुले आफ्ना उत्पादन सोझै निर्यात गर्न असमर्थ रहेकाले यस्ता उद्योगी तथा व्यवसायीहरुको उत्पादनको निर्यात व्यवस्थाका लागि निर्यात गृहको स्थापना गर्ने र सो निर्यात गृहलाई गरेको विक्रीको पनि निकासी सरहको सुविधा उपलब्ध गराइने छ ।

आयातित कच्चापदार्थबाट उत्पादन गरी तयारी सामान निर्यात गर्दा निकासीको आधारमा भन्सार बिन्दुमा नै राजश्व फिर्ता दिने व्यवस्थालाई लागू गरिनेछ ।

करदाताले पेश गर्नुपर्ने सम्पूर्ण विवरणहरु र निवेदनहरु विद्युतीय माध्यमबाटै पेश गर्नसक्ने कर चुक्ता प्रमाण पत्र अनलाइन प्रणालीबाट लिन सक्ने र स्रोतमा कर कट्टी गरी दाखिला गरेको वित्तीय विवरणलाई स्वयम् प्रमाणीकरण गर्ने प्रणाली विकास गरी लागू गर्ने व्यवस्था मिलाइने छ ।

करदाताले आफूले दाखिला गरेको कर विवरण कर रकम, बक्यौता आदि एकीकृत कर प्रणालीमा हेर्न मात्र मिल्ने सुविधा प्रदान गरिनेछ ।

शिक्षण संस्था तथा अन्य सेवाप्रदायक संस्थाले विद्यार्थी अभिभावक एवम् सम्बन्धित उपभोक्तासँग लिने सबैप्रकारका शुल्कहरुमा शिक्षा सेवा शूल्क र अन्य सेवाप्रदायक संस्थासँग अन्य सेवा शुल्क लिने व्यवस्था गरिने छ ।

करको दर घटाउदै करको क्षेत्रको विस्तारमा जोड दिईने छ ।

दूरसञ्चार सेवा र पेट्रोलियम पदार्थको आयात कारोवारमा लाग्ने आयकरको दरलाई २५% भन्दा कम गर्ने साथै पेट्रोलियम पदार्थको भण्डारण क्षमता विस्तार जस्ता कार्यक्रममा सार्वजनिक अवधारणा अनुरुप विकास र निर्माणमा जोड दिइने छ ।

प्राकृतिक स्रोत सहित अन्य स्रोतबाट प्राप्त राजश्वको बाँडफाँड केन्द्र, प्रदेश र स्थानीय तहबीच गर्न पारदर्शी सूचक सहितको प्रणाली विकास गरिने छ ।

प्रदेश सरकारले आवश्यक स्रोत जुटाउनको लागि लिनसक्ने सार्वजनिक ऋण सम्बन्धी कार्यविधि, ऐन तथा नीति नियम तयार गरी लागू गरिने छ ।

नेपाली उत्पादनलाई विस्थापित गर्ने र आन्तरिक औद्योगीकरण तथा रोजगारीमा नकारात्मक प्रभाव पार्ने आयातित वस्तुहरुमा एन्टी डम्पिङ्ग र समीकारक शूल्क ९ऋयगलतभचखबर्षष्लिन म्गतथ० लगाउने कानुनी व्यवस्था गरी स्थानीय उद्योगका समान किसिमका उत्पादनमा अन्तशूल्क लगाइने छैन ।

शेयर दलालहरुलाई मूल्यअभिबृद्धिकरमा दर्ता गराउने साथै कुरियरबाट हुने निकासी पैठारीलाई व्यवस्थित गर्न आर्थिक ऐनमा नै संक्षिप्त र स्पष्ट कानुनी व्यवस्था राखिने छ ।

सम्पत्ति शुद्धीकरणका जोखिम क्षेत्रहरु जस्तै ः घरजग्गा कारोवार, सुनचाँदी व्यवसाय आदिको नियमनकारी निकाय तोकिनेछ । साथै सहकारी व्यवसायको नियमन गर्ने कार्यलाई थप प्रभावकारी बनाइने छ भने भन्सारबाट जाँचपास भएका मालसामनको घाषित परिमाण वा मूल्यमा ५०% भन्दा बढी फरक पारी जाँचपास भएको पाइएमा यस्तो कार्यमा संलग्न कर्मचारी आवश्यक कार्वाही गरिनेछ ।

राजस्व चुहावट अनुसन्धानको सिलसिलामा प्राकृतिक अपराध बाहेक अन्य राजस्व छलिको अनुसन्धानमा बैंक खाता तथा सम्पत्ति रोक्का गर्दा अदालतको आदेश लिएर मात्र रोक्का गर्न सक्ने व्यवस्था गरिनेछ ।

गैरकर प्रशासन गर्ने सम्बन्धित निकायहरुमा कार्यरत जनशक्तिको जिम्मेवारी र जवाफदेहिता निर्धारण, आवधिक तालिम जस्ता कार्यक्रम सञ्चालन गर्न प्रदेश स्तरमा छुट्टै महाशाखा र गैरकर संकलन गर्ने प्रत्येक निकायमा गैरकर केन्द्र स्थापना गरिनेछ ।

जोखिममा आधारित अनुसन्धान तथा परिक्षण पद्धतिको प्रभावकारी कार्यान्वयन गरी प्रदेसीय कराधाराको संरक्षण गरिने छ ।

स्थानीय निकाय, केन्द्र, अन्तराष्ट्रिय र अन्तरनिकाय संग समन्वय एवं सहकार्यको माध्यमवाट पनि करको आधार संरक्षण गरिने छ ।

संस्थागत आकरको दर घटाउँदै लगी र व्यक्तिगत आयकरको दरलाई थप प्रगतिशील बनाइने छ । साथै पूर्णतया योगदानमा आधाररित छुट्टै सामाजिक सुरक्षाकोष स्थापना गरी विकास निर्माण कार्य गरिने छ ।



देजमोको चुनाव चिन्ह

## ९. पूर्वाधार विकास सम्वन्धी नीति :

परियोजना छनौट सम्वन्धी नीति, अनुगमन सम्वन्धी नीति, लगानी संरक्षण सम्वन्धी नीति नियम निमार्ण गरिने छ ।

ख) सम्भाव्यताको अध्ययन, योजनाको छनौट, ल्यागत इस्टमेट तयार पारी परियोजनाहरु शुरु गर्नु भन्दा पहिले निम्न आधारहरुको खोजी गरिने छ ः

परियोजना किन आवश्यक छ भन्ने रणनीतिक आधार आयोजनाले आम जनसमुदायमा ल्याउन सक्ने आर्थिक, सामाजिक, सांस्कृतिक वा वातावरणीय प्रभावलाई विकासको आधार बनाई उच्च स्तरीय प्रविधि, अनुभवि दक्ष प्राविधिकको उपयोग गरी सरकार वा जनसमुदायबीच वित्तीय सहकार्य गरी निर्धारित समयसीमा भित्र आयोजना कार्यान्वयनको सुनिश्चितता गरिने छ ।

विकास निर्माण कार्य शीघ्रताका लागि प्रदेश, जिल्ला तथा स्थानीय दररेट निर्धारण गर्ने व्यवस्था आर्थिक वर्ष सुरु हुनुभन्दा ३ महिना अगावै सार्वजनिक गरिने छ ।

निर्माण व्यवसायीले लिएको ठेक्का सम्बन्धी विवरण अभिलेख गर्ने र सबै निकायले उक्त अभिलेख हेरी निज ठेकेदारको क्षमता अनुसार मात्र ठेक्का दिने, पूर्वाधार विकास गर्दा निर्माण कम्पनी संग निमार्णाधिन योजनाको सुरक्षाका लागि शोको अनुपातमा धितो किटान गरि निश्चित समयसीमा सम्म पूर्ण जवाफदेहिताका साथ परियोजनाहरु निर्माण गराउने कानुनी व्यवस्था गरिनेछ ।

## १०. भ्रष्टाचार सम्बन्धी नीतिः

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले भ्रष्टाचार विरोधी सशक्त कानून बनाउन र भ्रष्टाचारीहरूलाई सशक्त कानुनी कारवाही गर्ने र भ्रष्टाचारलाई अन्त्य गर्ने कार्यमा अग्रपंक्तिमा रहेर नेतृत्वदायी भुमिका निर्वाह गरिने छ ।

भ्रष्टचार सम्वन्धी सुन्य सहनसिलताको नीति कडाई पूर्वक लागू गरिने छ ।

## ११. शिक्षा र स्वास्थ्य सम्बन्धी नीतिः

मानव संशाधनको विकास राष्ट्रिय शिक्षा नीतिलाई नेपालको राज्य व्यवस्था, अर्थतन्त्र, सामाजिक क्षेत्र र राजनीति लगायत सबै क्षेत्रलाई सही रुपमा संचालन गर्ने योग्य, सक्षम, दक्ष र सिर्जनशील विकास गर्ने गरी परिमार्जन गरिने छ ।

प्रदेशका प्रत्येक स्थानीय तहमा श्रमशक्तिका रुपमा विकसित भइरहेका सम्पूर्ण युवायुवतीहरूलाई उनीहरूको रुचि अनुसारको विषयमा दक्षता प्रदान गर्न उच्च माध्यमिक शिक्षा परिषद् (सीटीइभीटी) बाट मान्यता प्राप्त साधन सम्पन्न तालिम केन्द्र स्थापना गरिने छ ।

प्रदेशमा शिक्षित जनशक्तिलाई रोजगारीका लागि दक्षता प्रदान गर्न अत्याधुनिक प्राविधिक तथा व्यवसायिक आवासीय विश्वविद्यालयहरू संचालन गरिने छ ।

प्रदेश स्तरमा प्रदेशलाई आवश्यक पर्ने विविध विषयका वैज्ञानिकहरू उत्पादन गर्न अत्याधुनिक साधन र स्रोतले सम्पन्न अनुसन्धान केन्द्रहरू स्थापना गरिने छ । यी केन्द्रहरूमा वैज्ञानिकहरूले प्राप्त गरेको ज्ञानलाई बौद्धिक र समुदायको ज्ञानलाई अनुवंशिक ज्ञानको रुपमा स्वीकार गर्दै अधिकारकको अधिकार ( पेटेंट राईट्स) को रुपमा दर्ता गरिने छ ।

शिक्षा र स्वास्थ्यलाई पूर्णरूपले राज्यको दायित्व अन्तर्गत राखिनेछ ।

वैज्ञानिक तथा व्यवसायिक शिक्षा प्रणाली लागु गरिनेछ । उच्च शिक्षा अनुसन्धनात्मक, विशेषज्ञता, सिर्जनात्मकता र वैज्ञानिक मानवशक्ति निर्माणमा केन्द्रित हुनेछ ।

उच्च शिक्षालाई प्रदेश र राष्ट्रिय आवश्यकता पूरा गर्ने प्रतिभावान् र क्षमतावान श्रमशक्ति निर्माण गर्न सञ्चालन गरिने छ । बौद्धिक पलायनको समस्यालाई न्यूनीकरण गर्न उत्पादनशील, प्राज्ञिक, अनुसन्धानमूलक क्षेत्रहरूको विकास गरिने छ । त्यस्ता व्यक्तिहरूलाई स्वदेशमै काम र प्राज्ञिक उन्नयनको निम्ति प्रदेशले विशेष व्यवस्था गर्नेछ ।

कूल गार्हस्थ उत्पादनको ५प्रतिशत रकम खोज अनुसन्धानमा लगाइने छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न गुरुकुल, विहार, गुम्बा, मदरसा, खुला एवम् वैकल्पिक शिक्षा कार्यक्रमलाई शिक्षा प्रणालीसँग आबद्ध साथै प्रदेशमा वहुभाषिक शिक्षा नीति लागु गरिने छ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष शिक्षाको व्यवस्था गरिने छ । आगामी दुई वर्षभित्र विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना हुने सुनिश्चितता गरिने छ । यसै अवधिमा सबै नागरिकहरूलाई साक्षर तुल्याइने छ ।

आगामी पाँच बर्षभित्र ४५ प्रतिशत युवा जनशक्ति शिक्षित हुने गरी शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ । दुर्गम क्षेत्रका विपन्न र विद्यालय टाढा भएका विद्यार्थीहरूका निम्ति सरकारले आवासीय विद्यालय सञ्चालन गर्नेछ । सामुदायिक/सार्वजनिक र निजी शिक्षाबीच कायम भएको ठूलो अन्तर, त्यसले सिर्जना गरेको सामाजिक विषमता र विकृतिहरूको अन्त्य गर्न सार्वजनिक शिक्षामा व्यापक लगानी वृद्धि गर्ने स्तर उन्नती गर्ने र निजी लगानीलाई नियमन गरि व्यापारीकरणलाई अन्त्य गरिनेछ ।

पाठ्यक्रममा एकरूपता कायम गरिने छ । पाठयक्रममा देशभक्तिपूर्ण भावना विकास गर्ने, नैतिकवान उत्पादन, श्रम एवम् स्थानीय अर्थतन्त्र र स्थानीय रोजगारी बृद्धि गर्ने बिषयसँग आबद्ध गरिने छ ।

विद्यालय बाहिर रहेका, विद्यालयमा केही वर्ष अध्ययन गरेर छाडेका, फरक क्षमता भएका बालबालिकाका लागि क्षेत्रगत स्रोत कक्षा, वैकल्पिक कक्षा र ग्रामीण परिवेशमा आधारित प्रविधियुक्त शिक्षाको व्यवस्था गरिने छ ।

हाल संचालित अस्पतालमा एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अकुपञ्चर, आम्ची, प्राकृतिक र परम्परागत स्वास्थ्य सेवा लगायत वैकल्पिक उपचार पद्धतिलाई एकीकृत र समन्वयात्मक रुपमा स्थानिय, प्रदेश र केन्द्रमा यि सेवाहरु पाँच वर्ष भित्रमा प्रदेशका हरेक गाउँ र नगरमा संचालन गरिने छ ।

खोप, स्वास्थ्य सेवाको अभाव र कुपोषणका कारण कुनै पनि बालबालिकाको मृत्यु हुने छैन । मातृ मृत्युको प्रमुख कारण रहेको वालविवाहको अन्त्य गरिनेछ ।

गर्भवती तथा सुत्केरीलाई पोषणसहित आवश्यक सम्पूर्ण सेवा निःशुल्क र सहज ढङ्गले उपलब्ध गराइने छ । प्रसुती सेवाको अभावमा आमाको ज्यान जाने अवस्थाको अन्त्य गरिने छ । प्रदेशका स्थानीय स्तरमा दक्ष नर्स सहितको प्रसुती केन्द्र स्थापना गरिनेछ ।

घातक स्वास्थ्य समस्याहरूको रुपमा रहेका उच्च रक्तचाप, मुटु रोग, मधुमेह, मृगौला रोग, दमखोकी, क्यान्सर आदि घातक रोगहरूको औषधी, रक्त परीक्षण र स्वास्थ्य जाँच निःशुल्क रूपमा उपलब्ध गराइने छ ।

मृगौला रोगीहरूको लागि डाईलाईसिस तथा प्रत्यारोपण सेवा निःशुल्क तथा सहज ढङ्गले प्राप्त गर्ने गरी प्रदेशमा संचालन गरिने छ । प्रदेशमा क्यान्सर लगायतका रोगहरुको उपचार केन्द्र स्थापना गरिने छ । रिफर गर्ने उचित प्रबन्ध मिलाइने छ ।

गुणस्तरीय स्वास्थ्य सेवाका लागि विशेषज्ञ र विषयगत स्वास्थ्य प्राविधिकको आवश्यकता पहिचान गरी शैक्षिक प्रतिष्ठान, स्वास्थ्य संस्थाहरूको स्थापना र सञ्चालन गरिने छ । स्वास्थ्य सम्बन्धी खोज तथा अनुसन्धानलाई प्रोत्साहन गरिनेछ । स्वास्थ्य शिक्षालाई नाफा कमाउने माध्यम बनाउने कुरालाई निरुत्साहित गरिने छ ।

शिक्षा, स्वास्थ्य र खाद्य सम्प्रभुताको पूर्ण ग्यारेन्टी गरी स्वाथ्य विमाको नीति वनाई प्रभावकारी ढंगले लागू गरिने छ ।

## १२.कृषि तथा भूमिसुधार सम्बन्धी नीतिः

वैज्ञानिक भूमिसुधार तथा भुउपयोग नीति एवम् योजनाको आधारमा भूमिको वर्गीकरण गरिने छ ।

किसानलाई सम्पन्न बनाउन कृषिको आधुनिकीकरण व्यवसायिक, तथा औद्योगीकरण कार्यक्रम लागु गरिने छ ।

सामान्त दलाल तथा नोकरशाही पुंजीपतिहरूको जमिन जफत गरी राष्ट्रियकरण गरिने छ । वैज्ञानिक भूउपयोग नीतिको कार्यान्वयन गरिनेछ ।

एक वर्षभित्र प्रदेश व्यापी नापी शुरु गरी भूमिको यथार्थ अभिलेख राखि जग्गाको वर्गीकरणलाई वैज्ञानिक र व्यवस्थीत बनाइने छ ।

कृषियोग्य जमिन चक्लाबन्दी गरी स्मार्ट जोन, सुपरजोन, र ब्लक स्तरका आधुनिक फर्महरूको विकास गरिने छ । यस्ता फर्महरूमा माटोको परीक्षण गरी माटो र मौसम अनुकूलको उत्पादन सुरु गरिने छ ।

अव्यवस्थित बसोबास, घरविहीन र सुकुम्वासी समस्याको समाधान गर्दै जमिनको पूर्ण स्वामित्व उपलब्ध गराइने छ ।

हलिया, लोपोन्मूख जातिका परिवार, मुसहर, उराव, झाडग, सन्थाल, चमार, डोम, माझी, लगायतका विपन्न समुदायका परिवारलाई पाँच वर्षभित्र आधारभुत घर उपलब्ध गराइने छ ।

कृषि उत्पादन बढाउनका लागि किसानहरूलाई अनुदान दिईनेछ । मल, बिऊ र प्राबिधिकको व्यवस्था मिलाइने छ ।

कृषि उत्पादनको खरिद र विक्रीका लागि समर्थन मूल्य निर्धारण गरी राज्यले कृषि उपजको खरिद गर्ने छ ।

पशुपालन व्यवसायलाई व्यवसायिक बनाउँदै निर्यातमुखी बनाइने छ ।

पशुपालक किसानहरूलाई अनुदानको व्यवस्था गर्नुका साथै पशु उत्पादनको खरिद, बिक्रीका लागि उचित मूल्य निर्धारण गरिनेछ ।

हिमाली भेगमा खाद्यान्नको अभावको आपूर्तिका लागि अनुदानको व्यवस्था गरी सहुलियत मूल्यमा उपलब्ध गराउने सुनिश्चित गरिनेछ ।

हिमाली क्षेत्रमा पाईने जडीबुटीको वैज्ञानिक ढंगले सम्बर्धन, प्रवर्धन, संकलन र प्रशोधन गर्ने व्यवस्था गरिनेछ ।

हिमाली तथा पहाडी भेगमा फलफूल उत्पादनको विकास गर्ने वैज्ञानिक कार्यक्रम लागु गरिनेछ र उत्पादित वस्तुको उचित मूल्य निर्धारण र विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

कृषि उत्पादित वस्तुको लागत मुल्य, भण्डारण, वजार व्यवस्थापन गरिने छ । साथै व्यापक रुपमा कृषि सडकको विस्तार गरिने छ ।

किसानको उत्पादन क्षमता वृद्धि गर्न र व्यवसायिक वनाउनका लागि एक वस्ती एक उत्पादनको निम्ति कृषि सहकारी मार्फत गरिने छ । कृषि उत्पादनमा प्रविधि र प्राविधिकवाट सेवा उपलव्ध गराईने छ ।

## १३. उद्योग तथा वाणिज्य सम्बन्धी नीतिः

उद्योग, वाणिज्य र व्यापारको क्षेत्रमा कायम रहेको बहुराष्ट्रिय, एकाधिकार पूंजीवाद र दलाल पूंजीवादको नियन्त्रणलाई खारेज गरी राष्ट्रिय हितलाई सर्वोपरिमानी नीति निर्माण गरिनेछ ।

राष्ट्रिय चरित्र भएका उद्योग, वाणिज्य र व्यापारलाई संरक्षण, सम्वर्धन र प्रोत्साहन गरिनेछ ।

................वाँकी ५ पेजमा

# यस्तो छ देशभक्त जनगणतान्त्रिक ..........

सामाजिक सुरक्षा एवम् व्यवपार सहजीकरण कार्यको लागि सबै भन्सार कार्यालयहरुमा गुणस्तर परीक्षण गरिने छ सोको आधारमा सामानहरुका लागि सुविधा सम्पन्न आफ्नै प्रयोगशाला व्यवस्था गरिने र सो प्रयोगशालाले गुणस्तरीय परीक्षण गरिसकेपछि मालवस्तुको परीक्षण प्रतिवेदनको आधारमा जाँचपास हुने व्यवस्था मिलाइने छ ।

उद्योग धन्दा सँग संबन्धित विदेशी ऋण, अनुदान र प्रविधि एवं प्राविधिक ज्ञान राष्ट्रहित विपरीत नहुनेगरी मात्र स्वीकार गरिनेछ ।

साझेदारी फर्मको तुलनामा निजी फर्मको दर्ता तथा नवीकरण शूल्क अत्यन्तै ज्यादा भएकोले निजी फर्मको दर्ता तथा नवीकरण शूल्क पुँजीगत आधारमा निर्धारण गरिने छ । साथै साझेदारी फर्म, निजी फर्म वा घरजग्गाको मूल्याङ्कन गर्दा बजार मूल्यलाई आधार मानि मूल्याङ्कन गर्ने र साही अनुरुप रजिष्ट्रेशन पारित गरिने छ ।

छिमेकी तथा अन्य मित्र राष्ट्रहरु सँगको उद्योग एवं वाणिज्य संबन्धी सम्बन्ध पारस्परिक समानता र ग्रामीण क्षेत्रमा साना तथा घरेलु उद्योग धन्दाको संचालन र विकासमा जोड दिईनेछ ।

वित्तीय (बैंकिङ्ग) पुँजी र विप्रेषण (रेमिटेन्स) बाट आउने पुँजीलाई औद्योगिक पूँजीमा रुपान्तरण गर्न जोड दिईनेछ ।

उद्योग, वाणिज्यको क्षेत्रमा नागरिक लगानीलाई प्रोत्साहन गर्दै त्यसको सम्बर्धन एवं प्रवर्धन गरिनेछ ।

सूचना सञ्चार प्रविधिमा आधारित उद्योग स्थापनामा विशेष जोड दिईने छ । साथै उत्पादित वस्तु एवं सेवालाई प्रतिस्पधात्मक क्षमता अभिवृदि गर्ने नीतिगत व्यवस्था गरिनेछ ।

कृर्षिमा आधारित उद्योग सथापनाको लागी सहुलियत ऋण उपलब्ध गराईने छ । कृर्षि उद्योगलाई आत्मनिर्भर वनाई अर्गानिक कृर्षिजन्य वस्तु विदेश निर्यातमा राज्यको तर्फवाट सहयोग गरिने छ ।

विद्युतीय यातायातको साधनको निमार्णमा उद्योगी व्यापारीलाई प्रोत्साहन गरिने छ । प्रदेशमा हुने व्यापार घाटालाई न्युनीकरण गर्न स्पष्ट नीतिगत व्यवस्था गरिने छ । साथै निर्यात प्रर्वधन गरिने छ ।

### १४.ऊर्जा, जलस्रोत र सिंचाई सम्बन्धी नीतिः

सप्तकोशी उच्चवाँध जस्तो राष्ट्रघाती र जनघाती परियोजनाको पूर्ण रुपमा अस्वीकार गर्दै त्यस्तो परियोजनालाई कुनै पनि मुल्यमा सम्पन्न गर्न दिईने छैन । सप्तकोशीका सहायक नदीहरुमा गरिने कुनै पनि परियोजनाहरु जस्तै अरुण, तमोर, दुधकोशी,सुनकोशी, सुनकोशी-१-२, तमोर, तामाकोशी, तामाकोशी-३ लगायत परियोजनाहरुको निमार्ण गर्दा जनताको लगानी जनताकै आम्दानी भन्ने आधारमा ठुला तथा मझौला जलविद्युत सिचाई खानेपानी आयोजनाहरु संचालन गरिने छ ।

सप्तकोशी वाँध निमार्ण गर्दा अधिकरण गरिएको जग्गाको प्रचलित मुल्यमा मुआव्जा र नागरिकको स्वामित्वमा कामय रहेको जमिनको भोगचलन कामय गराउन प्रदेशले केन्द्र सरकारलाई दवाव र्सिजना गर्ने । साथै सप्तकोशीमा नेपालको पुर्ण अधिकार स्थापित गर्नका लागी वाँधको नियामन परिचालन, सर्म्वधन केन्द्र सरकार र प्रदेश सरकारले लिने पहल गर्ने ।

केन्द्र संग सहकार्य गरी सुनकोशी-कमला डाइभर्सन निर्माण गरी जमिनमा सिंचाइ सुविधा उपलब्ध गराइनेछ । साथै मोरङ-सुनसरी सिंचाइ आयोजनाको क्षेत्र विस्तार लगायत अन्य साना र मझौला सिंचाइ आयोजनाका माध्यमबाट हिमाल पहाड तराइ-मधेशमा सिंचाइ पूर्वाधारको सञ्जाल विस्तार गरिनेछ ।

कम्तीमा दुई वटा अन्तर जलाधार जल स्थानान्तरण आयोजनाको प्राविधिक अध्ययन सम्पन्न कार्यान्वयन प्रारम्भ गरिनेछ । सिंचाइ योजना कार्यान्वन गर्दा जलउत्पन्न प्रकोप न्यूनीकरण प्रविधि संग-संगै कार्यान्वयन गरिनेछ ।

साना सिंचाइ, स्थानीय प्रविधि, थोपा सिंचाइ प्रविधि एवं आकाशे पानी संकलनद्वारा दह सिंचाइ प्रविधिलाई प्राथमिकता दिइनेछ । प्रत्येक थोपाबाट थप उत्पादन गर्ने अभियान अन्तरगत सिंचाइ सुविधा विस्तार गरिनेछ ।

ठूला आयोजनाहरूमा निजी क्षेत्रको लगानी प्रभावकारी रूपमा परिचालित गर्न यसको कानूनी र संस्थागत स्वरुप परिवर्तन गरी ऋण पत्र र सेयरनीतिको नीतिगत व्यवस्था गरिनेछ ।

परियोजना संचालनका निमित अनुमति पाएका नीजि क्षेत्रले निर्धारित समयमा परियोजना सम्पन्न नगरी "झोलामा खोला वोकेर हिँड्ने" कम्पनीहरुको सम्झौता र ईजाजत पत्र खारेज गरिने छ ।

### १५. वातावरण, वन र पर्यटन सम्बन्धी नीतिः

न्यून कार्बनयुक्त हरित अर्थतन्त्रको विकास गरी युवा तथा महिलालाई वातावरण संरक्षणमा सहभागी बनाउँदै रोजगारी सिर्जना गरिनेछ ।

हिमनदी-नाला, तालतलैयालाई प्रदूषणमुक्त गर्न अभियानको रुपमा प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

कलकारखानाबाट उत्पन्न हुने प्रदूषण कम गर्ने नयाँ प्रविधि तत्काल जडान गर्न प्रोत्साहित गरिनेछ तथा बढी प्रदूषण उत्सर्जन गर्ने यातायातका साधनलाई अविलम्व विस्थापित गरिनेछ ।

पूर्वाधार विकासका सम्पूर्ण कार्यलाई अनिवार्य रुपले वातावरण मैत्री बनाइनेछ । साथै चुरे क्षेत्रको संरक्षण गरिने छ ।

प्रदेशका प्राकृतिक स्रोत, वन-वनस्पति, वन्यजन्तु, खनिज तथा जल सम्पदा, जडिबुटी आदि स्रोत साधन के कति परिमाणमा उपलव्ध छन् खोजी गरी तिनको बैज्ञानिक ढंगबाट अभिलेख राख्ने, उचित उपयोग गर्ने र संरक्षण गर्ने कार्य गरिने छ । वनमा बहुमुल्य जडीवुटीको व्यावसायिक खेती, विकास, प्रशोधन गरी हज्जारौ परिवारको दिगो आम्दानीको स्रोत हुने व्यवस्था मिलाइनेछ ।

पूर्वाधार विकास कार्यक्रमका कारणले वातावरणमा व्यापक खलल पुगेकाले त्यसको नियन्त्रण गरी रोकथाम गर्न दीर्घकालीन योजना तय गरी लागु गरिनेछ ।

बन सम्पदालाई संरक्षण र संबर्धन गर्ने दीर्घकालीन राष्ट्रिय नीति तथा कार्यक्रम तय गरिने छ । वन सम्पदा र पैदावारको संरक्षण र सदुपयोगका लागि जनसमुदायको प्रत्यक्ष भूमिकालाई बढाइने छ ।

जल, जमिन र जंगल जस्ता प्राकृतिक स्रोत साधनहरुमा आदिवासि जनजाति र स्थानीय जनसमुदायको अग्राधिकार सुनिश्चित गरिने छ ।

राष्ट्रिय निकुंज र शिकार आरक्ष जस्ता क्षेत्रमा स्थानीय जनसमुदाय र आदीवासी जनजातिहरुको हितको संरक्षण गर्ने नीति कार्यान्वयन गरिनेछ ।

जल, जमिन र जंगल जस्ता प्राकृतिक स्रोत साधनको उपयोग गर्ने, सम्बन्धित आदिवासी जनजाति र स्थानीय जनसमुदायको पूर्व सूसुचित स्वीकृतिको आधारमा मात्र कार्यान्वयन हुने अधिकारलाई सुनिश्चित गरिने छ ।

जैविक विविधता, प्राकृतिक सौन्दर्य तथा मैत्रीपूर्ण व्यवहारले संसारभरिका पर्यटकहरुलाई आकर्षित गरिरहेको छ । जैविक सांस्कृतिक विविधता एवम् प्राकृतिक सौन्दर्यको अध्ययन अवलोकनको लागि आकर्षक प्रदेशको रुपर्मा परिचित गराउँदै पर्यटन उद्योगको प्रवर्द्धन गरिनेछ ।

पर्यटकहरूको संख्या व्यापक रुपमा बढाउन पर्यटन गन्तव्य स्थलहरूको खोजी, विकास, सम्बर्द्धन गरिने छ । पर्यटन विकासको लागी ताप्लेजुङ्ग देखि सगरमाथासम्म पर्यटकीय पदमार्ग निमार्ण गरिनेछ ।

हिमाल अवलोकन पर्वतारोहण तथा पदयात्रालाई सुरक्षित र थप आकर्षक वनाईने छ । जैविक विविधताले महत्वपूर्ण निकुञ्ज र बन्यजन्तु आरक्षहरूलाई अझ धेरै पर्यटकहरू आकर्षित गर्ने गरी संरक्षण र सम्बर्द्धन गरिने छ । जल विहारलाई बढी आकर्षक, सुरक्षित र मनोरन्जनात्मक बनाइने छ ।

पथप्रदर्शकहरूका लागि तालिम केन्द्रहरूको स्थापना र संचालन गरिने छ ।

पर्यटकहरुको लागि सुविधा सम्पन्न होटलहरु तथा होमस्टे आदिको निर्माणमा नीजि क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

धार्मिक ऐतिहासिक जैविक प्राकृतिक तथा पुरातात्विक महत्वका स्थानलाई संरक्षण गरि आन्तरिक तथा वाहय पर्यटकीय केन्द्र बनाईने छ ।

### १६. बस्तीविकास र शहरीकरण सम्बन्धी नीतिः

शहरी र ग्रामिण क्षेत्रमा भवन निर्माण सम्बन्धी आचारसंहिता तय गरी लागु गरिनेछ । बस्ती विकासमा अहिले भैरहेको अव्यवस्थित शहरीकरणलाई नियन्त्रण र रोकथाम गरिनेछ ।

वर्तमान अवस्थामा भैरहेको जथाभावी घरघडेरी (प्लटिङ्ग) गर्ने कार्यलाई रोकिने छ ।

खेतीयोग्य र कृषि उत्पादन हुने स्थानमा बस्ती निर्माण गर्ने र शहरीकरण बढाउने कार्यमा प्रतिबन्ध लगाइने छ ।

नेपाली जनतालाई आधुनिक र दीर्घकालीन ढंगले सहज जीवन यापनको व्यवस्था गर्नको लागि एकीकृत योजना तय गरी कार्यान्वयन गरिनेछ । सुरक्षित र एकीकृत वस्ती विकासका लागी उपयुक्त स्थानको खोजि गरि सकेसम्म धेरै परिवार वसोवास गर्न सक्ने नया शहरको नक्सांकन सहितको विस्तृत परियोजना तयार गरिने छ ।

पर्यटकटकीय विशेषता र पहिचान सहितका ऐतिहासिक शहर, सांस्कृतिक, प्राकृतिक, मेट्रो शहर, सेटलाईट सिटिहरुको विकाश गरिने छ ।

मध्यपहाडी र हुलाकी राजमार्गको सेरोफेरोमा आधुनिक शहरहरु र व्यापारिक केन्द्रको स्थापना गरिनेछ ।

### १७. संचार सम्बन्धी नीतिः

सुचनाको हक सम्वन्धी ऐनलाई थप परिमार्जित गर्दै पूर्ण रुपमा लागु गरिने छ । आधुनिक सुचना तथा सञ्चार प्रविधिमा आम जनताको पहुच स्थापित गरिने छ ।

नागरिकलाई सबै प्रकारका आधुनिक संचार साधनको पहुँचमा रहन पाउने अधिकारको सुनिश्चित गरिनेछ ।

सूचना प्रविधिको विकासलाई बढावा दिइ यसको प्रयोगलाई व्यापक बनाइने छ साथै ई-गभर्नेन्सको माध्यमबाट सु-शासनको पूर्ण प्रत्याभूति गराइने छ ।

भन्सार कार्यालयहरुमा ज्ञापनपत्र दर्ता देखि लिएर सामान जाँचपास हुने अवस्थाका सबै प्रकृयाहरु कम समयमा र झन्झट रहित तवरले सम्पन्न गर्न एकद्वार प्रणालीको कार्यविधिको व्यवस्थापन गरिनेछ ।

स्मार्ट कार्डको प्रयोगबाट नै नागरिकले राज्यका सेवा सुविधाको उपभोग गर्ने संयन्त्र तयार गरिनेछ । हुलाक व्यवस्थालाई आधुनिकिकरण गरि नागरिक सेवा संस्थाको रुपमा विकसित गरिने छ । भने व्रोडव्याण्ड ईन्टरनेट सुविधा आम नागरिकको पहुचमा पुऱ्याईने छ ।

वाक तथा प्रकाशन स्वतन्त्रताको प्रत्याभूति गरिनेछ सार्वजनिक उत्तरदायित्वको प्रवर्द्धन, आम नागरिकलाई सत्य-तथ्यको जानकारी, समाजमा असल विचार प्रवाह, सुचनाको हक ग्यारेन्टी गरिने छ ।

मातृभाषामा प्रसाारण हुने रेडियो तथा मातृभाषामा प्रकाशनहुने पत्रपत्रिकालाई अनुदानको व्यवस्था गरिने छ ।

स्थानिय सञ्चार माध्यामा लैङ्गिक समानता, श्रमजीवि संञ्चारकर्मीको पेशगत सुरक्षालाई जोड दिईने छ । संचारमा प्रत्यक्ष वा परोक्ष रुपमा गरिने विदेशी लगानीलाई निषेध गरिने छ ।

आमसंचार माध्यमलाई निष्पक्ष, व्यवसायी, उत्तरदायी र जिम्मेवार जवाफदेही उद्योगका रुपमा विकास गरिने छ ।

### १८. बैंक, सहकारी तथा पुँजीबजार

बैंक तथा वित्तीय संस्थाबाट व्यवसायिक कर्जा प्रवाह गर्दा आन्तरिक राजश्व कार्यालयमा पेश गरेको आय विवरण र वित्तीय विवरण दाखिला गरेको प्रमाण समेतका आधारमा कर्जा प्रवाह गर्ने व्यवस्थाको कार्यान्वयन गरिने छ ।

चीन, भारत तथा अन्य मित्रराष्ट्रहरुबाट पैठारी हुने मालवस्तुहरु प्रतिपत्र खोली पैठारी गर्नेलाई प्रोत्साहन स्वरुप छुट सुविधाहरु उपलब्ध गराइने छ ।

नेपाली महिला उद्यमी सञ्चार गरेको उद्योगको विस्तारका लागि न्युनत्तम ब्याजदरमा ऋण उपलब्ध गराइने छ । साथै लघु, घरेलु तथा साना उद्योगलाई स्तरोन्नति गर्दै उपभोग्य कर्जा भन्दा उत्पादन मूलक औद्योगिक एवम् निकासीजन्य उद्योगले लिने कर्जाको ब्याजदरमा कम गरिने छ ।

कर्जा व्यवस्थालाई सरलीकृत गरी निकासीमूलक उद्योगहरुलाई न्युनत्तम ब्याजदरमा ऋण लगानीको व्यवस्था गरी वाणिज्य बैंकहरुले लिने र दिने ब्याजदरको अन्तर घटाइने छ । साथै सोको प्रभावकारी अनुगमन गरिने छ ।

बैंकिङ् च्यानलबाट रेमिटेन्स पठाएर बैंकमा गरेको बचतमा बढी ब्याज दिने, रकम पठाउँदा सेवा शूल्क नलाग्ने वा बैंक कमिशन सरकारले व्यहोर्ने गरी प्रोत्साहन दिने व्यवस्था गरिने छ ।

कृषि पेशामा युवाहरुलाई आकर्षित गर्न कृषि सम्बन्धी परियोजना धितोमा ऋण प्रवाहको व्यवस्था गरिनेछ एवम् सबैखाले सहकारीमा लगाएको आयकर यसै आर्थिक वर्षदेखि ५% प्रतिशत गरिनेछ ।

गैरआवासीय नेपालीहरु निश्चित सीमासम्म बैंकिङ् सेवाबाट घरजग्गा तथा अपार्टमेन्ट खरिद गर्न तथा पुँजीबजारमा लगानी गर्न पाउने नीतिगत व्यवस्था गरिने छ ।

चीन र भारततर्फ भन्सार कार्यालय नहुँदा नेपालको सो नाकाहरुबाट निकासी हुने सम्भावना भएका कृषिजन्य उत्पादनहरु भारत तथा चीन निर्यात गर्न कठिनाइ भइरहेको हुँदा निर्यात गर्ने वातावरण मिलाउन सम्बन्धित पक्षहरुसँग केन्द्र सरकारको समन्वयमा प्रदेश सरकारले कुटनीतिक पहल गरिने छ ।

बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जा राजनीतिक निर्णय गरी मिनाह गर्ने प्रवृत्तिले बैंकिङ क्षेत्रमा जोखिम उत्पन्न भएको र ऋण नतिर्ने प्रवृत्तिको विकास भएकोले सोझै ऋण मिनाहका कार्यक्रमहरु नल्याउने नीतिगत व्यवस्था कडाइका साथ लागू गरिने छ ।

### १९. यातायात सम्वन्धी नीतिः

प्रदेशका सबै स्थानिय तह र प्रादेसिक राजधानीलाई जोड्नका लागि योजनाबद्ध ढंगले सडक तथा यातायात संजालको ठोस योजना बनाई कार्यान्वयन गरिनेछ ।

प्रदेशसंग सिमाना जोडिएका अन्य प्रदेश दुई छिमेकी मित्र राष्टसंग जोड्ने अन्तराष्ट्रिय राजमार्ग निमार्णमा प्रदेश र केन्द्र संग समन्वय गरि राजमार्ग र शहरी रेलमार्ग निमार्ण, प्रदेश, जिल्ला र स्थानिय तहसम्म जोडने कालो पत्रे सडक संचालन गरिने छ ।

पशुपतिनगर, चुलाचुली, दमक, ईटहरी, धरान, चतरा र त्रियुगालाई समेटने गरि चार देखि छ लेनको कृर्षि, पर्यटकीय र औद्योगिक कोरिडोर रेलमार्ग र राजमार्गको सम्भावित अध्ययन गरि निमार्ण सुरु गरिने छ ।

सडक संजालसंग जोडन असम्भव उच्च हिमाली क्षेत्रका वस्तीहरुमा पदमार्ग, केवलकार, घोरेटो वाटो निमार्ण, विस्तार एवं स्तर उन्नतिका वृहत्तर परियोजना संचालन गरिने छ ।

### २०. भाषा, धर्म र संस्कृति सम्बन्धी नीतिः

प्रदेशमा बोलिने सबै मातृभाषालाई राष्ट्रिय भाषाको मान्यता प्रदान गरिने छ । सबै भाषा भाषीलाई समान अवसर र सुविधा प्रदान गरी माध्यमिक तह सम्म मातृभाषामा शिक्षा दिइने व्यवस्था गरिनेछ ।

सबैलाई आ-आफ्नो धर्म, संस्कृतिको संरक्षण र संबर्धन गर्न पाउने अधिकारको सुनिश्चितता गरिने छ ।

धर्मनिरपेक्षताको सिद्धान्तलाई कायम राखी धार्मिक र सांस्कृतिक सम्मान एवं सद्भावको प्रवर्धन गर्ने स्वतन्त्रताको प्रत्याभूति गरिने छ ।

प्रदेशमा कला साहित्य र संस्कृतिको विकासका लागि प्रतिष्ठान स्थापना गरिने छ ।

सरकारी कामकाजका लागि बहुभाषिक नीति अवलम्बन गरिने छ ।

राष्ट्रिय एकता, धार्मिक सहिष्णुता, सामाजिक सदभाव एवं सास्कृतिक मुल्य मान्यताको विकास गरिने छ ।

वहुजातीय, वहुधार्मिक, वहुभाषिक र वहुसाँस्कृतिक विभुतिहरुलाई एकीकृत राष्टको रुपमा संरक्षण, सम्वर्धन र प्रर्वधन गरी राष्ट्रिय एकतालाई सुदृढ गरिने छ ।

सामाजिक विभेद, छुवाछुत, अन्धविस्वास, घरेलु हिंसा आदि विरुद्ध कानुनी व्यव्स्थालाई कडाई पूर्वक लागु गरिने छ र अन्त्यका लागी सामाजिक अभियान संचालन गरिने छ ।

उपभोक्तावादी सांकृति विरुद्ध लड्न जनचेतनाको अभिवृद्धि गरिने छ । उपभोक्तावादी सस्कृतिको प्रभाव रोक्न विद्यालयको पाठयक्रममा विविध विषयहरु समावेश गरिने छ ।

सामाजिक सदभाव कामय गर्न जातीय संकिर्णता, भौगोलिक विखण्डन र धार्मिक अतिवाद जस्ता प्रवृतिलाई पूर्ण निरुत्साहित गरिने छ ।

राजनीति लगायत विभिन्न क्षेत्रमा देखा परेका विकृहिरुको अन्त्य गर्दै स्वच्छता, पारदर्सिता, जवाफदेहिता र राष्ट्रिय हित तथा भावनात्मक एकताका आदर्शहरुलाई प्रवर्दन गरिने छ ।

### २१. सहिद, वेपत्ता योद्धा परिवार सम्बन्धी प्रतिवद्धताः

सहिदहरुको उच्च सम्मान गर्ने कार्यक्रम ल्याईने छ र उच्च मूल्याङ्कनको परम्परा चलाइने छ । सोको निम्ति ठोस योजना निर्माण गरी यथासिघ्र लागु गरिनेछ ।

सहिद, वेपत्ता योद्धा परिवारलाई सहकारी तथा सार्वजनिक सुविधामा कानून वनाएर विशेष सेवा सुविधा दिने व्यवस्था गरिने छ ।

विभिन्न अवसरमा राज्यले दिने मानपदविको नाम सहिदको नाममा राख्ने व्यवस्था गरि शहीदको जिवनी र गौरव गाथाहरु पाठयपुस्तकमा राख्ने व्यवस्था गरिने छ ।

सहिद वेपत्ता परिवारलाई एकमुष्ठ राहत रकम उपलब्ध गराइ अन्य संरक्षण पनि प्रदान गरिने छ । सहिद वेपत्ता परिवारका न्युनतम एक सदस्यलाई अनिवार्य रोजगारीको ग्यारेन्टी गरिने छ ।

सहिदहरुको नाममा पार्क खेल मैदान आदि निमार्ण गर्ने तथा सहिदहरुको नाममा सार्वजनिक स्थलहरुको नामाकरण गरिने छ ।

### २२. घाइते योद्धा सम्बन्धी प्रतिवद्धताः

घाइते योद्धाहरुलाई स्वास्थ्य विमा गरि जिवन भर निःशुल्क उपचारको व्यवस्था गरिनेछ ।

उनीहरुलाई सम्मानार्थ उपाधी सहित र राहतको व्यवस्था गरिनेछ ।

उनीहरुलाई समाजका हरेक क्षेत्रमा समानुपातिक अधिकार सुरक्षित गरि त्यसलाई लागु गरिनेछ । राष्ट्रमा गरेको योगदान स्वरुप घाइते योद्धाहरुको प्रकृति अनुसार सेवा सुविधा उपलव्ध गराइने छ ।

### २३ मजदूर र किसान वर्ग संबन्धी नीतिः

श्रम सम्बन्धी विवाद निरुपणका लागि प्रदेशीय श्रम आयोगको गठन गरिनेछ ।

मजदूर तथा किसान वर्गको अधिकार प्राप्तिलाई सुनिश्चित गरि मजदुर र किसान वर्गको लागि प्रदेशका अंगहरुमा समानुपातिक प्रतिनिधित्व सहितको अधिकारको सुनिश्चित गरिनेछ । हरेक कामलाई मयादित वनाईने छ । समान कामको समान पारिश्रमिकको प्रतिवद्धता लागु गरिने छ ।

वैदेसिक रोजगारलाई निरुत्साहित गरि स्वदेश मै रोजगारीको अवसर र्सिजना गरिने छ ।

वैदेसिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गरिने छ । त्यहाँ भइरहेका विकृतिहरुलाई कडाइका साथ नियन्त्रण गरिने छ ।

प्रदेशलाई आवस्यक पर्ने जनशक्तिको व्यवथापन गर्दै रोजगार दाता मुलुक संग केन्द्रले गरेको श्रम सम्झौता अनुसार सरकारी माध्यमवाट मात्रै श्रमिक पठाउने व्यवस्था मिलाइने छ ।

वैदेसिक रोजगारिमा गएका श्रमिकहरुको अभिलेख राखिने छ । साथै अनौपचारिक क्षेत्रका श्रमिकलाइ दर्ता प्रकृयामा लगि सामाजिक सुरक्षाको दायरामा ल्याइने छ ।

युवाहरुलाइ तालिम प्रशिक्षण द्धारा दक्ष श्रमिकका रुपमा विकास गरेर मात्रै वैदेशिक रोजगारीमा पठाउने व्यवस्था गरिने छ ।

मजदुर वर्गलाई लक्षित गरि लागु गरिएको 'काम नगरे ज्याला नपाउने - नो वर्क नो पे' र 'हायर एण्ड फायर' को नीतिलाई खारेज गर्न केन्द्रीय सरकार संग अनुरोध गरिनेछ ।

बाल श्रमलाई अपराध घोषणा गरी बाल श्रम गराउने लाई दण्डित गरिनेछ ।

औद्योगिक तथा व्यापारिक क्षेत्रका मजदुरहरुका लागि ४० घण्टाको कार्य सप्ताहको व्यवस्था गरिनेछ ।

कृषि मजदुरहरुका लागि ८ घण्टाको कार्य टिप्स र उचित पारिश्रमिक (ज्याला) को व्यवस्था गरिनेछ ।

गरिब किसानहरुको नाममा रहेको कृषि ऋण मिनाह गरिनेछ ।

### २४. अशक्त, अपांग, अल्पसंख्यक, सीमान्तकृत समुदाय र दुर्गम क्षेत्रको

#### अधिकार सम्बन्धी नीतिः

उत्पीडित, सीमान्तकृत जाति क्षेत्र र समुदायको पहिचानका आधारमा संघीयताको व्यवस्था गरिने छ र प्रदेश एवं स्थानीय निकायमा स्वायत्तता र स्वशासनको व्यवस्था गरिनेछ ।

लोपोन्मुख जाती तथा भाषाहरुको संरक्षणका लागी भाषिक संरक्षणको विशेष कार्यक्रम संचालन गरिने छ ।

मुस्लिम लगायतका धार्मिक अल्पसंख्यक समुदायका धार्मिक तथा सांस्कृतिक अधिकारहरुको जगेर्ना र उनिहरुका सांस्कृतिक, दुर्गम,पिछडिएका क्षेत्रका जनतालाई विकासको औसत राष्ट्रिय स्तर सम्म पुऱ्याउनको लागी राज्यवाट विशेष सुविधा र सहुलियत उपलव्ध गराइने छ ।

खाद्य र आधारभुत स्वास्थ्य सेवाको अधिकारको प्रत्याभुति गराइने छ । सम्पदाहरुको सुरक्षा गरिने छ ।

अशक्त-अपाङ्गहरुलाई समाजमा सम्मानजनक ढंगले काम गर्न र बाँच्न पाउने वातावरण सृजना गरिने छ र उनीहरुको हितको संरक्षण गरिनेछ ।

मुस्लिम समुदाय प्रतिको भेदभावको अन्त्य गरिने छ र उनीहरुको अधिकारको संरक्षण गरिनेछ ।

सबै सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री प्रविधि राखी निर्माण गर्न' पर्ने मापदण्ड जारी गरी कार्यान्वयनको अनुगमन गरिनेछ ।

अपाङ्गता भएका व्यक्तिहलाई स्वरोजगारीका अवसरहरूको सृजना गर्दै उद्यमशीलताको विकास गर्न विशेष आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिने उद्यमी व्यवसायीहरूलाई विशेष सम्मान र प्रोत्साहनको व्यवस्था गरिनेछ ।

अपाङ्गताहरु प्रतिको दृष्टिकोणमा सकरात्मक परिवर्तन गरिने छ । शिक्षा, सिप, विकास र रोजगारिवाट उनिहरु भित्रको विशेष क्षमतालाई उजागर गर्न विशेष कार्यक्रम संचालन गरिने छ । अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याइने छ ।

### २५. दलित, महिला, आदिवासी जनजाति, मधेशी समुदाय सम्बन्धी नीतिः

प्रादेसिक दलित आयोग गठन गरि दलित माथि हुने भेदभाव र छुवाछुतलाई व्यवहारतः अन्त गर्न कडा कारवाहीको व्यवस्था गरिनेछ ।

दलित तथा पिछडिएका वर्ग समुदायका वालवालिकालाई उच्च शिक्षासम्म छात्रवृद्धि सहित निशुल्क अध्ययनको व्यवस्था मिलाईने छ ।

घरवार विहिन दलितका लागि घर उपलव्ध गराईने छ । जनता आवास कार्यक्रमलाई प्रभावकारी वनाइने छ ।

वालिघरे हलिया लगायतका प्रथाहरुको अन्त्य गरिने छ । यस्ता परिवारलाई रोजगारी उपलव्ध गराइने छ । तराईका दलित तथा पिछडिएका वर्गको आय आर्जनका लागी विशेष कार्यक्रम संचालन गरिने छ ।

तराईवासी महिलाको उत्थानको लागि एक घर एक महिला रोजगारीको थप कार्यक्रम तत्काल लागु गरिने छ ।

दलित समुदायका परम्परागत पेशा, कला र सिपको संरक्षण सर्म्वधन गर्दै तिनको आधुनिकीकरण र व्यवसायीकरण गरिने छ । गरिवीको रेखामुनी रहेका प्रत्येक दलित परिवारका एक महिलालाई रोजगारीको व्यवस्था गरिने छ ।

प्रदेसिक महिला आयोग गठन गरि महिला माथि हुने सबै प्रकारका विभेदको अन्त्य गरिनेछ । महिलालाई आर्थिक रूपले आत्मनिर्भर बनाउनको लागि सम्पत्ति र पैतृक सम्पत्तिमाथि महिलाको हक सुनिश्चित गरिनेछ ।

पैत्रिक सम्पत्ति माथिको हक व्यवहारतः लागु गरिनेछ । वालविवाह, वहुविवाहलाई पुर्णतः निषेध गरिने छ । महिलालाई रोजगारीमा विशेष प्राथमिकता दिईने छ ।

महिलाहरुद्वारा संचालित घरेलु तथा साना उद्योगहरुको दर्ता दस्तुर मिनाह गरिनेछ । यस्ता उद्योगहरुका लागि आवश्यक वित्तीय सुविधाका साथै सहुलीयत ऋण उपलव्ध गराइ आयकरमा पचास प्रतिसत छुटको व्यवस्था मिलाईने छ ।

एकल महिलाद्धारा संचालित घरेलु तथा साना उद्योग व्यवसायमा लाग्ने सबै खाले करमा पचास प्रतिसत छुटको गरिने छ ।

प्रदेशका सबै अंगहरुमा दलित, महिला, आदिवासी जनजाति र मधेशी समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था लागु गरिनेछ ।

प्रदेशमा मधेशी आयोग गठन गरि मधेशी समुदाय माथि हुँदै आएको भेदभावलाई अन्त्य गरिनेछ ।

आदिवासी जनजाति र दलितहरुका हक अधिकार सम्बन्धी नेपाल पक्षराष्ट रहेका अन्र्तराष्ट्रिय सन्धी अभिसंन्धिहरुलाई कानुन बनाइ कार्यान्वयन गरिनेछ ।

आदिवासी जनजाति र स्थानीय जनसमुदायको जल, जमिन र जंगल माथिको अग्राधिकारलाई सुनिश्चित गरिनेछ । आदिवासि, जनजातीहरुको अधिकारलाई सुनिश्चित गर्दै आर्थिक सामाजिक एवं सास्कृति विकास गर्न उपयुक्त कानुनि व्यवस्था र संरचनाको विकास गरिने छ ।

भाषा, सस्कृति, परम्परा र पुख्यौली सिप संरक्षणका लागी राज्यवाट विशेष कार्यक्रम संचालन गरिने छ ।

आदिवासी जनजाति आयोग, थारु आयोग र मुस्लिम आयोग समावेशी आयोग : निर्माण गरिने छ ।

### २६. बालबालिका र सामाजिक सुरक्षा सबन्धी नीतिः

बाल अधिकारको प्रत्याभूति गरिनेछ र बालश्रम शोषणलाई निषेध गरिनेछ ।

बाल अधिकार सँग सम्बन्धित नेपाल पक्षराष्ट रहेका अन्तर्राष्ट्रिय सन्धी र अभिसन्धिहरुलाई केन्द्रको नीति अनुसार कार्यान्वयन गरिनेछ ।

वालवालिकाको जन्म दर्ता, प्रारम्भिक वालवालिका शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, मानसिक तथा प्रजनन् स्वास्थ्य तथा सर्वाङ्गण व्यक्तित्व विकासको निमित आवस्यक व्यवस्था गरिने छ ।

जोखिम पूर्ण श्रम, वाल श्रम, विभेद, वलात्कार, यौन शोषण, वालविवाह र मानव ओसार पसार तथा वेचविखन जघन्य अपराधलाई नियन्त्रण तथा उन्मुलन गरिने छ । अपराधिमाथी कडा भन्दा कडा कानुनी कावाहीं गरिने छ । पिडितलाइ उचित क्षतिपूर्तिको व्यवस्था मिलाइने छ ।

वालवालिकाको सर्वोपरि हितका लागी वालमैत्रि घर, समाज, विद्यालय, उद्यान, समुदाय तथा वाल मैत्रि स्थानिय तह निमार्ण गरिने छ ।

असाहाय वालवालिकालाई निशुल्क आवासको व्यवस्था गरिने छ । जेष्ठ नागरिक आवासगृह तथा दिवा विश्राम गृह निमार्ण गरिने छ ।

ज्येष्ठ नागरिक आश्रमका लागि खडा गरिने कोषमा गरिने नगद योगदान (चन्दा) मा आयकर छुट हुने व्यवस्था गरिनेछ ।


राज्यले दिईआएको एकल महिला तथा जेष्ठ नागरिक भत्तालाई महंगीको अनुपातमा संयोजन गरिने छ ।

**आदरणीय जनसमुदाय,**

अहिले नेपालमा कायम भएको गणतन्त्रात्मक व्यवस्था भनेको विकृत पूँजीवादी गणतन्त्र हो । निरंकुश सामन्ती राजतन्त्रको तुलनामा यो व्यवस्था मात्रात्मकरुपले प्रगतिशील नै हो । तर पनि देशमा अहिले प्रतिकृयावादी संसदवादी तत्वहरुको अधिनायकत्व र हालीमुहाली चलिरहेको छ । त्यसैले यसप्रकारको पूँजीवादी गणतन्त्रात्मक व्यवस्था कायम भएपछि पनि नेपाली समाजको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थामा आधारभूतरुपले तात्विक परिवर्तन एवं फेरबदल भएको छैन र हुनेपनि छैन । त्यसकारण देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले वर्तमान विकृत पूँजीवादी गणतन्त्रात्मक राज्य-व्यवस्थामा सवहारावर्गको अधिनायकत्व सहितको जनगणतन्त्रात्मक राज्य-व्यवस्था स्थापना गर्नु पर्ने अपरिहार्य आवश्यकता ठान्दछ । त्यसैले अहिले हुन गैरहेको प्रतिनिधि सभा र प्रदेश सभाका निर्वाचनलाई जनगणतन्त्र स्थापना गर्ने दिशामा संघर्षको माध्यम र मञ्चका रुपमा उपयोग गर्न गइरहेको स्पष्ट पार्न चाहन्छौं ।

अन्त्यमा देशका सम्पूर्ण देशभक्त, प्रगतिशील, जनतान्त्रिक, अग्रगामी परिवर्तनकामी र न्यायप्रेमी जनसमुदायहरु समक्ष हाम्रो पार्टीका प्रत्यक्ष एवं समानुपातिक तर्फबाट उम्मेदवारहरुलाई चुनाव चिन्ह मुठ्ठीमा मतदान गरी अत्यधिक मतले विजयी गराउन हामी हार्दिक अनुरोध र आह्वान गर्दछौँ । क्रान्तिकारी अभिवादन सहित धन्यावाद !

# गोर्कीको संझनामा लेनिन



भ्लादिमिर लेनिनको मृत्यु भयो । लेनिनको रुपमा संसारमा यस्तो व्यक्तिको क्षति सहनु परेको छ ।ँजो आफुना समकालीन महापुरुष मध्ये सबैभन्दा तेजिला महाप्रतिभा थिए भन्ने कुरा दुश्मनको अखडाबाट समेत कतिपय व्यक्तिहरुले इमानदारी साथ स्वीकार गरेका छन् ।

उहाँको बारेमा मेरा सबै लेख बडो पीर परेको अवस्थामा लेखिएका हुन् र राम्रा छैनन् । केही कुरा जहाँसम्म मलाई लाग्छ, सबैले बुझ्न शिष्टताको कारणले मैले लेख्न सकिनँ । उहाँ सुक्ष्मदर्शी मैले लेख्न सकिनँ । उहाँ सुक्ष्मदर्शी तथा बडो बुद्धिमान मानिस हुनुहुन्थ्यो र भन्छन्-''धेरै बुद्धिमान, धेरै दुःख ।' उहाँ निकै अगाडिसम्म देख्न सक्नुहुन्थ्यो ।

सन् १९१९-१९२१ का सालहरुमा मानिसहरुबारे गुन्दा अथवा कुरा गर्दा केही बर्षपछि उनीहरु कस्ता हुनेछन् भन्ने कुरा प्रायः ठीक ठीक भनिदिनुहुन्थ्यो । उहाँले औल्याइदिनु भएको भविष्यको कुरामा विश्वास गर्ने चाहना सधै हुन्थ्यो भन्ने होइन, कैयौं पटक यो पीर लाग्दो पनि हुन्थ्यो तर दुःखको कुरा छ कतिपय मानिसहरुबारे उहाँले दिनुभएको निराशाजनक चित्रण सत्य सावित भएको छ । उहाँका बारेमा मेरो संस्मरण नराम्रोसंग लेखिएका मात्र होइनन्, सिलसिला पनि मिलेको छैन र बीच-बीचमा निकै छुट पनि रहन गएको छ । मैले लन्डन महाधिवेशनबाट सुरु गर्नुपर्ने थियो । जसबेला केही व्यक्तिहरुको शंका र अविश्वास तथा केहीको खुला दुश्मनी मात्र के भनौं अझ घृणाको पनि भेलमा उहाँलाई स्पष्टसंग देख्ने मौका मैले पाएँ ।

आजसम्म पनि लण्डनको एकछेउमा अवस्थित हाँसो लाग्दो किसिमले भद्दा देखिने काठको चर्चका नाङ्गा भित्ताहरु म राम्रोसंग सम्झन्छु । गरिब पाठशालाका विद्यार्थीहरु पढ्ने कोठाजस्तै सानो साँघुरो कोठा, त्यसका धर्के झयालहरु अहिले पनि मेरा आँखा अगाडी नाँचिरहन्छन् । यो घर बाहिरबाट हेर्दा मात्र चर्च जस्तो देखिन्थ्यो, भित्र भने पुजा आदिका सरसामग्रीहरुको नाउँसम्म पनि थिएन, पुजारीको सानो टेबुलसम्म पनि कोठाको माझमा नराखिएर कोठाभित्र जाने दुईवटा ढोकाका बीचमा ठड्याइएको थियो ।

यसभन्दा अघि मैले लेनिनलाई भेटेको थिइनँ । उहाँका कृतिहरु पनि धेरै पढेको थिइनँ । हुन त पढ्नुपर्ने हो तर जे जति पढ्न भ्याएको थिएँ, त्यसले र साथीहरुका निकै श्रद्धापूर्ण वर्णनले म उहाँतिर बेसरी तानिएको थिएँ । जब हाम्रो चिनापर्ची गराइयो, उहाँले मेरो हात दरिलोसंग दबाउनुभयो र तिखा आँखाले मलाई केलाउँदै चिरपरिचत व्यक्तिले झै ठट्यौली स्वरमा भन्नुभयो-'बेस भयो, तपाई आउनुभयो । तपाईलाई लडाई त मनपर्छ ? यहाँ ठूला घम्साघम्सी हुनेछ ।'

मैले लेनिनलाई यस्तो हुनुहोला भन्ने सोचेंको थिइनँ । मलाई उहाँमा के त हो नपुगेको जस्तो लाग्यो-अप्ठ्यारो किसिमको उच्चारण, हात कता कारवीमुनिका घुसारिएका, अलि बाङ्गो छाँटले उभिएका । साँच्ची भन्ने हो भने उहाँ असाध्यै साधारण देखिनुहुन्थ्यो, नेतागिरीपनाको पनि आभाष हुँदैनथ्यो । आफू साहित्यकार भएकोले र आफ्नो व्यवसायको नाताले स-सानो कुरा पनि खोजीनीति गरी हेर्ने मेरो बानी छ । कहिलेकाँही त वाक्क पनि लागेर आउँछ । जब म गेभा प्लेखानोभ कहाँ पुर्याइएको थिएँ, उनी छातीमा दुबै हात बाँधेर उभिएका थिए, उनको हेराई कडा र उराठ लाग्दो थियो, त्यसरी नै हेरिरहेका थिए । जसरी आफ्नो कामले पट्याएको अध्यापक अर्को थपिन पुगेको नयाँ विद्यार्थीहरुलाई हेर्दछ । उनले बडो चल्तीको वाक्य दोहोर्याइदिए ।'म तपाईको प्रतिभाको पुजारी हुँ ।' यसवाहेक मेरो सम्झनामा अट्न सक्ने केही भएनन् र महाधिवेशनको समयभरी नै न उनलाई न त मलाई नै आत्मीय कुराकानी गर्ने इच्छा लाग्यो ।

तालु खुईलेका, अलि अप्ठ्यारोसँग बोल्ने, हृष्टपुष्ट यी मानिस भने एउटा हातले ठूलो निधार पुछ्दै अर्को हातले मेरा हात तान्दै निजकै ज्यूँदा आँखा चम्काउँदै तुरुन्त नै आमा पुस्तकका कमजोरीहरु बताउन थाले । इपा लादिनजिन्कोभसंग लिएर उनले पाण्डुलिपी नै पढिसकेका रहेछन् । मैले किताब आतुरीमा लेखिएको कुरा बताएँ तर हतारिनुको कारण भन्न भ्याएको थिइन । लेनिनले समर्थन गर्दै टाउको हल्लाउनुभयो र आफैले प्रस्ट पार्नुभयो-हतारिएको अति राम्रो किताब जारी थियो, क्रान्ति र आन्दोलनमा कैयौं मजदुरहरुले अचेत रुपमा नै अकस्मात भाग लिएका थिए र अब उनीहरु आमा पढेर निकै फाइदा पाउनेछन् । 'अति संयोचित पुस्तक' उहाँले गर्नुभएको यो एक मात्र प्रशंसा भए तापनि मेरा निम्ति औधी मूल्यवान थियो । तत्पश्चात उहाँले कार्यतत्परताका साथ सोध्नुभयो-आमा विदेशी भाषाहरुमा उल्था भइरहेको छ कि छैन, रुसी र अमेरिकी सेन्सरहरुले पुस्तकमा कत्तिको नोक्सान पुर्याए ? लेखकमाथि मुद्दा चलाउने निधो गरिएको छ भन्ने थाहा पाएर उहाँले पहिले त निधार खुम्च्याउनुभयो तर पछि टाउको उठाएर आँखा चिम्लिनुभयो र एकदमै असाधारण हाँसो हाँस्नुभयो र उहाँको हाँसोले मजदुरहरुलाई तान्यो ।

अनि भ्लादिमिर इल्विच छिटो छिटो मञ्चमा उग्लनुभयो, सही उच्चारण गर्न नसक्ने छाँटले पहिलो शब्द तावारिसी (साथीहरु) भन्नुभयो । उहाँले राम्रोसंग बोल्न सक्नुहुँदो रहेनछ भन्ने मलाई लाग्यो तर एक मिनेटपछि नै म पनि अरुसंग उहाँको भाषणमा दत्तचित्त हुन पुगे । राजनीतिका जटिल बिषयहरुबारे यस्तो सरल किसिमले बोल्न सकिँदोरहेछ भन्ने कुरा म पहिलो पटक लेख्दै थिएँ र उहाँ सुन्दर सुन्दर वाक्य रच्ने प्रयास गरिररहनु भएको थिएन तर प्रत्येक शब्दलाई, उसको ठीक ठीक अर्थलाई छङ्ल्याएर अगाडी राखिदिनुभयो । उहाँको बोली असाधारण प्रभावलाई यहाँ व्यक्त गर्नु त्यति सजिलो छैन । प्रभावलाई यहाँ व्यक्त गर्नु त्यति सजिलो छैन । उहाँको हात अगाडी बढेको र हत्केला अतिकति माथि फर्केको थियो ।

मानौं ऊ त्यसको प्रत्येक शब्द जोडिरहेको थियो । उदारवादी पूँजीवादीका पछि हैन, संगसंगै पनि होइन, आफ्नो बाटोबाट हिड्ने कामदारहरुको अधिकार र कर्तव्यलाई प्रमाणित गर्दै घतलाग्दो तरिकाले विरोधीहरुको भनाईलाई पन्छाइरहेको थियो । यो सब एकदम असाधारण थियो र उहाँ, लेनिन आफ्नो तर्फबाट होइन, इतिहासको आदेश अनुसार बोलिरहनुभएको छ भन्ने लाग्दथ्यो । उहाँको वक्तब्यको ऐक्यबद्धता, पूर्णता, सोझोपना र शक्ति तथा मञ्चमा उभिनुभएका स्वयं उहाँ-दुरुस्त शास्त्रीय कलाका कृति हुनुहुन्थ्यो : सब कुरा छ, कुनै पनि नचाहिँदो अलङ्कार छैन, कतै भएको खण्डमा पनि देखिदैन, अनुहारमा दुई आँखा, हातमा पाँचऔला जत्तिकै त्यो स्वभाविक लाग्दछ ।

समयको ख्यालले उहाँले पूर्ववक्ता भन्दा कम बोल्नुभएको थियो, उहाँको दृष्टिले भने म निकै बढी । म एकजनालाई मात्र यस्तो लागेको होइन । मेरो पछाडी बस्नेहरु पनि आश्चर्य चकित भएर कानेखुशी गर्दथे ।ँबेजोड वक्तव्य..' हुन पनि हो, उहाँको प्रत्येक तर्क त्यसमा निहित शक्तिले गर्दा त्यमा आफै छर्लङ्ग हुन्थ्यो ।

मेन्सेभिकहरुले निःसङ्कोच रुपले देखाईरहेका थिए र लेनिनको भाषण उनीहरुलाई कति पनि म परेको छैन र स्वयं उहाँलाई त उनीहरु अझ बढी रुचाउँदैनन् । व्यवहारलाई चारैतिरबाट नाँच्नका लागि पार्टी क्रान्तिकारी सिद्धान्तको माथिल्लो स्तरमा उकाल्नुपर्ने भन्ने कुरा लेनिन जति घतलाग्दो पाराले प्रमाणित गर्नुहुन्थ्यो, उत्ति नै क्रोधपूर्ण आवाजहरु उहाँको भाषणमा बाधा दिन तम्सन्थे ।

'महाधिवेशन दर्शनशास्त्रको मञ्च होइन, पढाउनै पर्दैन, हामी स्कुले ठिटा होइनौं' । अग्लो बसेको जस्तो अनुहार भएको दारीवाला विशेष कोसिस गरिरहेको थियो, बेन्चबाट उठेर भक्भकाउँदै भन्दथ्योः ष-षड्-यन्त्र'.ष-षड्यन्त्र हुँदै । ब-ब्लाकिन्याहरु । 'रोजा लम्बजेवर्ग ध्यानसंग सुन्दै टाउको हल्लारहेकी थिइन् । उनले एकै बैठकमा मेन्सेभिकहरुलाई बडो राम्रोसंग जवाफ दिईन् ँतपाईहरु मार्क्सवादमा उभिनु भएको छैन, वस्नुभएको छ, अझ त्यसै सुन्नुभएको छ ।'

अधैर्य, व्यङग, घृणाको रिसाहा बतास बैठक कोठाभरि रिङरिङ्ती घुमिरहेको थियो, सयौं आँखा भिन्दाभिन्दै रुपमा लेनिनको आकृतिलाई उजिल्याइरहेको थिए । उहाँ शत्रुतापूर्ण विरोधले औताउनुभएको देखिनुहुन्थ्यो । उहाँको बोलाई जल्दोबल्दो तरसारपूर्ण शान्त थियो, केही दिनपछि मात्र मलाई थाहा थियो, यस्तो शान्त बोलाइका लागि उहाँले कति मिहने गर्नुपरेको थियो । किन दुःख र आश्चयै लागेर आउँथ्यो भने उहाँप्रति शत्रुतापूर्ण धारणा अपनाइनुको कारण एउटा साधारण स्वभाविक विचार मात्र थियो । सिद्धान्तको उचाईबाट मात्र पार्टीले झै-झगडाको कारण बुझ्न् सक्दछ । मलाई के प्रभाव पर्यो भने महाधिवेशनको प्रत्येक दिनले भ्लादिमिर इल्विचलाई नयाँ नयाँ बल दिन्छ, उहाँलाई हँसिलो र दरिलो पार्दछ । दिनानुदिन उहाँका भाषणहरु झन् झन् दृढ हुँदै जान्थे । र महाधिवेशनमा भाग लिएका सबै बोल्सेभिकहरु दरिला, कडा हुँदै थिए । उहाँका भाषण बाहेक मलाई मेन्सेभिक विरुद्धको राजा लक्जेम्वर्गको भाषणले पनि झण्डै त्यतिकै उमङ्गित तुल्यायो ।

फुर्सदको क्षण लेनिन कामदारहरुको माझमा देखिनुहुन्थ्यो । स-साना घरायसी कुरा समेत उनीहरुलाई सोध्नुहुन्थ्यो । अँ ! स्वास्नी मानिसहरुको के खबर छ ? घर व्यवहारले डुबाइसक्यो ? तैपनि पढ्छन् ? लेनिनले पहिलोपटक देखेका केही मजदुरहरुका बीच उहाँको चालचलन र व्यवहारबारे हाइटपार्कमा कुरा चल्यो । एकजनाले असर पर्दो पाराले भन्यो ।

'मलाई थाहा छैन, यहाँ युरोपमा मजदुर हरुको त्यस्तै बुद्धिमान मान्छे हुन सक्ला, बेबेल अथवा अरु कोही तर यो मानिसलाई जस्तै तुरुन्तै मन पराइने अरु कुनै मानिस होला भनी पत्याउन सक्दिनँ ' अर्को मजदुरले भन्यो ' यो हाम्रो हो ।' उसको कुरा काट्दै अर्कोले भन्यो 'प्लेखानोभ पनि हाम्रो ।' मैले बडो घत लाग्दो उत्तर सुने 'प्लेखानोभ हाम्रा गुरु हुन्, हाम्रा सहायक हुन्, लेनिन हाम्रा नेता र साथी हुन् ।'

एउटा घटना । रेस्टुराँ गइरहेको बेला भ्लादिमिर इल्विचलाई एकजना मेन्सेभिक मजदुरले बाटोमा केही कुरा सोध्न रोक्यो । लेनिनले आफ्नो हिँडाई धिमा पार्नुभयो, अरु साथीहरु पनि अगाडि बढे । पाँच मिनेटपछि रेस्टुराँ आएर निधार खुम्च्याउँदै उहाँले भन्नुभयो- 'गजबको कुरा, यस्तो अबोध तन्नेरी पार्टीको महाधिवेशमा आइपुग्यो । मलाई सोध्यो मतभेदको वास्तविक कारण के हो ? हेर न, मैले भने, तिम्रा साथीहरु संसदमा विराजमान हुन चाहन्छन् तर हामीलाई विश्वास अर्कै के कुरामा छ भने मजदुरहरुले घमासानको लागि तयारी गर्नुपर्छ । बुझ्यो जस्तो छ'।'

केही साथीहरुले जमातमा सधै त्यागी सानो सस्तो रेस्टुराँमा हामीले खाना खान्थ्यौं भ्लादिमिर इल्विच एकदम खानुहुन्थ्यो भन्ने कुरा मेरो आँखाबाट लुकेन दई-तीनवटा फुलको अम्लेट सानो टुक्रा चिसो मासु, एक कचौरा बाक्लो कालो जाँड । उहाँ आफुबारे हेलचक्रायाइँ गर्नुहुन्छ भन्ने कुरा स्पष्ट देखिन्थ्यो तर मजदुहरुबारे ठूलो चासोले मलाई अचम्मित पार्थ्यो ।

'तपाईलाई कस्तो लाग्छ, साथीहरु आधा पेट मात्र त खाँदैनन् ? अघाउँछन् ? म्ह, म्ह कि सैण्डविच थप्नुपर्ला ?' 'त्यो तपाई के गरिराख्नुभएको ? ँहेर्दैछु, तन्ना ओसिएको छ छैनन् भनेर ।' मैले उत्तिखेरै बुझ्न् सकिनँ, लण्डनमा कस्ता-कस्ता, कस्ता तन्न हुन्छ भन्ने उहाँलाई किन चाहिएको हो ? अलि म जिल्ल परेको देखेर उहाँले प्रष्ट भन्नुभयो, - 'तपाईले आफ्नो स्वास्थ्यका हेरविचार गर्न जरुरी छ ।'

सन् १९१८ को शरदमा मैले सोर्मोभवासी मजदुर दिमीत्री पाल्भोभलाई, उनको विचार



● म्याक्सिम गोर्की ●

अनुसार लेनिनको विशिष्ट विलक्षता के हो भनी सोधेँ । 'सरलता । सत्य जत्तिकै सरल ।' उहाँले नै राम्रोसंग विचार गरी निर्णय गरिरकेको जसरी उनले भने ।

थाहा भएकै कुरो हो, मानिसलाई सत्रै भन्दा बढी नाटीकुटी गरी उसंग काम गर्ने कर्मचारीहरु जाँच्दछन् तर लेनिनका मोटर चालक, भुक्तभोगी मानि गील भन्छन् ।ँलेनिन विशेष किसिमका हुनुहुन्छ । यस्ता मानिस छैनन् । म्यास्नीत्स्काया सडकमा मोटर गइरहेका थियौं, बडो तन्मयताका साथ मोटर चलाईरहेको थिएँ, मोटर बिगरिदिन्छन् कि भन्ने डर थियो, संकेत घण्टी दिन्थे, आत्तिरहेको थिएँ । उहाँले ढोका खोल्नुभयो, लड्ने डर हुँदाहुँदै पनि मोटर पाउदान हुँदै उहाँ मेरो आसनसम्म आइपुग्नुभयो र अनुरोध गर्न थाल्नुभयोँगील, नआत्तिनुस्, सबै जसरी हिडिरहेछन्, त्यही चालमा हाँक्नुस् ।' म पुरानो ड्राइभर हुँ, मलाई थाहा छँयस्तो कसैले पनि गर्दैन ।'

उहाँमा परेका सप्पै छापहरु एउटै प्रवाहमा मिसिनाले त्यो स्वभाविकता र लचिलोपना यहाँ प्रस्तुत गर्नु चित्रण गर्नु गाह्रो छ । दिशासूचक यन्त्रको सूईँजस्तो उहाँको सोचाइको चुच्चो जहिले पनि कामदार जनताको वर्गीय हिततिर फर्किएको हुन्थ्यो ।

भ्लादिमिर इल्चिज लेनिन जस्तो सरुवा हाँसो हाँस्ने मानिस मैले आजसम्म देखेको छैन । अचम्म पनि लागेर आउँथ्यो, महान सामाजिक सङ्कटहरुको अवश्यम्भावितालाई राम्रोसंग बुझ्ने, गहिरोसंग जान्ने पूँजीवादीको संसारको कट्टर विरोधी, त्यसलाई हुनसम्म घृणा गर्ने यस्तो कडा यथार्थवादी मानिस पनि यसरी आँसु आउँदासम्म, पेट दुख्दासम्म केटाकेटी झैं हाँस्न सक्दो रहेछ, यसरी हाँस्ने क्षमताका लागि ठूलो, बलियो आन्तरिक आरोग्यतामा जरुरी हुन जान्छ ।

उहाँ यस्तो रुसी मानिस हुनुहुन्थ्यो, जो निकै लामो समयसम्म रुस बाहिर बस्यो, जसले आफ्नो देशलाई ध्यान दिएर हेर्यो, टाढाबाट त्यो रमाइलो र चम्किलो देखिन्छ । उहाँले त्यसको सम्भावित शक्तिको सही मूल्याङ्कन गर्नुभयो-जनताको ठूलो प्रतिभा सम्पन्नता, स्पष्ट रुपमा अझै अभिव्यक्त नभएको, उठीन र पट्यारलाग्दो, इतिहासले नबिझाएको तर जता हेर्यो उतै प्रतिभा सम्पन्नता, कल्पनामय रुसी जीवनको अँध्यारो पृष्ठभूमिमा सुनौला तारा झैं चम्किने प्रतिभा ।

यस संसारका महान् सच्चा मानिस भ्लादिमिर लेनिनको मृत्यु भयो । यस मृत्युले ती मानिसको हृदयमा अत्यधिक चोट पुर्यायो जो उहाँलाई चिन्दथे । ठूलो चोट ! तर मृत्युको कालो रेखा यस संसारका आँखामा उहाँको महत्व अझ जोडसंग प्रस्ट गरेको छ-आम विश्वका कामदार जनताका महान नेताको महत्व । लेनिनप्रतिको घृणा, उहाँको नामका चारैतिर फैलाइएका फट्याइँ र बद्ख्वाइँ अझ घना भएर आएपनि यस्तो कुनै शक्ति छैन, जसले लेनिनले माथि उठाउनु भएको मशालको उज्यालो रोक्न सकोस्, जुन मशाल बहुलाएको संसारको उकुसमुकुस अँध्यारोमा उठाएको छ ।

फेरि संसारमा यी मानिस जत्तिकै अमर सम्झनाको अधिकारी अरु कोही छैन । भ्लादिमिर लेनिनको मृत्यु भयो । उहाँको बुद्धि र भावनाका उत्तराधिकारीहरु जीवित छन् । जीवित छन् र त्यति सफलतापूर्वक काम गर्दैछन् । जति संसारमा कसैले पनि, कहिल्यै पनि, कहीँ पनि काम गरेनन् ।

(अनु. : निलाम्बर आचार्य)

# संसदीय निर्वाचन... ....

पैसाको खोलो बगाउने काममा अत्यन्तै तिब्रता आएको छ । त्यसो हो भने यो व्यवस्था जनताको व्यवस्था हो कि सत्ताधारी र पैसाधारीहरुको व्यवस्था ? यो पनि एक गंभीर आत्मसातीकरणको प्रश्न हो ।

अहिलेको चुनावी प्रक्रियामा के कुरा बुझिन आएको छ भने सत्ता र पैसामा आधारित दुई गठबन्धनहरुको प्रचारात्मक शैलीले साना र उदीयमान राजनीतिक दलहरु मात्र होइन जनतामा पनि ठुलो मनोवैज्ञानिक आतंकको सिर्जना गरिरहेको छ । यी दुई गठबन्धन बाहेक अरु दलहरुको चुनावी कार्यक्रम र प्रचारात्मक कामलाई हेय दृष्टिले हेर्ने, ती दुई गठबन्धन बाहेकका अन्य दलहरुलाई समर्थन गर्न खोज्ने जनतालाई भयभीत, त्रसित तथा आतंकित तुल्याउने काम भइरहेका छन् । त्यति मात्र होइन, उक्त गठबन्धन बाहेकका कतिपय राजनीतिक दलका उमेदवारहरुलाई अनेकौं धम्की दिई तर्साउने गरिएको छ । यस कार्यमा सत्ताको स्वाद चाख्न पल्केका नयाँ जोगीहरु नै बढी लागिपरेका छन् । के संसदवादी दलहरुले भन्ने गरेका स्वतन्त्रता, समानता र भ्रातृत्वका मान्यता यस्तै हुन्छन् ?

अहिलेको निर्वाचनमा लोकतान्त्रिक र वाम गठबन्धनका नेताहरु बिच वाक्युद्ध पनि चर्किंदै गएको छ । एकातिर नेपाली कांग्रेसका नेताहरुले आफूलाई लोकतन्त्रको मसिहाका रुपमा पेशगर्दै वाम गठबन्धनलाई साम्यवादी शासनका पक्षधर भनेर विरोध गरेका छन् भने अर्कोतिर वामगठबन्धनका नेताहरुले अब नेका पछि परिसक्यो संसदीय लोकतन्त्रका नयाँ मसिहा त साँच्चै हामी पो हौं भनेर जबाबी हमला बोलिरहेका छन् । वस्तुतः नेपाली कांग्रेसले वाम गठबन्धनलाई साम्यवादी शासनका पक्षपाती भनेर विरोध गर्नु व्यर्थ छ । किनभने वाम गठबन्धनका दलहरुले साम्यवादी विचारलाई परित्याग गरेर संसदीय लोकतन्त्रलाई अंगालो हालेको धेरै भइसकेको छ । जेहोस्, यो वाक्युद्ध संसदीय व्यवस्थाका सत्ताधारी र प्रतिपक्षीहरुका बिच चियाका कपभित्र चल्ने तुफानी संग्राम बाहेक अरु केही होइन । सारमा यी दुवै गठबन्धनको मूल उद्देश्य आलोपालो गरी सरकारमा जानु, पुरानो सत्ता तथा व्यवस्थाको संरक्षण गर्नु र देश तथा जनताको उत्पीडनमा लागिरहनु नै हो ।

संसदीय व्यवस्थाभित्र सत्तापक्ष र प्रतिपक्षका बिचको संघर्षमा सो व्यवस्था मान्ने दलहरुका बिच दलीय विकल्प त हुन्छ र भएकै पनि छ, तर विचारधारात्मक र राजनीतिक विकल्प भने हुँदैन । संसदवादी दलहरु संसदीय शासनको परिधि बाहिर जानै सक्दैनन् । हिजो पञ्चायती व्यवस्थालाई निर्विकल्प भन्ने गरिन्थ्यो र आज संसदीय व्यवस्थालाई निर्विकल्प भन्ने गरिन्छ । फरक त्यत्ति मात्र हो । आज देशलाई राजनीतिक विकल्प रहिएको छ ।

इतिहास पुराना र नयाँ राजनीतिक शक्तिका बिचको संघर्ष हुँदै अगाडि बढ्दछ र विकसित हुन्छ । कुनै समयमा नयाँ मानिने शक्ति अर्को समयमा पुरानो बन्दछ र त्यसको ठाउँमा अर्को नयाँ राजनीतिक शक्ति आउँछ । त्यसैगरी इतिहासमा कुनै जमानाका ठुला शक्ति सानामा साना शक्ति ठुलामा बदलिने द्वन्द्वात्मक प्रक्रिया पनि चलेकै हुन्छ । इतिहासमा निर्विकल्प र सदाका लागि स्थायी भन्ने कुनै पनि चीज हुँदैन । आज संसदीय व्यवस्थाका पक्षधर उक्त दुई गठबन्धनले आफूलाई सदाका लागि निर्विकल्प, स्थायी र अजम्मरी ठानेर निकै ठुलो भ्रमको खेती गरिरहेका छन् ।

आज देशमा लामो समयदेखि असमाधेय बन्दै आएका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या झनै जटिल र असमाधेय बन्दै गएका छन् । देशको झण्डै तीन करोड जनसंख्यामा एक करोड जति रोजगारीका लागि विदेशिएका छन् । देशैभरि ग्रामीण क्षेत्रमा जग्गा दिन प्रतिदिन बाँझिदै गएका छन् । कृषिप्रधान मानिदै आएको देशमा अरबौंको खाद्यान्न, तरकारी, फलफुल आयात गर्नु परेको छ । देश विप्रेषणले धानिन बाध्य छ । सरकार किसानहरुलाई आवश्यक अनुदान दिने, देशमा रोजगारीको सिर्जनागर्ने, अपार जलसम्पदा विदेशलाई नसुम्पिई स्वदेशमै उपयोगमा ल्याउने लगायतका कामबाट पन्छिदै उदारीकरण र खुल्ला अर्थतन्त्रको धुनमा लाग्दै आएको छ । राष्ट्रिय अर्थतन्त्रलाई ध्वस्त पारिदै छ । पश्चिमा शक्तिहरु उदारवादबाट पछि हटेर संरक्षणवादतर्फ जानथालेको यथार्थ बुझ्ने र स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको विकास गर्नेतिर गठबन्धनका नेताहरुको ध्यान गएको देखिदैन र जान पनि सक्तैन ।

राष्ट्रियता, जनतन्त्र र जनजीविका समस्याको समाधानका लागि देशमा जनयुद्ध लगायत विभिन्न प्रकारका ठुलठुला संघर्ष भए । यी संघर्षहरुमा जनताका असंख्य छोराछोरीहरुको रगत बगेको छ । कैयौं सहिद बनेका छन् । कैयौं वेपत्ता पारिएका छन् र कैयौं घाइते अपाङ्ग बनाइएका छन् । परन्तु, जनताले त्याग, समर्पण र बलिदानको प्रतिफल प्राप्त गर्न सकेका छैनन् । देश र जनताको भविष्य अझै अन्धकारमय बनाइएको छ । तर पनि सत्ता र पैसाको बलमा चुनावी माहोल तताउने गरिएको छ । अहिले चुनाव विरोधी घटना पनि घटिरहेका छन् ।

देश एवम् जनताको पक्षमा गर्नुपर्ने दीर्घकालीन तथा रणनीतिक महत्वका कामहरु धेरै छन् । परन्तु, तात्कालिक रुपमा अहिलेको स्थितिमा हामीले सर्वप्रथम पुरातन सत्ता, व्यवस्था र राजनीतिक शक्ति निर्विकल्प बन्नै सक्तैनन् भन्ने कुरालाई स्थापित तुल्याउनका लागि जोडदिनु पर्दछ । दोस्रो, देश तथा जनताको समुज्ज्वल एवं सुन्दर भविष्यको निर्माणका लागि सही विकल्पका रुपमा वैज्ञानिक समाजवादी विचारधाराको आलोकमा संघीय जनगणतन्त्रको स्थापना गर्ने कार्यभारलाई अगाडि बढाउनु पर्दछ र त्यसै उद्देश्यमा समर्पित राजनीतिक शक्तिलाई निर्वाचनमा सघाउनु पर्दछ । तेस्रो, नयाँ समाजको निर्माणका लागि विकल्पका रुपमा प्रस्तुत हुन चाहने शक्तिले स्वयं आफ्ना कमी, कमजोरी तथा सिमाहरुको पहिचान गरी आफूलाई बदल्ने, जनताको बिचमा जाने र जनताको सेवागर्ने कामलाई आफ्नो प्राथमिक कार्यसूचीमा राख्नु पर्दछ । यसरी नै नयाँ जनवादी क्रान्तिको तयारी गर्दै समाजवाद र साम्यवादको महान् ऐतिहासिक यात्रामा अगाडि बढ्न सकिन्छ र बढ्नु पर्दछ ।

२०७४ मंसिर २ गते

## देजमोको ...

भूमिका खेलिरहेका छन् । प्राप्त जानकारी अनुसार डा. गुरुङमो प्रमुख आतिथ्यतामा जिल्लाको ताराखोला गाउँपालिका, राङखानी नाम्दुक, गुल्मीको धुवाखोलालगायत म्यादीका विभिन्न गाउँमा कार्यक्रमहरु सम्पन्न भएका छन् । त्यसैगरी रोल्पा, कपिलवस्तु, दाङ, दैलेख, प्युठान, अछाम, नवलपुर, गोरखा, बर्दिया, ओखलढुंगा, रामेछाप, लमजुङलगायतका जिल्लामा पनि सभाहरु भएका छन् ।

ठाउँ ठाउँमै कोणसभा

यसैबीच प्राप्त समाचार अनुसार काठमाडौंको कीर्तिपुरको पाँगा दोबाटोलगायत विभिन्न ठाउँको कोणसभा गरिएको छ । शुक्रबार साँझ सम्पन्न कीर्तिपुरको कोणसभामा स्थानीय युवाहरुको उल्लेख्य मात्रामा उपस्थिति रहेको थियो । उपत्यकाभित्र कीर्तिपुरलाई क्रान्ति तथा परिवर्तनको ऐतिहासिक थलोको रुपमा हेरिने गरिएको छ । शुक्रबारको कोणसभालाई काठमाडौं-१० बाट प्रतिनिधिसभाका उम्मेदवार युवा नेता सुरेश श्रेष्ठ, समानुपातिक उम्मेदवार शारदा महत, काठमाडौं-१० ख) का उम्मेदवार रत्न महर्जनलगायतले सम्बोधन गर्नुभएको थियो । मंसिर ८ गते उक्त निर्वाचन क्षेत्रको ख)मा निर्वाचन परिचालन समिति घोषणा गर्ने कार्यक्रम तय गरिएको छ । कार्यक्रमकै बीच कीर्तिपुरको देवढोकामा देजमोको निर्वाचन क्षेत्रस्तरीय संगठन निर्माण गरिएको छ ।

यसैगरी प्युठानको मल्लरानी गाउँपालिकामा कोणभसभा सम्पन्न भएको छ भने अर्खा, मोरङठानालगायतका स्थानमा घरदैलो कार्यक्रम तीव्र रुपमा चलिरहेको छ । यता नवलपुरमा बसेको देजमोको बैठकले जिल्लामा निर्वाचन क्षेत्रस्तरीय सम्पर्क कार्यालयहरु स्थापना गरिएका छन् र निर्वाचन परिचालन कमिटिहरु बनाएर मोर्चाका उम्मदेवार हरुको पक्षमा चुनावी माहौल निर्माण गर्ने कार्यक्रम तय गरिएको छ ।

## प्रचण्डलाई .......

उपचारका लागि राजधानीको थापाथलीस्थित नर्भिक अस्पताल पुर्‍याईए पनि चिकित्सकले दिउँसो साढे १२ बजेतिर पत्रकार सम्मेलन गरी आकस्मिक हृदयघातका कारण मृत्यु भएको बताएका थिए । घरमा अचेत फेला परेपछि सुरक्षागार्डको सहयोगमा बिहान ५ बजेर ५० मिनेटमा अस्पताल पुर्‍याइएको थियो ।

**क्रान्तिकारी माओवादीका महासचिव किरण र मोर्चाका अध्यक्ष गौरवले दिए श्रद्धाञ्जली**

अन्तिम श्रद्धाञ्जलीका लागि प्रकाशको पार्थिव शरीरलाई केहीबेर काठमाडौंको कोटेश्वरस्थित माओवादी केन्द्रको केन्द्रीय कार्यालय पेरिसडाँडाँमा राखिएको थियो ।

माओवादी केन्द्रका अध्यक्ष दाहालले आफ्ना छोरा प्रकाशको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली ब्यक्त गरे भने क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य' किरण', देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल, कार्यालय सदस्य रामसिंह श्रीस, सचिवालय सदस्य दिनेश शर्मा लगायतका नेताहरुले पेरिसडाँडा पुगेर प्रकाशप्रति अन्तिम श्रद्धाञ्जली व्यक्त गरे ।

एमाले कांग्रेसका नेताहरु पनि प्रकाशलाई अन्तिम श्रद्धाञ्जली दिन पेरिसडाँडा पुगेका थिए । प्रकाश दाहालका दुई श्रीमती सिर्जना त्रिपाठी र विना मगर छन् । दुवैतर्फ एक एक छोरा रहेका छन् ।

## मुगाबे ...

सत्तारूढ जानु-पीएफ पार्टीको समर्थनमा आयोजना गरिएको हो ।

जानु-पीएफ पार्टीका अधिकांश क्षेत्रीय इकाई मुगाबेले राजीनामा दिनुपर्ने पक्षमा छन् । द हेराल्ड समाचारपत्रका अनुसार १० वटै प्रदेशमा रहेका पार्टीका संरचनाले उनलाई राजीनामा दिन आग्रह गरेका छन् ।

शुक्रबार साँझ जानु-पीएफका इकाईले मुगाबेले राष्ट्रपति र पार्टीको प्रमुखबाट राजीनामा दिन भनेका हुन् । जिम्बावेको स्वतन्त्रता सेनानीको एउटा संगठनका प्रमुख क्रिश मुत्सभाङा भन्छन्, 'अब फेरि मुगाबेको युगमा फर्कन सकिँदैन त्यही भएर हामीले देशका सबै जनतालाई एक ठाउँमा ल्याइरहेका छौं, स्वतन्त्रता सेनानीहरूको सन्देश के हो भने अब पछाडि फर्कन सकिँदैन, उनले छाड्नैपर्छ ।'

अप्रत्याशित रूपमा कतिपय क्षेत्रीय नेताले सरकारी टेलिभिजनमार्फत मुगाबेको राजीनामा माग गरेका थिए । साथै, उनीहरूले मुगाबे- पत्नी ग्रेसले जानु-पीएफ पार्टी छाड्न र बर्खास्त उपराष्ट्रपतिलाई पार्टी केन्द्रीय समितिमा पुनर्बहाली गर्न माग गरेका छन् । अर्को महिना हुने पार्टीको महाधिवेशनसम्म मुगाबे जानु-पीएफका नेता तथा राष्ट्रपतिका रूपमा रहिरहन चाहेको बताइएको छ । स्वतन्त्रता आन्दोलनदेखि सँगै रहेका मुगाबेप्रति बफादार नेताले पनि उनलाई पद छाड्न भनेका कारण मुगाबे तनावमा परेका छन् । यसअघि मुगाबे सेनाले सत्ता हातमा लिएयता पहिलो पटक शुक्रबार एक सार्वजनिक कार्यक्रममा देखिएका थिए ।


अघिल्लो साता मुगाबेले उपराष्ट्रपति एमर्सन मनाङ्ग्याग्वालाई पदबाट हटाएर श्रीमती ग्रेस मुगाबेलाई जिम्बावेको सत्तामा पुर्‍याउने प्रयास गरेका थिए । सेनाले उनीसँग छलफल भइरहेको जनाउँदै त्यसको नतिजाबारे सर्वसाधारणलाई छिट्टै जानकारी दिने बताएको छ । घरमा नजरबन्दमा राखिएका उनी राजधानी हरारेमा भएको एक विश्वविद्यालयको कार्यक्रममा सहभागी भएका थिए । स्वतन्त्रता सेनानीहरू मुगाबेप्रति बफादार भए पनि उत्तराधिकारीबारेको शक्ति संघर्षबीच बुधबार सेनाले हस्तक्षेप गरेको हो ।

समाचार संस्था रोयटर्सका अनुसार कार्यक्रममा बोले लगत्तै उपस्थित केहीले उनको समर्थनमा हुटिङ गरेका थिए । यसअघि दक्षिण अफ्रिकी दूत र सेना प्रमुखसँगको भएको वार्तामा मुगाबेले राजीनामा दिन अस्वीकार गरेका थिए ।

## थपलियाको ....

छ । उहाँसँगै पक्राउ परेका साहित्यकार बैरागी जेठा तथा अच्युत अधिकारीलाई प्रलेसका महासचिव आरएम डङ्गोलको पहलमा रिहाइ गरेपनि थपलियालाई भने हिरासतमै राखिएको छ ।

यसैबीच, मार्क्सवादी लेखक तथा साहित्यकार डा. ऋषिराज बराल, रोशन जनकपुरीलगायतले पनि थपलियाको रिहाइको माग गरेका छन् । त्यसैगरी सप्तरी-४ क) मा अजिता विश्वकर्माले उम्मेदवारी दिनुभएको छ भने महोत्तरी-३ क) मा ज्ञानमाला महतो उम्मेदवार बन्नुभएको छ । उता सर्लाही-१ को ख) मा रीतादेवी झाले उम्मेदवारी दिनुभएको छ भने सर्लाही-२ को क) मा पवनदेवी यादवको उम्मदेवारी परेको छ ।



कार्तिक १३ देखि कार्तिक १९ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



# बेच्यो काग्रेसले बुढीगण्डकी पनि !

**कार्तिक २७ गते ।** आसन्न निर्वाचनको मुखैमा आएर चीन सरकरको प्रतिनिधि मण्डलले चीनको सीमाना मध्येको एक केरुङ देखि काठमाडौं–पोखरा र मुङलिङ हुदै लुम्मिनीसम्मको रेलमार्ग निर्माण गर्न सम्भव भएको स्थलगत अध्ययन गरेर नेपाल सरकारलाई हिजोमात्रै बुझायो र उक्त प्रतिनिधिमण्डलले भनेको पनि छ, 'तर रेलमार्ग निर्माण गर्न नेपाल सरकारले चासो देखाउँनु जरुरी छ' । यसको मतलव विकास निर्मणमा नेपाल आफैं लाग्नुपर्छ चीन वा अन्य देशहरूले त सहयोग गर्ने मात्रै हो । आम नेपालीले यहानेर के कुरा बुझ्नु जरुरी छ भने नेपालमा कसैले पनि विकास निर्माणका लागि चासो राख्तैन, यदि राखिहाल्यो भने पनि कमिशन नआउँने प्रोजेक्टमा त झन पटक्कै चासो राख्तैन । अव यो रेलमार्गलाई अगामी निर्वाचित सरकारले कसरी हेर्छ ? त्यसलाई भने चासोका साथ हेर्न जरुरी छ । निर्वाचन त अब पक्कै हुने नै भयो, निर्वाचन पछि वाम भनिने गठबन्धन वा प्रजातान्त्रिक गठवन्धन मध्ये एकले सरकार वनाउँने छन् । आजको एक महिनापछि त नतिजा निस्किहाल्छ । यता दक्षिण तर्फको नजर पनि यही मौकाको दरवियानमा देखा परेको छ, वर्षौ देखि लोकगीत जस्तो हुदै गएको रक्सौल–अमलेसँज पेट्रोलिम पाइप लाइन बिछ्याउँन भरत सरकारले हतार गरेको छ । भरतले चीनको नेपाल प्रवेशमा इर्स्या गर्दै आएको रहेछ भन्ने कुरा यसैबाट पनि प्रष्ट भएको छ ।

**कार्तिक २८ गते ।** नेपाल र नेपालीको कर्मै यस्तै । ठूलाठूला आयोजनाहरू निर्माणका लागि निकै हल्ला हुन्छ, अन्तराष्ट्रिय वोल पत्रको पनि आवह्वान हुन्छ तर ६/६ महिनामा परिवर्तन हुने सरकार कुनले ठूलो रकम कुम्याउने हो कुनै पत्तो पाइँदैन । अघिल्लो ६ महिनामा पनि त्यस्तै भयो । १२ सय मेघावाट विद्युत उत्पादन हुने बुढी गण्डकी जलविद्युल आयोजना निर्माण गर्न तत्कालिन प्रचण्ड सरकारले चीनको गेजुवा कम्पनीलाई दियो । त्यतिवेलाको सरकारमा नेपाली काँग्रेसको पनि सहभागिता थियो । अहिले नेपाली काँग्रेससँग प्रचण्ड पार्टी अलग्गिएको छ र सरकारमा कमल थापा मिसिएका छन् । कमल थापा मिसिएपछि त्यो बुढीगण्डकीको सम्झौता गलत सावित भएर रद्द गरिएको छ । यो कस्तो केटाकेटीको खेल जस्तो हो ? नजिकै भएपछि कान्छी श्रीमतीको पेटीकोट वास्ना आउँने, टाडा भएपछि गन्हाउँने ? नेपाललाई जसले गरे पनि विकास चाहिएको होइन र ? दलाल लगाएर पनि अवरोध किन गरिन्छ ?

**कार्तिक २९ गते ।** निर्वाचनलाई मूख्यमुद्दा मानेर निर्वाचन आयोग देखि सुरक्षानिकायसम्मले राष्ट्रिय ढुकुटीलाई फुपुको श्राद्ध मानेर भरमग्दूर खर्च गरिरहेका छन् । उसै त दुई दुईवटा संम्विधानसभाको निर्वाचन गराएको सरकार आर्थिक, नैतिक र सामजिक रुपमा कँगाल भैसकेको छ । त्यसमाथि यस्ता निर्वाचनले अरु कँगाल वनाउँने कुरामा नेपाललाई माया गर्नेहरू चिन्तित देखिन्छन् । सकेसम्म सस्तो र सरल निर्वाचन गराउँनु पर्नेमा स्वयं सरकारी निकाय नै खर्चको प्रवाह गर्दैनन्, आम्दानीको श्रोत खोज्दैनन्, खर्चमात्रै गर्छन् भने यस्तालाई राष्ट्रसेवक कसरी भन्ने र खोई ?

**कार्तिक ३० गते ।** सौताको रिशले लोग्ने कुट्ने परम्परा कायमैरहेको छ । यस मामिलामा सबै भन्दा अगाडी काँग्रेस देखिएको छ । कोशी बेच्यो काँग्रेसले, गण्डकी बेच्यो काँग्रेसले, टनकपुर वेच्यो काँग्रेसले र अहिले बुढी गण्डकी पनि काँग्रेसले नै बेच्यो । २०५२ सालमा अरुण तेश्रोमा विश्वबैंकले लगानी गरिदिने भन्दै झण्डै ७ सय मेघावाटको प्रजेक्ट कमिशन नमिलेको झोकमा काँग्रेस र एमालेको सँयुक्त सरकारले रद्द गरिदिंदा १५ वर्ष भन्दा बढी नेपाली जनताले १८ घण्टा भन्दा माथि लोडसेडिङको मार सहनु पर्‍यो भने यो बुढी गण्डकी चिनीया कम्पनीलाई प्रचण्ड सरकारले बिना प्रतिष्पर्धा दियो भन्दै काँग्रेसका प्रधानमन्त्री शेर बहादुर देउवाले राप्रपाका अध्यक्ष कमल थापको काँधमा बन्धुक तेर्स्याएर अर्को राष्ट्रघात गरेको आरोप जलश्रोत विज्ञहरूले लगाएका छन् । यो आपोप मात्रै होइन सरसर्ती हेर्दा जो कोहीले पनि यसलाई राष्ट्रघात नै भन्ने गरेका छन् । हुन पनि यो बुढी गण्डकीको पानीले भारतको उत्तरप्रदेशलाई प्रसस्त मात्रामा सिंचाइको व्यवस्था, खानेपानीको व्यवस्था तथा अन्य पानीजन्य उद्योग धन्दाहरूलाई फाइदा पुर्‍याउँछ, नेपाल भने अन्य खोलाहरू झैं हेरेको हेर्‍यै । यस्ता कुकर्मीहरूलाई पुनः मतदान गरेर सरकारमा लैजानु नेपाली जनताको हितमा छैन ।

**मासीर १ गते ।** काठमाडौं महानगरपालिका मेयरलाई काठमाडौंका जनताले घोक्रेठ्याक लगाउँनु पर्ने बेला भैसकेको छ । निर्वाचन जित्नेवित्तिकै मोवाइल र मोटर किन्ने सोख पालेका र कार्यभार सम्हाल्ने वित्तिकै पार्टीलाई चन्दा असुल्न लालायित मेयरले हिजो मुखैखोलेर भने 'म काठमाडौंलाई सफा गर्न सक्तिन' । कामै नगरी निराश हुने मेयरलाई काठमाडौं महानगरपालिकाले पालिराख्नुपर्छ भन्ने छैन । महानगरमा सफाई खर्च करोडौं छ र सफाइ कर्मचारी पनि त्यत्तिकै छन् । त्यो रकम खर्च गरेर ती कर्मचारीलाई परिचालन गरेर सफाइ अभियानमा ध्यान दिने हो भने त्यसै सहर सफा हुन्छ तर ती कर्मचारीलाई दिने तलव भत्ता महानगर भित्रका प्रशासनिक कर्मचारीले कमिशन खाएर शोषण गरिरहदा पनि मेयर मुकदर्शक भएर तीनै पुराना कर्मचारीको इशारामा नाचिरहेका छन् । यस्ता नर्तक मेयरको आवश्यकता काठमाडौंका जनतालाई किन चाहियो ?

**मासीर २ गते ।** निर्वाचन आउँन आजबाट ८ दिन र १८ दिन बाँकी रहँदा पैसाको निकै ठूलो खेल भैरहेको जानकारीमा आएको छ । सिन्धुपाल्चोकका एक उमेद्वारले ३५० वटा मोटरवाइक वजाज कम्पनीमा बुकिङ्ग गरिसकेको र रामेछापको चुनाव प्रचारमा स्वघोषित उद्योगपति विनोद चौधरी आफैं पुगेर पैसा बाँडेको पनि खवर आएको छ । नवलपरासीमा उनले करोडौं खर्च गरिसकेका र आफुले भर्खरै प्रवेश गरेको पार्टीलाई पाँच अर्ब दिने कबुल गरिसकेको पनि चौधरी निकट श्रोतले जनाएको छ । उनको लक्ष भनेको एक पटक प्रधानमन्त्री हुने र पूर्व राजाको औंला समाएर मुलुक भारतलाई सुम्पने योजना रहेको पनि सूत्र बताउँछ । यस्ता खतरनाक योजनाकारलाई पार्टीमा भित्र्याएर नेपाली काँग्रेसले वामगठवन्धनलाई चुनौती दिइरहेको कुरा दक्षिणी मार्गदर्शन तर्फ लम्किरहेको वामगठवन्धनलाई जानकारी छ ? वा छैन, उनीहरू स्वयंले बुझ्ने कुरा हो ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-४२७०७०४, ४२७६३८१

तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर

फोन नं. : ०१-५१८७२५६

बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर

काठमाडौं - ९८६६८३३३९९

खलंगा - ९८५१२४९९४८

किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क

कृष्ण सुवेदी - ९८५१०१८९१२

राम के.सी. - ९८५१०५४२६४

होम छन्त्याल - ९८४१९०६५७२

गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ

बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १८-०७३/०७४) वर्ष २ अङ्क २० वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

आलोपालो

# राजनैतिक एजेण्डाको नक्कलीकरण



● श्रीकृष्ण सुलु

साहित्यकार रवीन्द्र नाथ टैगोरका अनुसार शब्द सत्यको गहिराइबाट निस्कनु पर्ने हो तर समाज त्यति सुसंस्कृत र सभ्य भैसकेको छैन । आर्थिक मुक्तिविनाको स्वतन्त्रता पनि नक्कली मात्र हुने भएकोले पनि होला यहाँ धेरै शब्द स्वार्थको पींधबाट निस्किन्छ । कति शब्द जागिरमा गिरेर निस्किन्छ, कति शब्द पैसाको पेलानबाट निस्किन्छ, कति शब्द पदको प्रलोभनबाट निस्किन्छ । त्यसैले त अर्थशास्त्री ग्राहम्सले भने अनुसार राजनितिमा पनि खोटो सिक्काले असल सिक्कालाई विस्थापित गर्छ, गर्दैछ । मानिसलाई सिद्धान्तले होइन जागिर, पद, पैसा, प्रलोभनले बाँधेपछी राजनिती र राजनीतिक एजेण्डा नक्कली हुनुका साथै देश विकास सदियौ पछाडी धकेलिन्छ । सिध्दान्तलाई स्वार्थले प्रतिस्थापन गरेपछी सैध्दान्तिक र वैचारिक राजनीतिको ओज, गरिमा र मूल्य(मान्यता सबै वितुलो भएको छ । राजनैतिक एजेण्डाको नक्कलीकरण र सिध्दान्तहीन एकताले हिजोका आस्थाहरु अनास्थामा फेरिएको छ, प्रेम घृणामा बदलिएको छ, आशा निराशामा परिवर्तन भएको छ । यही राजनीतिक बेइमानीको अन्तर्यवारे यहाँ केही चर्चा गर्न खोजिएको छ ।

राजनैतिक एजेण्डाको नक्कलीकरण

शान्तिवार्तापछि सुरुसुरुमा माओवादीलाई धेरै मत दिनुका धेरै कारणमध्ये एउटा मुख्य कारण एमाले र कांग्रेसको राजनैतिक एजेण्डा नक्कली भयो अब माओवादीको मात्र एजेण्डा सक्कली छ भन्ने थियो । तर बिगत १० वर्षको माओवादी केन्द्रको गतिविधिले माओवादी केन्द्रको एजेण्डा पनि नक्कली सावित भयो । राजनैतिक एजेण्डाको नक्कलिकरण गर्नु र माओवादीको विचार, सिध्दान्तको राजनीतिलाई जागिर, पैसा वा स्वार्थको राजनीतिमा पतन गराउन सक्नु एमाले, कांग्रेस या संसदवादीहरुको ठूलो सफलता हो भने न्यायप्रेमी जनताको लागी अत्यन्त ठूलो दुखद परिघटना हो । अब त एमालेले जिते पनि कांग्रेसले जिते पनि या माओवादी केन्द्रले जिते पनि केहि फरक नहुने भयो भन्ने जनतालाई परी सकेको छ । माओवादी एजेण्डाको यती छिटो नक्कलिकरण होला भनेर कमैले सोचेका थिए । जमिन जोत्नेको, सम्पतिमा हदबन्दि, उत्पीडित जाती र क्षेत्रको पहिचान र अधिकार, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याको हल गरिदिएको भए राजनीतिले अर्कै मोड लिन्थ्यो । तर सबै एजेन्डा भोट बटुल्न र शक्ती पाउन मात्र ल्याएको देखेपछी जनतालाई राजनीतिक एजेण्डाले भन्दा पनि राजनीतिको उही पुरानो आधार जागिर, पैसा, प्रलोभन, स्वार्थले तान्यो । राजनीतिक एजेण्डाको नक्कलिकरण समकालीन नेपाली राजनीतिको सबभन्दा ठूलो विडंबना बन्यो ।

उल्टो कोर्स 'करेक्सन' र उल्टो क्रमभंगता

माओवादी केन्द्रको नेतृत्वले राजनीतिक एजेण्डाको नक्कलीकरणको गलत कोर्स पकडेपछि त्यसको कोर्स करेक्सन भनेको राजनीतिक एजेन्डाको सक्कलिकरण मात्र हुन्थ्यो । तर 'टाउको दुखेकोको औषधी नाइटोमा लाई' भने झैं नवसंशोधनवादीहरुले राजनीतिक एजेन्डाको नक्कलीकरणका 'मसिहा'हरु सामु आत्मसमर्पण गरे । यही राजनीतिक आत्महत्यालाई नवसंशोधनवादीहरुले कोर्स करेक्सन भने । अझ निरन्तरतामा क्रमभंगता समेत भन्ने । क्रमभंगता पनि दुई किसिमको हुन्छ सुल्टो र उल्टो, अग्रगामी र पश्चगामी । यो क्रमभंगता उल्टो वा पश्चगामी क्रमभंगता हो ।

गाडा अगाडि घोडा पछाडिको स्थिति

पार्टी एकताको लागी सबभन्दा पहिला दुई पार्टी को सिध्दान्त मिल्नुपर्ने हुन्छ । किनभने राजनीतिक पार्टी भनेको कुनै न कुनै सिध्दान्त विचार बोकेको वा त्यो विचारवाट मार्ग निर्देशित हुन्छ । तर एमाले-माके एकतामा विचार सिध्दान्तको केही गुन्जायस वा छलफल नै छैन । जबज मान्ने कि नमान्ने वा माओवाद मान्ने कि नमान्ने केही कुरै भएको छैन, कार्यनीति के हो कार्यक्रम के हो केही छलफल नै नगरी सिधै पार्टी एकता गर्ने रे । यो अत्यन्त अराजनितिक र गाडा अगाडी घोडा पछाडीको स्थिति हो । राजनितिमा विचारवाट च्यूत भएपछी यस्तो हुने रहेछ । यो सिध्दान्तहीन एकता हो ।

सिध्दान्तहीन एकताभन्दा सिध्दान्तनिष्ठ फुट या ध्रुवीकरण धेरै राम्रो

अहिले एमाले र माके को तालमेल या एकतामा सिध्दान्तको केही गुन्जायस आएन । जव कि सब भन्दा सुरुमा विचार सिध्दान्तको कुरा मिल्नु पर्ने हो । निहित स्वार्थले मिल्नु कम्युनिष्ट राजनीतिमा लाज मर्दो कुरा हो । यसले क्रान्तिलाई धेरै नोक्सान पुर्याउन्छ । त्यसैले महान गुरु लेनिन भन्नुहुन्छ, सिध्दान्तहीन एकताभन्दा सिध्दान्तनिष्ठ फुट या ध्रुवीकरण धेरै राम्रो ।'

बहुमतको पासा वा प्रचारबाजी

दोश्रो संविधानसभामा राप्रपा ले 'एक भोट दाइलाई एक भोट गाइलाई' को फन्दा(पासा)ले धेरै मत ल्यायो, स्थानीय चुनावमा एमालेले 'राष्ट्रवादी' फन्दाले धेरै सीट जित्यो । तर काम केही गरेन । अहिले नयाँ फन्दा फ्याकेको छ बहुमतको । बहुमत या स्थायी सरकार नभएर मात्र देश विकास नभएको हो, समानाता नभएको हो जस्ता भ्रम फैलाई मत बटुल्ने षड्यन्त्र गरिन्दैछ । विकास र समानताको लागी नयाँ जनवादी क्रान्तीको तयारी गर्नुपर्नेहरु नै पूँजीवादी सत्ताको पहेरेदार हुन खोज्नु अर्को अचम्म हो ।

जस्ता जनता उस्तै नेता

पहिला पहिला मात्र जस्ता राजा उस्तै प्रजा भनिन्थ्यो । अहिले त जथा जनता तथा नेता अर्थात् जस्तो जनता त्यस्तै नेता । त्यसैले जनताले त्यस्तै नेता पाउछन्, जस्तो पाउन योग्य छ भनिन्छ । अब जनताले पनि गलतलाई दण्डित र सहीलाई सहयोग, समर्थन गर्ने बेला आएको छ । जबसम्म जनतामा असललाई भन्दा जित्नेलाई भोट दिने सामन्ती चरित्र रहन्छ, तबसम्म जनविरोधीहरुलाई फाइदा भैरहन्छ । अब जनताले बेथिति होइन, जनवादी क्रान्ति रोज्न ढिलो गर्नुहुन्न ।

## नेपालको सन्दर्भमा ...

००७ सालको क्रान्तिपछिको दश-वर्षे अवधिमा र अनि २०४६ सालको ऐतिहासिक जनआन्दोलनपछिदेखि अहिलेसम्मको अवधिमा मुलुकमा जुन खालको प्रजातन्त्रिक व्यवस्था रह्यो, त्यसअन्तर्गत माथि उल्लेखित मुलुक र जनतासामुका समस्याहरूको उचित समाधान हुननसकेको तथ्य घाम जत्तिकै सफा छ । निरंकुश र प्रजातन्त्रात्मक शासनभन्दा तुलनात्मकरूपले प्रगतिशील भए पनि उक्त व्यवस्थाको एकदमै सीमित चरित्र रहेको तथ्य व्यवहारमा झनझन अधिक मात्रामा स्पष्ट हुँदैछ । निरंकुश शासनअन्तर्गत जनतालाई बोल्ने-लेख्ने, सभा-प्रदर्शन गर्ने, सङ्गठन गर्ने, जस्ता मौलिक जनवादी अधिकारहरूबाट कानुनत : वञ्चित गरिएको हुन्छ भने बहुदलिय प्रजातन्त्र (अर्थात पुँजीवादी) अन्तर्गत संविधानतः उक्त अधिकारहरू जनतालाई दिइएको हुन्छ र तिनको प्रयोगमा कानुनतः कुनै बन्देज रहेको हुँदैन । तर अप्रत्यक्षरूपबाट उक्त खालको जनवादलाई अनेकौं बन्देजहरूद्वारा सीमित पारिएको हुन्छ । उदाहरणार्थ, आम जनतालाई बोल्ने-लेख्ने, प्रचार गर्ने, अधिकार त दिइएको हुन्अ, तर त्यसको प्रयोगको लागि निकै पैसाको खाँचो पर्दछ । त्यस्तै संसदीय उम्मेदवार बनेर निर्वाचन लड्न पनि निकै पैसा चाहिन्छ । जसले गर्दा उक्त अधिकारको प्रयोग आम श्रमिकहरू र गरिब जनताको सामर्थ्यभन्दा बाहिरको रहन्छ । यस तथ्यलाई हामी वर्तमान बहुदलीय जनवादी व्यवस्थाअन्तर्गत गहन रूपमा अनुभव गरिरहेका छौं । वर्तमान संविधानले धर्म, जाति, लिङ्ग, वर्ण, आदिको भेदभावविना सबैलाई केही जनवादी अधिकारहरू दिएको छ, तर आमरूपमा उक्त अधिकारहरूको सिद्धिकरणका शर्तहरू निकै कठित छन्, तिनको कार्यन्वयनको क्षेत्र अधिक साँगुरो रहेको छ । संविधानद्वारा अधिकारहरू त दिइएको छ, तर वर्तमान सामाजिक-आर्थिक संरचनाअन्तर्गत आम जनताको बढ्दो गरिबीकरणले गर्दा, आमरूपमा ती अधिकारहरूको प्रयोग अल्पसंख्यक सम्पतिवान्हरूको र एकाध थैलिशाहहरूका पार्टीहरूको विशेषाधिकारमा परिणत हुँदोछ । त्यसैले धनाढ्यहरूको प्रजातन्त्र, डलर प्रजातन्त्रको रूपमा विधामान बहुदलीय जनवादी व्यवस्थाको वास्तविक स्वरूप अधिकाधिक मात्रामा स्पष्ट हुँदोछ ।

पुँजीवादी संसदीय व्यवस्थाको अस्तित्वको छोटो अवधिमा नै हामीले त्यसको चरित्रमा अन्तर्निहित विशिष्टताहरूलाई छर्लङ्गरूपमा देख्न पाएका छौ । त्यसअन्तर्गत राजनीतिक भ्रष्टाचार लगायत आम भ्रष्टाचारले जसरी नाङ्गोरूपमा आफ्नो नाचको प्रदर्शन गर्दैछ, त्यसले कुन तथ्यलाई स्पष्ट पारेको छ भने भ्रष्टाचार यस व्यवस्थामा निहित एउटा चारित्रिक लक्षण र त्यसको एउटा आधारशीला हो, किनभने मानिसलाई, समाजलाई भ्रष्ट बनाएर मात्र त्यसले आफ्नो अस्तित्वलाई कायम राख्न सक्छ । जायज माग र न्यायको पक्षमा लड्न जनसमुदायको दमनमा हामीले उक्त प्रजातन्त्रको कोखबाट फासिष्टवाद जन्मने गरेको कुरालाई देखेका छौ । किनभने फासिष्टवाद पुँजीवादी-जनवादको गर्भबाट पैदा हुने त्यसको सन्तान हो । पाखण्डीपन(ज्थउयअचष्क)पुँजीवादी-जनवादको एउटा चारित्रिक विशेषता हो । मुखले गरिबी निवारणको कुरा गर्ने, तर आम गरिबीकरणको प्रक्रियालाई तीव्रतर पार्ने नीतिको अवलम्बन गर्ने, मुखले राष्ट्रहित र राष्ट्रवादको कुरा गर्ने, तर व्यवहारमा भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको हितमा राष्ट्रघाती कामहरू गर्ने, निर्वाचनको बेला जनतालाई ठूला आश्वासनहरू दिने तर जितेर सत्तामा पुगेपछि आफ्नो संकीर्ण व्यक्तिगत तथा गुटगत स्वार्थपूर्तिमा निर्लज्जरूपमा लाग्ने, भाषणमा इमान्दारी र नैतिकताको शिक्षा दिने तर आफूले घोर अनैतिक, नीच, पातकी तथा बेइमानीपूर्ण कामहरू गर्ने यस्ता कुराहरू विद्यमान बहुदलीय जनवादअन्तगर्त प्रचुर मात्रामा हामीले देखिरहेका छौ, र ती सब पाखण्डीपनका निकृष्ट नमुनाहरू हुन् । वर्तमान राजनीतिक व्यवस्थाको मूल मन्त्र 'छलफल र पैसाको उपयोग गरेर सत्तामा पुग र सत्ताको पूरा उपयोग गरी धन कमाउ' को नीति रहेको छ, र त्यसले यहाँ आफुलाई पुरारूपमा क्रियाशील पारिरहेको छ । यस्ता सारा पाखण्डीपन, भ्रष्टाचार, अनैतिकता, राजनीतिको अपराधीकरण, आदि जुन पुँजीवादी-जनवादका चारित्रिक विशेषता हुन्, यी सबैले पुँजीवादी संसदीय निर्वाचनअन्तर्गत सत्तामा पुगेका नेपाली कांग्रेस, एमाले समूह र राप्रपाका नेताहरूमार्फत् आफूलाई नाङ्गोरूपमा जनसमक्ष प्रस्तुत गरिरहेका छन् ।

नेपालमा यस्तो परिस्तितिको विकास हुँदैछ, जसमा पुँजीवादी संसदीय व्यवस्थामा अन्तर्निहित खराबीहरू एकदम नाङ्गोरूपमा अभिव्यक्त हुदैछन्, जसमा राष्ट्रिय पार्टी भनाउँदा कांग्रेस, एमाले र राप्रपाका नेताहरू आफ्नो व्यक्तिगत तथा गुटगत स्वार्थ सिद्ध गर्नका लागि राजनीतिक भ्रष्टाचार, कमिशनखोरी, राष्ट्रिय सम्पदाको लूट, आदि खुल्लारूपमा लागिरहेका छन् जसमा सबैतिर अराजकता, मनमानी, अस्तव्यस्तता, आदि चलिरहेका छन्, जसमा आम जनता गरिबीकरणको प्रक्रियालाई तीव्ररूपमा बढाएर जन जीवनलाई एकदमै तवाह पारिदै छ जसमा सम्पूर्ण सामाजिक जीवनलाई भ्रष्ट र कलुसित बनाउँदैछ । जसमा मुलुक र जनताका हितहरूलाई तिलाञ्जली दिइएर अमेरिकी साम्राज्यवादी भारतीय विस्तारवादी र देशीय प्रतिक्रीयावादीहरूका हितहरूलाई अघि बढाएर मुलुकलाई भयानक संकट र वर्वादीको गहिरो खाल्डोमा धकेलिदै छ । मुलुकमा अहिले बहुदलीय जनवाद अन्तर्गत जुन किसिमको परिस्थितिको विकास हुँदैछ । त्यसैले हाम्रो मुलुकको सन्दर्भमा पनि कुनै इतिहासिद्ध सत्यलाई खुलस्त पार्दैछन् भने कुनै मजदुरवर्गको नेतृत्वमा जनताको जनवादी क्रान्तिको विजयले मात्र आम श्रमजीवी जनतालाइ उत्पीडनबाट मुक्ति प्राप्ती र मानव योग्य जीवनयापनको स्थिति प्रधान गर्नसक्छ । उपयुक्त सारा अराजकता, भ्रष्टाचार, स्वेच्छाचारिता, राष्ट्रिय सम्पदाको वर्वादी आदिलाई खतम पारी मुलुकलाई पराधीनता र विनाशको स्थितिबाट जोगाउन सक्छ । साम्राज्यवादी विस्तारवादी र देशीय प्रतिक्रियावादीहरूको षड्यन्त्र र चालवाजीलाई विफल पार्न सक्छ र मुलुकलाई वास्तविक आधुनिकीकरण, औद्योगिकीकरण तथा प्रगतिको दिशामा बढाउन सक्छ । परिस्थितिको विकासले झनझन जोडदार रूपमा जनतालाई उक्त सत्यका वोध गराउँदैछ र स्थितिले गराएको यसबोधको अर्थमा हामी के भन्न सक्दछौं भने वर्तमानले जनताको जनवादी क्रान्तिको पक्षमा काम गर्दैछ ।

नेपाली कम्युनिष्ट आन्दोलनमा मार्क्सवाद र दक्षिणपंथी संशोधनवादमाझको संघर्षको एउटा प्रमुख मुद्दा जनताको जनवाद बनाम पूँजीवादी जनवाद रहेको छ । माथि बताइएझै आधारभूत रूपमा नौलो जनवादी दिशालाई अपनाएर संस्थापित भएको नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय नेतृत्व अवसरवादी तथा राजावादी मनोमोहन-रायमाझी डफ्फाद्वारा हत्याएपछि पार्टीलाई जनताको जनवादी बाटोबाट हटाएर पुँजीवादी सुधारवादी बाटोतर्फ डोऱ्याउँन थालियो । त्यसबेलादेखि मार्क्सवाद र दक्षिणपंथी अवसरवादको माझमा कुनै न कुनै रूपबाट निरन्तर रूपले संघर्ष चल्दै आएको छ र उक्त संघर्षमा विवादको एउटा प्रमुख विषय जनताको जनावदी बाटोको अनुशरण गर्ने कि पुँजीवादी संसदीय बाटोको अनुशरण गर्ने भन्ने रहेको छ ।

मनमोहन- रायमाझी डफ्फाबाट कम्युनिष्ट पार्टीको नेतृत्व हत्याएदेखिन् देखा परेको दक्षिणपंथी विचलनवादी प्रवृत्तिहरूले विभिन्न समूहहरूमार्फत आफूलाई अभिव्यक्त गर्दै हाल यता आएर एक निश्चित पूर्ण विकसित पुँजीवादी संशोधनवादी धारको रूप लिइएका छन् । पुँजीवादी प्रजातन्त्र संवैधानिक राजतन्त्र, पुँजीवादी संसादवादप्रति समर्थन र सर्वहारा नेतृत्व जनवादी अधिनायकतन्त्र क्रान्तिकारी संघर्षको बाटो आदि परित्यागतमा व्यक्तिएको एमालेपंथी संशोधनवादी धाराले पूँजीवादी संसदीय बाटोबाट र सुधारवादी ढंगबाट आमूल परिवर्तन हुनसक्ने र पुँजीवादी-प्रजातन्त्रअन्तर्गत मुलुक र जनताका समस्याहरू हल हुनसक्ने धारणाको खुल्ला वकालत गरिएको छ । उक्त संशोधनवादका मुख्य विशेषताहरूलाई निम्न रूपमा देखाउन सकिन्छ ।

१. राज्यसत्ता कब्जासम्बन्धी मार्क्स, लेनिन र माओत्सेतुङ्गका आधारभूत शिक्षाहरूको अस्वीकृति जसको परिणाम स्वरूप विद्यमान प्रतिक्रियावादी राज्ययन्त्रसित सम्झौता गर्ने नीतिको अनुशरण गरिएको छ ।

२. क्रान्तिकारी वर्गसंघर्षको बाटोको परित्याग र 'प्रजातान्त्रिक पद्धति र शान्तिपूर्ण तरिका'को झण्डाअन्तर्गत पुरै सुधारवादीबाटोको अवलम्वन । ढाँचामूलक सुधारको ९कतचगअतगचर्बा च्भायचक० सिद्धान्तप्रति समर्थन ।

३. क्रान्तिमा सर्वहारा नेतृत्व र जनवादी अधिनायतन्त्रलाई नमान्नु, जसको परिणाम स्वरूप वहुदलीय प्रतिस्पर्धा, वहुदलीयता, वहुदलीय समाज, प्रजातान्त्रिक प्रतिस्पधा, आदि पूँजीवादी अवधारणाहरूको वकालत गरिएको छ ।

४. मार्क्सवादको गतिशील स्वरूप तथा सिर्जनात्मक प्रयोगको नाराअन्तर्गत त्यसका क्रान्तिकारी शिक्षाहरूको परित्याग, जसको फलस्वरूप क्रमिक विकास, चरणवद्ध विकासको सिद्धान्तलाई समर्थन गरिएको छ ।

मार्क्सवाद, समाजवाद तथा साम्यवाद र सर्वहारा क्रान्तिकारी आन्दोलनको विरुको संघर्षमा अमेरिकी साम्राज्यवाद र तिनका पिछलग्गुहरूले आफ्नो राजनीतिक अस्त्रको रूपमा उठाएर आएको झण्डा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको झण्डा हो । त्यस्तै हाम्रो मुलुकमा उदारपुँजीवादी शक्तिहरूले कम्युनिष्ट शक्ति कम्यनिज्म र नौलो जनवादी क्रान्तिको विरुद्ध उठाएर आएको झण्डा उही बहुदलीय प्रजातन्त्रको झण्डा हो । मार्क्सवादी-लेनिनवादी सिद्धान्त र जनक्रान्तिप्रति विश्वासघात गरेका एमालेपंथी नेताहरूले अहिले उठाइरहेको राजनीतिक अस्त्र त्यही बहुदलीय प्रजातन्त्र (जनवाद) को झण्डा हो । अहिले हामीले कुन कुरा देखिरहेका छौं भने मुलुकका क्रान्तिविरोधी शक्तिहरू नेपाली कांग्रेस, एमाले समूह, राप्रपा सबै वहुदलीय जनवाद अर्थात् पुँजीवादी जनवादको झण्डा मुनी एकतृत भइरहेका छन् । व्यापक विभाजनको दृष्टिबाट हेर्ने हो भने मुलुकका कम्युनिष्ट शक्तिहरू दुई ठूला विभाजनमा विभक्त रहेका छन् । एउटा विभाजन जनताको जनवादको (अर्थात् नौलो जनवादको) झण्डा मुनी रहेको छ भने अर्को विभाजन बहुदलीय जनवादको (अर्थात् पूँजीवादी जनवादको) झण्डा मुनी रहेको छ ।

उपर्युक्त तथ्यहरूबाट कुन कुरा विलकुल स्पष्ट रहन्छ भने जनताको जनवादी आन्दोलनमा सर्वहारावर्गको नेतृत्व स्थापना गर्नु र त्यसलाई सुदृढ पार्नका लागि र विभिन्न वर्ग तथा जनसमुदायहरूका संघर्षहरूलाई जनताको जनवादी क्रान्तिको दिशातर्फ निर्देशित गर्नका लागि नेपाली कांग्रेस-एमाले समुह आदिद्वारा पुरानो जनवादी बाटो अर्थात् पुँजीवादी संसदीय बाटोको विरुद्ध दृढ रूपमा संघर्ष चलाउनु र सो बाटोबाट मुलुक उपनिवेशमा, पराधीन स्थितिमा फेरिने वास्तविकतालाई राम्ररी देखाउन आवश्यक छ । त्यसका साथै मुलुकलाई पुनरुत्थानवादी शक्तिहरूले निरंकुश राजतन्त्रात्मक शासनको बाटोमा लैजाने षड्यन्त्र तथा प्रयत्न गर्दैछन् त्यसको विरुद्ध पनि दृढ रूपमा संघर्ष चलाउनु पर्छ ।

एक स्वाधीन समृद्ध शक्तिशाली तथा आधुनिक नेपालको निर्माणका लागि नेपाली जनताले लिनु पर्ने र लिनसक्ने एकमात्र सहिबाटो जनताको जनवादमार्फत् समाजवादको बाटो हो । यसबाटोतर्फ लाग्नका लागि सबभन्दा निर्णायक र सबभन्दा अपरिहार्य कुरा क्रान्तिमा सर्वहारावर्गको (सच्चा कम्युनिष्ट पार्टीमार्फत्) नेतृत्व हो, जहाँसम्म क्रान्तिमा सर्वहारा नेतृत्वलाई स्थापित गर्ने र सुदृढ पार्ने सवाल छ त्यो एक दमै कठीन र जटिलसंघर्षको सवाल हो । एकातिर जनताको जनवादी बाटो र अर्कोतिर पूँजीवादी संसदीयबाटो तथा निरंकुशतावादी बाटो माझको संघर्षको सवाल हो यो । मार्क्सवाद र संशोधनवाद माझको संघर्षको सवाल हो । नेपाली सर्वहारा वर्ग र त्यसको पार्टीले मजदुरवर्ग किसान वर्ग, शहरी निम्न पुँजीपति वर्ग र राष्ट्रिय पूँजीपति वर्गलाई जनताको जनवादी बाटोको पक्षपमा तान्न सक्नु पर्दछ र तिनलाई क्रान्तिमा पुनः विजयसम्म अघि बढाउन सक्नुपर्छ । यसरी मात्र क्रान्तिमा सर्वहारा नेतृत्वलाई स्थापित र सुदृढ गर्न सकिन्छ ।

## 'हामीले खोजेको ...

हित नहुने दावी गर्दै अध्यक्ष गजुरेलले नयाँ जनवादी क्रान्तिको आधार निर्माण गर्नकै लागि आफूहरुले निर्वाचनको उपयोग गरेकोले जनसमुदायलाई देजमोका उम्मदेवारहरुको पक्षमा मतदान गर्न अपील गर्नुभयो ।

उक्त चुनावी सभामा देजमोका कार्यालय सदस्य कमल चौधरी, सिरहाको देजमोका उम्मेदवार जितेन्द्र सिंह, मोर्चाका केन्द्रीय कार्यालय सचिव हरिकृष्ण गजुरेल, मोहन तामाङलगायतले बोल्नुभएको थियो भने कार्यक्रमको संचालन क्रान्तिकारी माओवादीका जिल्ला संयोजकसमेत रहनुभएका सुरेन्द्र साहले गर्नुभएको थियो । धानुक मण्डलले अध्यक्षता गरेको सभालाई संजय सिंहले स्वातग गर्नुभएको थियो ।

यता बुधबार सर्लाहीको २ नं. निर्वाचन क्षेत्रको बसतपुरमा आयोजित सभालाई पनि मोर्चाका अध्यक्ष गजुरेलले सम्बोधन गर्नुभएको छ । सभालाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "देशलाई स्वतन्त्र बनाउनुपर्छ, उत्पीडितहरुलाई अधिकार सम्पन्न गराउनु पर्छ भनेर हामी लडिरहेका छौं ।

०५२ सालमा जनयुद्ध सुरु गरेर १३ हजारभन्दा बढीको रगत त्यसैका लागि बगेको थियो । तर संसदीय व्यवस्थाका विरुद्ध हतियार उठाएका प्रचण्ड-बाबुरामहरु त्यही संसदीय व्यिवस्थालाई मजबुत बनाउन लागिपरिरहेका छन् । हामी अहिले पनि संसदीय व्यवस्था बदल्नका लागि आन्दोलनलाई निरन्तरता दिन चाहन्छौं ।'

जनयुद्ध लोकतान्त्रिक गणतन्त्रको लागि नभएर जनताको गणतन्त्र, जनगणतन्त्रका लागि लडिएको स्मरण गर्दै अध्यक्ष गजुरेलले जनगणतान्त्रिक व्यवस्थाले मात्र किसान, मजदुर, उत्पीडित, दलित, महिला मुस्लिमहरुको अधिकारको सुनिश्चित गर्ने दावी गर्नुभयो ।

उक्त सभामा नेकपा (क्रान्तिकारी माओवादी)का नेता कृष्णदेवसिंह दनुवार, कमल चौधरी, मोर्चाका कार्यालय सचिव हरिकृष्ण गजुरेल र उक्त निर्वाचन क्षेत्रका प्रतिनिधिसभाका उम्मेदवार धर्मराज दाहालले मन्तव्य राख्नुभएको थियो ।

देजमोका जिल्ला नेता सुरेश शाहले अध्यक्षता गरेको सभाको संचालन संजय यादवले गर्नुभएको थियो भने क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी बलराम न्यौपानेले स्वागत गर्नुभएको थियो ।

सभामा देजमो जिल्ला सयोजक ठकन महतो लगायत समानुपातिक तर्फका प्रतिनिधसभा र प्रतिनिधिसभाका उम्मदेवारहरुको पनि उपस्थिति रहेको कार्यक्रममा उपस्थित मोर्चा कार्यालय सचिव गजुरेलले बताउनु भयो ।




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।